वर्ष १, अङ्क ४

# महान्यायाधिवक्ताको कार्यालयको

# बुलेटिन

२०६८, कार्तिक/मार्ग

प्रकाशक
महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं

**संरक्षक**

महान्यायाधिवक्ता

श्री मुक्तिनारायण प्रधान

**सल्लाहकारहरू**

नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला

नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्की

नायब महान्यायाधिक्ता श्री राजनारायण पाठक

**सम्पादन समिति**

| | | |
|---|---|---|
| नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला | – | संयोजक |
| उपन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी | – | सदस्य |
| शाखा अधिकृत श्री सोमकान्त भण्डारी | – | सदस्य सचिव |

**लेआउट/कभर**

महेश्वर फुयाल

**कम्प्युटर/डिजाइन**

सहायक कम्प्युटर अपरेटर श्री पदम भण्डारी

# विषय सूची


| शीर्षक | | पेज नं. |
|---|---|---|
| १. | महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यको विवरण | ४ |
| २. | पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण | ५ |
| ३. | जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण | ६ |
| ४. | महान्यायाधिवक्ताको कार्यालयको गतिविधि तथा निर्णयहरू | ९ |
| ५. | महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको विशेष निर्देशन, २०६८ | १३ |
| ६. | फौजदारी कानून सम्बन्धी विधेयकहरूको सम्बन्धमा आयोजित अन्तरक्रियात्मक कार्यक्रम, २०६८ | १९ |
| ७. | पुनरावेदनपत्रको मस्यौदा | ३९ |
| ८. | दोहोऱ्याइ पाउँको निवेदनको मस्यौदा | ४४ |
| ९. | अभियोगपत्रको मस्यौदा | ४८ |
| १०. | नेपालमा अपराध अनुसन्धान, सोमा निर्देशन र अभियुक्तको बयान तथा अभियोजनमा सरकारी वकीलको भूमिका -प्रा. डा. रजितभक्त प्रधानाङ्ग | ५८ |

## १. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यको विवरण, २०६८ कार्तिक/मार्ग

| सि.नं. | पद | सरकारी वकीलको नाम | बहस पैरवी संख्या | |
|---|---|---|---|---|
| | | | कार्तिक | मार्ग |
| १. | महान्यायाधिवक्ता | श्री मुक्तिनारायण प्रधान | १ | २ |
| २. | नायब महान्यायाधिवक्ता | श्री पुष्पराज कोइराला | ३४ | ६० |
| ३. | नायब महान्यायाधिवक्ता | श्री सूर्यप्रसाद कोइराला | ६७ | १४३ |
| ४. | नायब महान्यायाधिवक्ता | श्री प्रेमराज कार्की | २४ | ४ |
| ५. | नायब महान्यायाधिवक्ता | श्री राजनारायण पाठक | १२५ | १५३ |
| ६. | सहन्यायाधिवक्ता | श्री युवराज सुवेदी | ३७ | ६४ |
| ७. | सहन्यायाधिवक्ता | श्री सरोजप्रसाद गौतम | | ४३ |
| ८. | सहन्यायाधिवक्ता | श्री ठोकप्रसाद शिवाकोटी | ७७ | १०४ |
| ९. | सहन्यायाधिवक्ता | श्री महेशकुमार थापा | १८५ | १४५ |
| १०. | सहन्यायाधिवक्ता | श्री किरण पौडेल | ४५ | ५२ |
| ११. | सहन्यायाधिवक्ता | श्री समीर सिलवाल | ३० | ३ |
| १२. | सहन्यायाधिवक्ता | श्री महेश शर्मा पौडेल | ११ | १८७ |
| १३. | सहन्यायाधिवक्ता | श्री कृष्णजीवी घिमिरे | १२६ | १०४ |
| १४. | सहन्यायाधिवक्ता | श्री कृष्णप्रसाद पौडेल | २२४ | २३७ |
| १५. | उपन्यायाधिवक्ता | श्री योगराज बराल | १५२ | १०२ |
| १६. | उपन्यायाधिवक्ता | श्री धर्मराज पौडेल | ४९ | ६८ |
| १७. | उपन्यायाधिवक्ता | डा. टेकबहादुर घिमिरे | २६ | ६४ |
| १८. | उपन्यायाधिवक्ता | श्री तेजनारायण पौडेल | २१ | ३६ |
| १९. | उपन्यायाधिवक्ता | श्री रमेश शर्मा पौडेल | ७८ | १३१ |
| २०. | उपन्यायाधिवक्ता | श्री रेवतीराज त्रिपाठी | १२९ | ११८ |
| २१. | उपन्यायाधिवक्ता | श्री खेमराज ज्ञवाली | ३७ | ४२ |
| २२. | उपन्यायाधिवक्ता | श्री मदनबहादुर धामी | १ | १ |
| २३. | उपन्यायाधिवक्ता | श्री शंकरबहादुर राई | १४८ | १३९ |
| २४. | उपन्यायाधिवक्ता | श्री उद्धवप्रसाद पुडासैनी | ३६ | ६६ |

नोट : एउटा मुद्दामा एक भन्दा बढी सरकारी वकील खटिएकोमा खटिएका सरकारी वकीलले बहस पैरवी गरेको मानी बहस पैरवी संख्या उल्लेख गरिएको ।

# २. पुनरावेदन सरकारी वकिल कार्यालयहरूबाट सम्पादित कार्यको विवरण, २०६८ कार्तिक

| सिं नं. | कार्यालयको नाम | मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण | | | | | | | | पेशी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फछ्र्यौट | | | | | जम्मा | बाँकी | पेशीमा चढेको मुद्दा संख्या | बहस पैरवी गरेको संख्या | सरकारी वकीलबाट स्थगित संख्या |
| | | | कसूर वा दावी कायम | कसूरमा सफाई वा दावी खारेज | मुल्तवी /तामेली | मुद्दा फिर्ता | मिलापत्र | | | | | |
| १ | पु.स.व.का. इलाम | १०१ | ८ | ७ | ० | ० | ० | १५ | ८६ | १८१ | ८७ | १८ |
| २ | पु.स.व.का. विराटनगर | ८७२ | ५९ | ९२ | ० | ० | ० | १५१ | ७२१ | | | |
| ३ | पु.स.व.का. धनकुटा | ७८ | ९ | ८ | ० | ० | ० | १७ | ६१ | ११३ | ७९ | ३४ |
| ४ | पु.स.व.का. राजविराज | ४०७ | ४८ | ४७ | ७ | ० | ० | १०२ | ३०५ | | | |
| ५ | पु.स.व.का. जनकपुर | ४२८ | ५६ | २० | ० | ० | ० | ७६ | ३५२ | | | |
| ६ | पु.स.व.का. हेटौंडा | १११ | ० | ० | ० | ० | ० | ० | १११ | | | |
| ७ | पु.स.व.का. पाटन | | | | | | | ० | ० | | | |
| ८ | पु.स.व.का. पोखरा | ४०८ | ५५ | ३१ | ० | ० | ० | ८६ | ३२२ | ३०७ | २६३ | ३३ |
| ९ | पु.स.व.का. बाग्लुङ | | | | | | ० | ० | ० | | | |
| १० | पु.स.व.का. बुटवल | १९९ | २० | ६ | ० | ० | ० | २६ | १७३ | | | |
| ११ | पु.स.व.का. तुल्सिपुर | २५३ | ३९ | १३ | ० | ० | ० | ५२ | २०१ | | | |
| १२ | पु.स.व.का. सुर्खेत | १६१ | २३ | ४८ | ० | ० | ० | ७१ | ९० | | | |
| १३ | पु.स.व.का. नेपालगंज | २२६ | ३६ | ११ | १ | ० | ० | ४८ | १७८ | | | |
| १४ | पु.स.व.का. जुम्ला | २७ | २ | १ | ० | | ० | ३ | २४ | १५ | १२ | ३ |
| १५ | पु.स.व.का. दिपायल | १०४ | १८ | ० | ० | ० | ० | १८ | ८६ | | | |
| १६ | पु.स.व.का. महेन्द्रनगर | | | | | | | ० | ० | | | |
| | जम्मा | ३३७५ | ३७३ | २८४ | ८ | ० | ० | ६६५ | २७१० | ६१६ | ४४१ | ८८ |

नोट : सम्बन्धित कार्यालयहरूबाट तथ्यांक प्राप्त नभएको हुँदा खाली राखिएको छ ।

## ३. जिल्ला सरकारी वकील कार्यालयहरुबाट सम्पादित कार्यको विवरण, २०६८ कार्तिक

| सि.नं | कार्यालयको नाम | मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण | | | | | | | | पेशी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फछ्र्यौट | | | | | जम्मा | बाँकी | पेशीमा चढेको मुद्दा संख्या | बहस पैरवी गरेको संख्या | सरकारी वकील बाट स्थगित पेशी संख्या |
| | | | कसूर वा दावी कायम | कसूरमा सफाई वा दावी खारेज | मुल्तवी/ तामेली | मुद्दा फिर्ता | मिलापत्र | | | | | |
| १ | ताप्लेजुङ | ८१ | ६ | ० | ० | ० | ० | ६ | ७५ | ६१ | १५ | ११ |
| २ | पाँचथर | ७५ | ५ | ० | ० | ० | ० | ५ | ७० | ४१ | ३४ | ७ |
| ३ | इलाम | १३४ | ३९ | १ | ४ | ० | ० | ४४ | ९० | ८१ | ७४ | ७ |
| ४ | झापा | ४७५ | १४ | ० | ० | ० | ० | १४ | ४६१ | २४९ | २२९ | ७ |
| ५ | तेह्रथुम | ७९ | ५५ | ३ | १ | ० | ० | ५९ | २० | ११ | १३ | १ |
| ६ | संखुवासभा | ५६ | ७ | १ | ० | ० | ० | ८ | ४८ | ८६ | ४५ | ९ |
| ७ | भोजपुर | ४८ | ३ | ० | ० | ० | ० | ३ | ४५ | ५३ | २० | ० |
| ८ | धनकुटा | ५३ | ६ | ० | ० | ० | ० | ६ | ४७ | ५२ | ३७ | १५ |
| ९ | मोरङ्ग | | | | ० | ० | ० | ० | ० | | | |
| १० | सुनसरी | | | | | | | ० | ० | | | |
| ११ | सोलुखुम्बु | २३ | ० | ० | ० | ० | ० | ० | २३ | | | |
| १२ | ओखलढुङ्गा | ४७ | ८ | ३ | ३ | ० | ० | १४ | ३३ | | | |
| १३ | खोटाङ | ४४ | ० | ० | ० | ० | ० | ० | ४४ | | | |
| १४ | उदयपुर | १२९ | ९ | १ | ० | ० | ० | १० | ११९ | | | |
| १५ | सप्तरी | ५१४ | ० | ० | ० | ० | ० | ० | ५१४ | | | |
| १६ | सिराहा | ७२० | १६ | २ | ० | ० | ० | १८ | ७०२ | | | |
| १७ | रामेछाप | ४२ | १ | १ | ० | ० | ० | २ | ४० | | | |
| १८ | सिन्धुली | ७८ | १३ | ० | ० | ० | ० | १३ | ६५ | | | |
| १९ | धनुषा | | | | | | | ० | ० | | | |
| २० | महोत्तरी | | | | | | ० | ० | ० | | | |
| २१ | सर्लाही | | | | | | | ० | ० | | | |
| २२ | रौतहट | ४२७ | २३ | १८ | ० | ० | ० | ४१ | ३८६ | | | |
| २३ | बारा | २२९ | १० | ४ | १ | ० | ० | १५ | २१४ | | | |
| २४ | पर्सा | ५१२ | ६० | १३ | ० | ० | ० | ७३ | ४३९ | | | |
| २५ | मकवानपुर | ३३० | ० | ० | ० | ० | ० | ० | ३३० | | | |
| २६ | चितवन | ४१० | ५ | ११ | ० | ० | ० | १६ | ३९४ | | | |
| २७ | दोलखा | ९३ | २२ | ० | १ | ० | ० | २३ | ७० | | | |
| २८ | सिन्धुपाल्चोक | १०८ | १ | ० | ० | ० | ० | १ | १०७ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९ | काभ्रेपलाञ्चोक | २०५ | ० | ० | ० | ० | ० | ० | २०५ | | | |
| ३० | भक्तपुर | २५३ | ९ | ३ | ० | ० | ० | १२ | २४१ | | | |
| ३१ | ललितपुर | | | | | | | ० | ० | | | |
| ३२ | काठमााडौं | ३८१५ | ३१८ | १७३ | ३ | ० | ० | ४९४ | ३३२१ | ७७७ | ६९१ | २६ |
| ३३ | नुवाकोट | १४१ | ४ | १ | ० | ० | ० | ५ | १३६ | | | |
| ३४ | रसुवा | ३५ | ९ | १ | ० | ० | ० | १० | २५ | | | |
| ३५ | धादिङ | २४५ | १ | ० | ० | ० | ० | १ | २४४ | | | |
| ३६ | गोर्खा | ११५ | १४ | १ | ० | ० | ० | १५ | १०० | ८० | ८० | ० |
| ३७ | तनहुँ | १७८ | ४६ | ८ | १ | ० | ० | ५५ | १२३ | १७२ | ५५ | ९ |
| ३८ | लमजुङ | ३५ | ७ | ० | ० | ० | ० | ७ | २८ | | | |
| ३९ | मनाङ | ३ | १ | ० | ० | ० | ० | १ | २ | १ | ० | ० |
| ४० | कास्की | ७४६ | १६० | २८ | ३० | ० | ० | २१८ | ५२८ | २८५ | २८२ | ३ |
| ४१ | स्याङजा | ८७ | १९ | ३ | ० | ० | ० | २२ | ६५ | १०५ | १०५ | ० |
| ४२ | मुस्ताङ | ५ | १ | ० | ० | ० | ० | १ | ४ | | | |
| ४३ | म्याग्दी | ४६ | ० | ० | ० | ० | ० | ० | ४६ | ६८ | ६५ | ३ |
| ४४ | वाग्लुङ | १५२ | ६ | ० | ० | ० | ० | ६ | १४६ | | | |
| ४५ | पर्वत | ५३ | ० | ० | ० | ० | ० | ० | ५३ | | | |
| ४६ | पाल्पा | ६५ | १० | ० | ० | ० | ० | १० | ५५ | | | |
| ४७ | गुल्मी | ५६ | ७ | ० | ० | ० | ० | ७ | ४९ | | | |
| ४८ | अर्घाखाँची | २५ | ३ | १ | ० | ० | ० | ४ | २१ | | | |
| ४९ | नवलपरासी | २२७ | १६ | ० | ० | ० | ० | १६ | २११ | | | |
| ५० | रुपन्देही | ५६६ | ० | ० | ० | ० | ० | ० | ५६६ | | | |
| ५१ | कपिलवस्तु | २९६ | १० | १ | ० | ० | ० | ११ | २८५ | १६६ | २६० | २ |
| ५२ | दाङ | ४४८ | ८३ | २४ | ० | ० | ० | १०७ | ३४१ | | | |
| ५३ | सल्यान | ३५ | ३ | २ | ० | ० | ० | ५ | ३० | | | |
| ५४ | प्युठान | ३० | ० | ० | ० | ० | ० | ० | ३० | | | |
| ५५ | रुकुम | ४८ | २ | १ | ० | ० | ० | ३ | ४५ | | | |
| ५६ | रोल्पा | ३४ | ६ | ० | ० | ० | ० | ६ | २८ | | | |
| ५७ | सुर्खेत | | | | | | | ० | ० | | | |
| ५८ | दैलेख | ४२ | २ | २ | ० | ० | ० | ४ | ३८ | | | |
| ५९ | जाजरकोट | ३८ | ० | ० | ० | ० | ० | ० | ३८ | | | |
| ६० | बाँके | ९५७ | १ | १ | ० | ० | ० | २ | ९५५ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६१ | बर्दिया | १६६ | २९ | ६ | ० | ० | ० | ३५ | १३१ | | | |
| ६२ | डोल्पा | १९ | ३ | ० | ० | ० | ० | ३ | १६ | ७ | ८ | ० |
| ६३ | जुम्ला | ९ | ० | २ | ० | ० | ० | २ | ७ | ६ | ५ | ० |
| ६४ | मुगु | १२ | १ | ० | ० | ० | ० | १ | ११ | २ | ४ | ० |
| ६५ | हुम्ला | १८ | ० | ० | ० | ० | ० | ० | १८ | ० | ० | ० |
| ६६ | कालिकोट | १० | १ | ० | ० | ० | ० | १ | ९ | ० | ४ | ० |
| ६७ | बझाङ | | | | | | | ० | ० | | | |
| ६८ | बाजुरा | १९ | १० | ० | ० | ० | ० | १० | ९ | | | |
| ६९ | अछाम | २९ | ३ | ० | ० | ० | ० | ३ | २६ | | | |
| ७० | डोटी | १५ | ० | ० | १ | ० | ० | १ | १४ | | | |
| ७१ | कैलाली | ३८६ | २१ | ० | ० | ० | ० | २१ | ३६५ | | | |
| ७२ | कञ्चनपुर | | | | | | | ० | ० | | | |
| ७३ | डडेल्धुरा | २६ | ९ | ० | ० | ० | ० | ९ | १७ | | | |
| ७४ | वैतडी | १६ | ० | ० | ० | ० | ० | ० | १६ | | | |
| ७५ | दार्चुला | २९ | ३ | १ | ० | ० | ० | ४ | २५ | | | |

नोट : सम्बन्धित कार्यालयहरूबाट तथ्यांक प्राप्त नभएको हुँदा खाली राखिएको छ ।

# ४. गतिविधि तथा निर्णयहरू

## (क) गतिविधि

- **बिदाई कार्यक्रम**

महान्यायाधिवक्तको कार्यालय तथा मातहतका सरकारी वकिल कार्यालयहरूमा विगत ४१ वर्ष देखि कार्यरत रही सहन्यायाधिवक्ताको पदबाट सेवा निवृत्त हुनु भएका श्री शरदकुमार खड्कालाई महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट मिति २०६८ कार्त्तिक ३ गते औपचारिक रूपमा बिदाई कार्यक्रम आयोजना गरिएको थियो। उक्त कार्यक्रम सहन्यायाधिवक्ता श्री युवराज सुवेदीले सञ्चालन गर्नुभएको थियो भने उक्त कार्यक्रममा महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानज्यूले श्री खड्काले लामो समयसम्म सरकारी वकीलको रूपमा गर्नु भएको योगदानका लागि धन्यावाद दिदैं बिदाई भनेको एउटा नियमित प्रक्रिया हो। उहाँ यस कार्यालयबाट बिदा भएपनि अलग भूमिकामा न्यायको क्षेत्रमा महत्वपूर्ण भूमिका निभाउनु हुनेछ भन्ने अपेक्षा सहित उहाँको निवृत्त जीवन सुखमय रहोस् भन्ने मन्तब्य ब्यक्त गर्नु भएको थियो। बिदाई मन्तब्य दिने क्रममा नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले श्री खड्काले लामो समयसम्म सरकारी वकीलको रूपमा निर्वाह गर्नु भएको प्रभावकारी भूमिका सधै स्मरणयोग्य रहेको बताउँदै उहाँको निवृत्त जीवन सुखमय रहोस भन्ने कामना गर्नुभयो। आफ्नो बिदाई मन्तव्य ब्यक्त गर्दै सहन्यायाधिवक्ता श्री शरदकुमार खड्काले आफूले यस संस्थाबाट धेरै ज्ञान हासिल गरेको बताउँदै आफू औपचारिक रूपमा बिदा भएपनि संस्थागत सामिप्यता रहिरहनेछ भन्ने मन्तव्य ब्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रममा महान्यायाधिवक्ताज्यूले निवृत्त सहन्यायाधिवक्ता श्री शरदकुमार खड्कालाई कदरपत्र प्रदान गर्नु भएको थियो।

- **सरकारी वकीलहरूको लागि आधारभूत प्रशिक्षण कार्यक्रम**

मिति २०६८।०८।१८ गते आइतबार देखि २०६८।०८।२३ गते शुक्रबारसम्म नेपाल न्याय सेवा सरकारी वकील समूहमा कार्यरत राजपत्रांकित द्वितीय तथा तृतीय श्रेणीका सरकारी वकीलहरूलाई महान्यायाधिवक्ताको कार्यालयमा आधारभूत प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त प्रशिक्षण कार्यक्रममा अपराधको अनुसन्धान र निर्देशनमा प्रा.डा. रजितभक्त प्रधानाङ्ग, अभियुक्तको बयान उपन्यायाधिवक्ता श्री मदनबहादुर धामी, प्रभावकारी अभियोजनको रणनीति पूर्व नायब महान्यायाधिवक्ता श्री नन्दबहादुर सुवेदी, अभियोगपत्र लेखन शैली र ढाँचा सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, अभियोगपत्र लेखन र व्यावहारिक अभ्यास उपन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, अनुसूची बाहिरका मुद्दाको अभियोजन र प्रतिरक्षा सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल, देवानी मुद्दाको जाँचबुझ र फिरादपत्र सहन्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी, बहस नोट उपन्यायाधिवक्ता श्री

धर्मराज पौडेल, विधि विज्ञान सम्बन्धी आधारभूत ज्ञान डा. तुलसी कंडेल, विशेषज्ञको प्रतिवेदन, व्याख्या र पारिभाषिक शव्द डा. हरिहर वस्ती, बैकिङ्ग कसूर र आर्थिक अपराध सहन्यायाधिवक्ता श्री महेशकुमार थापा र उपन्यायाधिवक्ता श्री तेजनारायण पौडेल, रिट निवेदन, प्रतिरक्षा र लिखित जवाफ सहन्यायाधिवक्ता श्री किरण पौडेल, बहस व्यवस्थापन तथा बहस कला सहन्यायाधिवक्ता श्री युवराज सुवेदी, साक्षी र विशेषज्ञको बकपत्र उपन्यायाधिवक्ता श्री रमेश शर्मा पौडेल, पुनरावेदन, दोहोऱ्याउने र अन्य निवेदन सहन्यायाधिवक्ता श्री ऋषिराम दवाडी र उपन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली, कानूनी राय उपन्यायाधिवक्ताहरू श्री योगराज बराल र तेजनारायण पौडेलले सहभागीहरूलाई प्रशिक्षण गर्नु भएको थियो भने नायब महान्यायाधिवक्ताहरू श्री पुष्पराज कोइराला र श्री प्रेमराज कार्कीले कार्यालय व्यवस्थापन र नेतृत्व विकास सम्बन्धमा सहभागीहरूलाई प्रशिक्षित गर्नु भएको थियो। प्रशिक्षण सञ्चालनका क्रममा प्रशिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान तथा व्यावहारिक अभ्यास समेतको प्रक्रियाद्वारा प्रशिक्षित गरिएको थियो। यस प्रशिक्षणले सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरूको कार्य सम्पादन गुणस्तरियता र प्रभावकारिता आउने विश्वास गरिएको छ। प्रशिक्षण कार्यक्रममा व्यवस्थापनको संयोजक सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, सहजकर्ताको रूपमा उपन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी, प्रतिवेदकमा शाखा अधिकृत श्री सोमकान्त भण्डारी रहनु भएको थियो भने कार्यक्रमको व्यवस्थापनमा श्री प्रकाश घिमिरेले सहयोग गर्नु भएको थियो।

- **सह न्यायाधिवक्ता महेश शर्मा पौडेलको जापान भ्रमण तालिम कार्यक्रम**

जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (JICA) को आमन्त्रणमा महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता महेश शर्मा पौडेल अक्टुवर १० देखि नोभेम्बर १० सम्म जापानको राजधानी टोकियोमा संचालन भएको THE CRIMINAL JUSTICE RESPONSE TO CORRUPTION, 14th UNAFEI UNCAC Training Programme तालिम कार्यक्रममा भाग लिनु भएको थियो। तालिम कार्यक्रम UNITED NATIONS ASIA AND FAR EAST INSTITUTE FOR THE PREVENTION OF CRIME AND THE TREATMENT OF OFFENDERS ले संचालन गरेको थियो। उक्त तालिम कार्यक्रममा अफगानिस्तान, कम्बोडिया, बंगलादेश, मालदिभ्स, लाओस, मंगोलिया, केन्या, कंगो, नाइजेरिया र जापान गरी २२ जनाको सहभागिता थियो। कार्यक्रममा भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्र संघीय महासन्धिका विविध व्यवस्थाहरू, यी व्यवस्थाहरूको सहभागी मुलुकमा कार्यान्वयनको अवस्था, भ्रष्टाचार नियन्त्रणमा अन्तर्राष्ट्रिय सहयोग जुटाउने उपाय र जापानिज न्याय प्रणाली खासगरी जापानको अभियोजन प्रणाली सम्वन्धी विषयहरू समावेश थिए। तालिमका क्रममा प्रत्येक सहभागीले आफ्नो मुलुकको भ्रष्टाचार नियन्त्रणका प्रयास र अवस्थाबारे प्रस्तुति, सामूहिक छलफल, विज्ञ स्रोत व्यक्तिबाट भ्रष्टाचार नियन्त्रणको आफ्नो मुलुकका प्रयास र राम्रा अभ्यासबारे अनुभव प्रस्तुत गर्नु भएको र सहभागीहरूले पनि आफ्ना अनुभवहरू प्रस्तुत गरिएको थियो। यसका अतिरिक्त जेनेभा स्थित UNODC का Dimitri Vlassis ले पनि यो महासन्धिको कार्यान्वयनको पुनरावलोकन प्रकृयाको बारेमा विहंगम रूपमा प्रस्तुति गर्नु भएको थियो। तालिमका क्रममा हिरोसिमा र क्यूटो अवस्थित सरकारी वकील कार्यालयको

कार्य संचालन प्रकृया, टोकियो स्थित जिल्ला अदालत र सर्वोच्च अदालतको कार्य प्रकृया बारे स्थलगत अवलोकन तथा मिने रिहाविलेशन केन्द्रको पनि स्थलगत अवलोकन गरिएको थियो। तालिमको दौरानमा विश्वविद्यालयका कानून अध्ययन गर्ने विद्यार्थीसँग सामाजिकीकरण कार्यक्रम लगायत विभिन्न कार्यक्रम पनि भएका थिए।

- **जापान सरकारका सरकारी वकीलहरूको भ्रमण कार्यक्रम**

जापानको न्याय मन्त्रालय अन्तर्गतको International Co-operation Department, Research and Trainig Institute of Lecturer and Government Attorney Prof. Taro Morinaga र निजको Team नेपाल आएको टोलीले २०६८ मंसिर ८ गते बिहान नख्खु जेलको निरीक्षण गरी थुनुवा एवं कैदीहरूको बारेमा जानकारी लिनु भयो भने सोही दिन जिल्ला प्रहरी कार्यालय, ललितपुर भ्रमण गरी त्यस कार्यालय, मुद्दा एवं थुनुवाको बारेमा जानकारी लिनु भयो। उक्त कार्यक्रममा सहन्यायाधिवक्ता श्री सूर्यप्रसाद पोखरेलले सहजीकरण गर्नु भएको थियो।

सरकारी वकीलहरूलाई जापानी फौजदारी न्यायका विधाहरूमा २०६८ मंसिर ११ र १२ गते दिन महान्यायाधिवक्ताको कार्यालय, अभियोजन प्रशिक्षण केन्द्रमा प्रशिक्षण सञ्चालन गरिएको थियो। उक्त प्रशिक्षण कार्यक्रममा महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानले Taro Morinaga र निजको Team लाई स्वागत गर्दै Japan ले सरकारी वकीलहरूलाई जापानमा विभिन्न कार्यक्रममा सरिक गराएको र अन्य कानूनी क्षेत्रमा समेत सहयोग पुऱ्याएको एवं आगामी दिनमा अझ सहयोग गर्ने कुराको बारेमा चर्चा गर्नु भएको थियो। दुई दिने प्रशिक्षणमा Taro Morinaga ले Criminal Investigation In Japan विषयमा प्रशिक्षण दिंदै Japan को Investigation Process, System, Criminal Cases Prosecution, Prosecutor को भूमिका र Prosecution, Non Prosecution का बारेमा प्रकाश पार्नु भएको थियो। सो कार्यक्रममा महान्यायाधिवक्ता कार्यालय एवं मातहत कार्यालयका करिब पचास जना सरकारी वकीलहरूको सहभागिता रहेको थियो। सोही दिन उक्त टोलीले विशेष अदालत, काठमाडौं र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अवलोकन भ्रमण गर्नु भएको थियो। उक्त कार्यक्रममा सहन्यायाधिवक्ता श्री युवराज सुवेदीले आवश्यक सहयोग पुऱ्याउनु भएको थियो।

१३ मंसिरमा Taro Morinaga को Team ले जिल्ला सरकारी वकील कार्यालय, ललितपुर र पुनरावेदन सरकारी वकील कार्यालय, पाटनका अवलोकन गरी सम्पादन गरिने काम कारबाहीको बारेमा जिल्ला न्यायाधिवक्ता श्री सुदर्शन लामीछाने र सहन्यायाधिवक्ता श्री रमेश कुमार पोखरेलसँग जानकारी लिनु भएको थियो भने १४ मंसिरमा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको अवलोकन गरी कार्यलयबाट सम्पादन गरिने काम कारबाहीको बारेमा सो कार्यालयका जिल्ला न्यायाधिवक्ता श्री मानबहादुर कार्कीसँग आवश्यक जानकारी लिनु भएको थियो।

## (ख) व्यवस्थापन समितिबाट भएका महत्वपूर्ण निर्णयहरू (मार्ग १५, २०६८)

- महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका विभागहरू, पुनरावेदन सरकारी वकील कार्यालयहरू र जिल्ला सरकारी वकील कार्यालयहरूको कामकारबाहीलाई प्रभावकारी र उपलब्धिपूर्ण बनाउने उद्देश्यले २०६८ मंसिरमा तयार पारिएको विशेष निर्देशन, २०६८ जारी गरी २०६८।०८।१५ बाट लागू गर्ने गराउने ।

- कार्यालय तथा जनशक्ति व्यवस्थापन विभागले परिपत्र मार्फत विशेष निर्देशन, २०६८ को जानकारी गराउने । सम्बन्धित स्थानमा पुगे नपुगेको यकिन समेत गर्ने साथै त्यसको अनुगमन सचिवालयबाट समेत गर्ने ।

- योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार विभागले विशेष निर्देशनको कार्यान्वयन गरी सो को नतिजा महान्यायाधिवक्तालाई नियमित रूपमा जानकारी गराउने ।

# ५. महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको विशेष निर्देशन, २०६८

जारी मिति : २०६८/८/१५

**महान्यायाधिवक्ताको कार्यालयका विभागहरू, पुनरावेदन सरकारी वकील कार्यालयहरू र जिल्ला सरकारी वकील कार्यालयहरूका लागि महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको विशेष निर्देशन**

## १. मुद्दा तथा बहस पैरवी व्यवस्थापन विभाग

१.१ सर्वोच्च अदालतबाट भएका अन्तिम फैसला वा निर्देशात्मक आदेश प्राप्त हुनासाथ सो को कार्यान्वयनको लागि सम्बन्धित निकायमा लेखी पठाउनको लागि तत्काल अधिकृत तोक्ने ।

१.२ प्राप्त हुन आएका फैसला वा आदेश तत्काल सम्बन्धित निकायमा पठाई सो को कार्यान्वयन तथा अनुगमनको लागि योजना, अनुसन्धान तथा मानवअधिकार विभागमा जानकारी दिने र अभिलेखलाई व्यवस्थित गर्ने ।

१.३ प्राप्त हुन आएका फैसला वा आदेशको विवरण तयार गरी प्रत्येक महिनाको अन्तिम शुक्रबार ती फैसला तथा आदेशका सम्बन्धमा सकारात्मक वा नकारात्मक पक्षहरूको बिश्लेषण गरी निष्कर्षहरू website मा राख्ने ।

१.४ प्रत्येक शुक्रबार आगामि हप्ताका लागि पेशी तोकिएका विशेष मुद्दा तथा रिट निवेदनका सम्बन्धमा छलफल गरी बहस गर्ने अधिकारी तथा सन्दर्भ सामग्री संकलनको जिम्मेवारी तोक्ने ।

१.५ सर्वोच्च अदालतबाट अन्तिम फैसला भैसकेका मुद्दाका फाइलहरू फिर्ता पठाउन र अन्तिम आदेश भएका रिट निवेदनसँग सम्बन्धित मिसिल व्यवस्थापनको लागि तत्काल जिम्मेवार कर्मचारी तोकी अभिलेख व्यवस्थापन गर्ने ।

१.६ मातहत कार्यालयहरूबाट पठाइएका पुनरावेदन एवं निवेदनहरू नियमावलीमा तोकिएको समयावधी नाघी प्राप्त हुन आएको देखिएमा राय सहित तत्काल महान्यायाधिवक्ता समक्ष पेश गरी निकासा प्राप्त गर्ने ।

## २. कानूनी राय परामर्श तथा सुशासन विभाग

२.१ नेपाल सरकार वा सरकारका सम्बद्ध अधिकारीहरू प्रतिवादी भएका मुद्दाहरूमा लिखित जवाफ तयार गर्नु पूर्व अनिवार्य रूपमा सरकारी वकीलको राय सल्लाह लिने परिपाटीको विकास गर्ने लगायतका बिषयहरूमा आवश्यक व्यवस्था गर्न दुई महिनाको एकपटक मन्त्रालयका सचिवहरू सहितको बैठक बोलाई बैठकको निर्णय

कार्यान्वयनका लागि नेपाल सरकार, मन्त्रालयहरू र सम्बद्ध निकायहरूमा तत्काल लेखी पठाउने ।

२.२ विभिन्न निकायहरूबाट माग गरिएका कानूनी रायको स्पष्ट व्यहोरा उल्लेख गरी विवरण सहितको अभिलेख अद्यावधिक गर्ने ।

२.३ मातहत कार्यालयहरूबाट पठाइएका पुनरावेदन एवं निवेदनहरू नियमावलीमा तोकिएको समयावधी नाघी प्राप्त हुन आएको देखिएमा राय सहित तत्काल महान्यायाधिवक्ता समक्ष पेश गरी निकासा प्राप्त गर्ने ।

## ३. कार्यालय तथा जनशक्ति व्यबस्थापन विभाग

३.१ महान्यायाधिवक्ताको कार्यालय, पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा रहेको कुल दरबन्दी, रिक्त र पुर्ति भएका पदहरूको विवरण अद्यावधिक गराई राख्ने ।

३.२ राजपत्राङ्कित कर्मचारीहरूको व्यक्तिगत विवरण तयार गरी अद्यावधिक गर्ने ।

३.३ महान्यायाधिवक्ताको कार्यालयको आधिकारिक सूचना सम्प्रेषण गर्न सहन्यायाधिवक्ता स्तरको सूचना अधिकारी तत्काल तोक्ने ।

३.४ कम्तीमा प्रत्येक महिनाको एकपटक सम्पूर्ण कर्मचारीहरूलाई सहभागी गराई कामकारबाही व्यवस्थित गर्ने प्रयोजनको लागि बैठक गर्ने ।

३.५ महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरूमा सम्पर्क स्थापित गर्न प्रत्येक पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा कार्यालयको email address खोल्न लगाई email मार्फत महान्यायाधिवक्ता कार्यालयबाट माग भएका जानकारी यथाशीघ्र उपलब्ध गराउने व्यवस्था गर्ने ।

३.६ प्रत्येक कर्मचारीले कार्यालय समयमा फछ्र्यौट गरेका कामको दैनिक विवरण तयार गर्ने र सम्बन्धित अधिकारीले खोजेको बखत पेश गर्ने ।

३.७ पुस्तकालयको सेवालाई छिटो छरितो बनाउन फोटोकपि लगायतका भौतिक साधन उपलव्ध गराई आवश्यक संख्यामा दक्ष कर्मचारी खटाउने ।

३.८ मातहत कार्यालयहरूबाट पठाइएका पुनरावेदन एवं निवेदनहरू नियमावलीमा तोकिएको समयावधी नाघी प्राप्त हुन आएको देखिएमा राय सहित तत्काल महान्यायाधिवक्ता समक्ष पेश गरी निकासा प्राप्त गर्ने ।

## ४. योजना, अनुसन्धान, अनुगमन तथा मानवअधिकार विभाग

४.१ सर्वोच्च अदालतबाट भएका अन्तिम फैसला वा निर्देशात्मक आदेशको अभिलेख व्यवस्थापन गरी कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

४.२ कैदी तथा थुनुवाहरूको मानव अधिकारका विषयमा उजुरी लिन सचिवालय अन्तर्गत प्रत्यक्ष सम्पर्कको लागि अधिकारी तोक्ने ।

४.३ महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयहरूको जग्गा, भवन, सवारी साधन लगायत भौतिक सम्पत्तिको अवस्था एकिन गरी पठाउन सम्बन्धित कार्यालयहरूमा पत्राचार गरी अद्यावधिक विवरण तयार गर्ने र कार्यालयहरूलाई आवश्यक पर्ने भौतिक साधनको विवरण तयार गर्ने ।

४.४ सरकारी वकीलहरू र अन्य कर्मचारीहरूका लागि तालिमको आवश्यकता पहिचान गरी तालिम संचालन गर्ने ।

४.५ मातहत कार्यालयहरूबाट पठाइएका पुनरावेदन एवं निवेदनहरू नियमावलीमा तोकिएको समयावधी नाघी प्राप्त हुन आएको देखिएमा राय सहित तत्काल महान्यायाधिवक्ता समक्ष पेश गरी निकासा प्राप्त गर्ने ।

## ५. पुनरावेदन सरकारी वकिल कार्यालयहरू

५.१ आफ्नो तथा मातहतका कार्यालयहरूको कुल दरबन्दी, रिक्त र पुर्ति भएको पदको विवरण अद्यावधिक गराई राख्ने ।

५.२ आफ्नो र मातहत कार्यालयका कर्मचारीहरूको व्यक्तिगत विवरण तयार गरी अद्यावधिक गर्ने ।

५.३ आफ्नो र मातहत कार्यालयबाट सम्पादन गरिएका कामकारबाहीको विवरण तयार गरी प्रत्येक महिनाको विवरण अर्को महिनाको १५ गते भित्र महान्यायाधिवक्ताको कार्यालयमा आइपुग्ने व्यवस्था मिलाउने ।

५.४ मातहतका कार्यालयबाट पुनरावेदन सम्बन्धी कारबाहीको लागि प्राप्त हुने मिसिलहरू नियमावलीमा तोकिएको समयावधी भित्र प्राप्त गर्ने व्यवस्था मिलाउने ।

५.५ आफ्नो मातहतका जिल्लाहरूका प्रहरी हिरासत कक्षको निरीक्षण र अनुगमन गरी मुद्दाको बिषयहरूमा छलफल अन्तरक्रिया गर्न निर्देशन दिने ।

५.६ आफ्नो कार्यालयबाट पुनरावेदन वा निवेदन सम्बन्धी कारबाहीको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउने मिसिलहरू नियमावलीमा तोकिएको म्याद भित्र पठाउने व्यवस्था गर्ने ।

५.७ कार्यालयको official email address खोली email मार्फत महान्यायाधिवक्ता कार्यालयबाट माग भएका जानकारी यथाशीघ्र उपलब्ध गराउने ब्यवस्था गर्ने ।

५.८ मुद्दा नचलाउने गरी मातहत कार्यालयबाट भएका निर्णयसँग सम्बन्धित मिसिल समयमै प्राप्त गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउने व्यवस्था गर्ने ।

५.९ आफ्ना मातहतका जिल्ला सरकारी वकिल कार्यालयबाट प्रत्येक महिना जेल, हिरासत थुनुवाको स्थितिको सम्बन्धमा अनुगमन तथा निरीक्षण गराई सोको

प्रतिवेदन क्षेत्रीय स्तरका प्रशासन कार्यालय, प्रहरी कार्यालय, मानवअधिकार आयोग, पत्रकार महासंघ एवं पुनरावेदन र जिल्ला वारलाई दिने ।

५.१० कानूनी राय सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्ने र प्रदान गरिएको राय र सो सम्बन्धी विवरण एक प्रति यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

## ६. जिल्ला सरकारी वकील कार्यालयहरू

६.१ आफ्नो कार्यालयमा रहेको कुल दरबन्दी, रिक्त र पूर्ति भएका पदहरूको विवरण अद्याबधिक गराई राख्ने ।

६.२ कार्यालयका सम्पूर्ण कर्मचारीहरूको व्यक्तिगत विवरण तयार गरी अद्याबधिक गराई राख्ने ।

६.३ कार्यालयको email address खोली email मार्फत महान्यायाधिवक्ता कार्यालय र पुनरावेदन सरकारी वकील कार्यालयबाट माग भएका जानकारी यथाशीघ्र उपलब्ध गराउने व्यवस्था गर्ने ।

६.४ प्रत्येक महिनाको ७ गते भित्र अघिल्लो महिनामा कार्यालयबाट सम्पादन गरिएका काम कारबाहीको विवरण तयार गरी पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउने ।

६.५ अदालत, जिल्ला प्रशासन कार्यालय तथा अन्य निकायहरूबाट फैसला भएका मुद्दाहरूको जानकारी समयमै लिई नियमावलीमा तोकिएको समयावधी भित्र पुनरावेदन सम्बन्धी कारबाहीका लागि पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउने ।

६.६ मुद्दा नचलाउने निर्णय भएका मुद्दाहरूको सम्बन्धमा मुद्दा दायर गर्ने हदम्याद समेतलाई विचार गरी मिसिल छिटो छरितो रूपमा पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउने ।

६.७ पूर्पक्षको लागि थुनामा राखेका थुनुवा र फैसलाबाट कैद ठहऱ्याइएका थुनुवाहरूको मुद्दालाई यथासक्दो छिटो कारबाही गर्न पहल कदमी लिने र ढिला भएकोमा ढिलो हुनुको कारण यकिन गरी जानकारी पुनरावेदन सरकारी वकिल कार्यालय मार्फत महान्यायाधिवक्ता कार्यालयमा पठाउने ।

६.८ थुनछेक बहस, साक्षी बकपत्र लगायत प्रतिरक्षा र पैरवीमा बिद्यमान समस्याहरू चयन गरी यथासिघ्र महान्यायाधिवक्ता कार्यालयमा पठाउने ।

६.९ जेल निरीक्षण वा थुनुवाहरू निरिक्षण गर्न जाँदा नेपाल वारका स्थानीय अध्यक्ष, प्र.जि.अ., पत्रकार महासंघका अध्यक्ष, शान्ति समितिका अध्यक्षसँग समन्वयन गरी कार्य सम्पन्न गर्ने, तयार भएको प्रतिवेदन सेना, प्रहरी, जिल्ला प्रशासन, अदालत, नेपाल वार, पत्रकार महासंघ र शान्ति समितिलाई दिने ।

६.१० सबै सरकारी वकीलहरूले जाहेरवाला, अभियुक्त, साक्षीहरूको स्पष्ट नाम, थर, वतन, नागरिकता नम्बर वा अन्य कुनै परिचय पत्र नम्बर, फोन नं., घर नं., गल्ली, टोल, मोवाइल नं., भाडामा बस्ने भए घरधनीको बिवरण तयार गरी राख्ने र कुनै पनि बेला म्याद तामेल हुन सक्ने स्थिति बनाउने ।

६.११ कानूनी राय सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्ने र प्रदान गरिएको राय र सो सम्बन्धी विवरणको एकएक प्रति यथाशीघ्र महान्यायाधिवक्ताको कार्यालय र पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउने ।

६.१२ अभियोगपत्र दायर गरिएका मुद्दाहरूका सम्बन्धमा देहाय बमोजिमको विवरण तयार गरी सोको एक प्रति मिसिलमा समाबेश गर्ने र e-mail मार्फत प्रत्येक १५/१५ दिनमा महान्यायाधिवक्ताको कार्यालय र पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउने ।

| क्र.सं | जाहेरवालाको नाम, ठेगाना, लिङ्ग र उमेर | पीडितको नाम, ठेगाना, लिङ्ग र उमेर | प्रतिवादीको नाम, ठेगाना, लिङ्ग र उमेर | दाबी गरिएको विगो | मुद्दा | माग दाबी | अनुसन्धानमा पक्राउ परे नपरेको | तारेख, धरौटी वा हिरासतमा रहेको | संकलित प्रमाणहरू |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

## ७. आर्थिक व्यवस्था सम्बन्धी

७.१ वार्षिक योजना बनाएर मात्र मसलन्द सामान खरिद, छपाइको कार्य गर्ने ।

७.२ रु. २,५००।- भन्दा बढीको मेच, तीस हजारभन्दा बढीको सोफासेट खरिद गर्नु परेमा कार्यालय प्रमुखले बिलमै कारण खोल्नुपर्ने ।

७.३ बजेट खर्च गर्दा बजेटको परिधि नाघि अर्को वर्ष भुक्तानी दिने गरी दायित्व सार्ने कार्यलाई अन्त्य गर्ने ।

७.४ टेलिफोन, बिजुली, पानी, सवारी साधनको बिमा रकम, कर समयमै तिर्ने,

७.५ बिजुली, पानी, टेलिफोनको बिलको भुक्तानी समयमै नगरी जरिवाना तिर्नु परेमा कार्यालय प्रमुख र लेखा प्रमुख जिम्मेवार हुने ।

७.६ बिग्रिएका सवारी साधन, मेशिनरी औजार तत्काल मर्मत गरी त्यसको प्रयोग गर्ने ।

७.७ निजी सवारी साधनमा सरकारी इन्धन प्रयोगमा बन्देज लगाउने ।

७.८ सरकारी खर्चमा कुनै पनि भोज भतेर नगर्ने ।

७.९ काज खटाउँदा सात दिनभन्दा बढीको काज नखटाउने ।

७.१० मर्मत सम्बन्धी कार्य गर्दा लागत इष्टिमेट गराई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र गर्ने ।

७.११ प्रयोगमा आउन नसक्ने पुराना सवारी साधन, फर्निचर, मेशिनरी आदि दुई महिना भित्र लिलाम गर्ने ।

७.१२ कार्यमा लगनशिलता, गुणात्मकता, शीघ्रता, श्रृजनशिलता र इमान्दारिताका आधारमा पुरस्कृत गर्नुपर्ने भएमा र अनुशासनहीनता र आफ्नो पेशा/व्यवसाय, नोकरी प्रतिको निष्ठा नभएको देखिएमा दण्डित गर्नुपर्ने भएमा त्यसको राय सहितको प्रतिवेदन जिल्ला सरकारी वकील कार्यालयका जिल्ला न्यायाधिवक्ताले सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयमा र पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताले महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

यो निर्देशन तत्काल कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालयको कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग र सचिवालयको सक्रियता र समन्वयमा सम्पन्न गर्न निर्देशन गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालय,

रामशाहपथ, काठमाडौं ।

# ६. फौजदारी कानून सम्बन्धी विधेयकहरूको सम्बन्धमा आयोजित अन्तरक्रियात्मक कार्यक्रम (२०६८ आश्विन १३ र १४)

### काठमाडौं

## १. परिचय

व्यवस्थापिका-संसदमा विचाराधीन रहेका फौजदारी न्याय प्रशासन सम्बन्धी तीन वटा विधेयकहरूको सम्बन्धमा नेपाल वार, सर्वोच्च वार, पुनरावेदन अदालत वार पाटन एवं काठमाडौं उपत्यकाका तीन जिल्लाका वार प्रतितिधिहरूका बीच काठमाडौंमा मिति २०६८ आश्विन १३ र १४ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड) को सहकार्य एवं डानिडा ह्युगो, ईयुको आर्थिक सहयोगमा महान्यायाधिवक्ताको कार्यालयले उक्त कार्यक्रम संचालन गरेको थियो। नेपालको फौजदारी न्याय प्रणालीलाई अन्तराष्ट्रिय मान्यता र सिद्धान्त अनुरूप विकास गर्ने उद्देश्यका साथ बनेका तीन विधेयकहरू: फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, फौजदारी मुद्दाको कार्यविधि सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, र फौजदारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०६८ का सम्बन्धमा सरोकारवालाहरूसँग छलफल र अन्तरक्रिया गरी ती विधेयकहरूमा रहेका कमिकमजोरीहरू पत्ता लगाउने, प्राप्त भएका सुझावहरू संकलन गरी ती सुझावहरूलाई संसदमा पेश गर्ने।

## २. कार्यक्रमको पहिलो सत्र

महान्यायाधिवक्ता श्री मुक्तिनारायण प्रधानको अध्यक्षतामा सञ्चालन भएको यस कार्यक्रममा पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौला, पूर्व कानून सचिव माधव पौडेल, नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला, नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला, नेपाल वारका अध्यक्ष प्रेमबहादुर खड्का र सर्वोच्च वारका अध्यक्ष श्री कृष्णप्रसाद सापकोटा लगायत विभिन्न वार इकाईका तीस जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयले बदलिँदो विश्व परिवेश र समयअनुसार कानूनमा पनि परिवर्तन गर्न सरकारले यी विधेयकहरूको मस्यौदा गरी व्यवस्थापिका-संसद समक्ष पेश गरेको र यी विधेयकहरूको सम्बन्धमा सरोकारवालाहरूलाई जानकारी दिने र भएका कमिकमजोरीहरू पत्ता लगाई सुझाव संकलन गर्ने कार्यक्रमको मुख्य उद्देश्य रहेको कुरा बताउनु भयो। प्रस्तावित विधेयकहरू नेपालको फौजदारी न्यायको विकासमा कोशेढुङ्गा सावित हुने कुरामा विश्वास व्यक्त गर्दै कार्यक्रमको उद्देश्यहरू निम्न बमोजिम रहेको कुरा बताउनु भयो।

(क) फौजदारी न्याय प्रणालीको सुधारको लागि प्रस्तावित विधेयकहरू पारित भई लागू हुनुपर्ने अपरिहार्यताको सम्बन्धमा छलफल गर्ने,

(ख) प्रस्तावित विधेयकहरू पारित भै लागू हुँदाको अवस्थामा गर्नु पर्ने कार्यको लागि तयार हुने वातावरण सिर्जना गर्ने,

(ग) प्रस्तुत विधेयकहरूलाई अझ परिस्कृत बनाउन दफावार छलफल गरी कमिकमजोरीहरू पत्ता लगाउने ।

सेलर्डका प्रतिनिधि श्री सुदीप गौतमले मुद्दा मामिलाको सम्बन्धमा डाक्टरले गल्ति गरेको अवस्थामा कुनै मानिसको जीवन तीन फिट तल जमिनमा गाडिनु पर्ने र वकिलले गल्ति गरेको अवस्थामा पाँच फिट माथि झुण्डिनु पर्ने अवस्था सिर्जना हुने हुनाले कानून व्यवसायीहरूको व्यवसाय अति संवेदनशील रहेको छ । जनताको चाहना अनुरूपको न्याय प्रदान गर्नको लागि कानून तर्जुमाको अवस्था देखि नै संवेदनशीलता अपनाउनु पर्ने हुन्छ । हाल संसदमा विचाराधीन फौजदारी न्याय सम्बन्धी विधेयकहरूलाई अझ परिस्कृत बनाउनको लागी व्यापक छलफल गर्नु पर्ने आवश्यकतालाई मनन गरी यो कार्यक्रम संचालन गरिएको बताउनु भयो ।

मन्तव्यको क्रममा नेपाल वारका अध्यक्ष श्री प्रेमबहादुर खड्काले "मुलुकी ऐन" शव्द जनजिब्रोमा भिजेको हुँदा यसलाई छोड्न नहुने विचार राख्नु भयो । कम्तीमा पनि ५/६ वटा क्षेत्रीय गोष्ठी गरी कानून व्यवसायहीहरूको सल्लाह र सुझाव संकलन गरी ती सुझावहरूलाई समाहित नगरिएसम्म वारले प्रस्तावित विधेयकहरूप्रति सहमति नगर्ने कुरा बताउनु भयो ।

कार्यक्रमकामा महान्यायधिवक्ता श्री मुक्तिनारायण प्रधानले कानून व्यवसायीको भूमिका अभियोजन मात्र नभएर अध्ययन र अनुसन्धानलाई पनि प्राथमिकता दिनुपर्ने कुरामा जोड दिंदै यो कार्यक्रम प्रस्तावित विधेयकहरू ऐनको रूपमा पारित भै व्यवहारमा आउँदाको अवस्थामा यिनिहरूको प्रयोग र अभ्यासमा आइपर्न सक्ने समस्याहरूको पूर्वानुमान गरी त्यस्ता समस्याहरूलाई कसरी हल गर्न सकिन्छ भन्ने विषयमा पनि कार्यक्रमले सहयोग पुऱ्याउने छ। अहिलेसम्मको न्याय प्रणालीको कमजोरीका कारण दोषी व्यक्ति सतहमै नआउने र निर्दोष व्यक्तिले सजाय पाउने गरेको तीतो अनुभव पनि हामीहरूसँग भएकोले विधेयकलाई प्राज्ञिकरूपले छलफलमा ल्याई अन्तरराष्ट्रिय स्तरको कानूनी व्यवस्थाको तर्जुमा गर्नु पर्ने धारणा व्यक्त गर्नुभयो ।

## ३. कार्यक्रमको दोस्रो सत्र

दोस्रो सत्रको पहिलो चरणमा पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौला र पूर्व कानून सचिव श्री माधव पौडेलले छुट्टाछुट्टै कार्यपत्रहरू (कार्यपत्र महान्यायाधिवक्ताको कार्यालयबाट प्रकाशित बुलेटिन वर्ष १ अंक ३ मा प्रकाशित भैसकेको छ) प्रस्तुत गर्नु भएको थियो भने छलफल कायक्रमको अध्यक्षता नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले गर्नु भएको थियो ।

## ४. प्रस्तुती कार्यपत्र

### ४.१ कार्यपत्र प्रस्तुत गर्नु हुँदै पूर्व महान्यायाधिवक्ता डा. युवराज संग्रौला

आधुनिक शिक्षा प्रणालीको ज्ञान लिएर पनि हामीहरूले पुरानो फौजदारी न्याय प्रणालीलाई अँगाल्नु भनेको शिवजीले आफ्नी मरेकी श्रीमतीलाई जीउ कुहिएर बिभिन्न अंग खसुन्जेल

काँधमा बोकेर हिँडेको जस्तै हो। आधुनिक फौजदारी न्याय प्रणालीले १९१० को फौजदारी मान्यता लिएर आएको र १९१० को मुलुकी ऐन फौजदारी न्याय हो कि होइन भन्ने भन्ने कुरामा पनि शंका गर्ने प्रशस्त ठाउँहरू छन्। त्यसकारण नेपालको फौजदारी कानूनको विकासको लागि यी तीन वटा विधेयकहरू कानूनको रूपमा आउनु पर्ने अपरिहार्यता रहेको छ। यी विधेयकहरू राष्ट्रिय सम्पत्ति हुन र तिनीहरूमा भएको कमजोरी एवं दोहोरो परे नपरेको सम्बन्धमा दफादफा छलफल गर्नुपर्ने आवश्यकता रहेको छ।

परिवर्तनको संघारमा वर्तमान समय कठिन संक्रमणकालीन युगबाट गुज्रिरहेको अवस्था भएकोले अराजकता र हिंसा निर्मूल हुन सकेको छैन। संक्रमणकालमा पुरानो कानूनको सन्दर्भ कमजोर भएको हुन्छ र कानून कार्यान्वयनका निकायहरूमा पनि कार्य सम्पादनप्रतिको उत्साहमा स्खलन भएको हुन्छ। परिवर्तनप्रति उत्साही एवम् सबल नेतृत्वदायी सरकारले पुराना कानूनमा तत्काल आवश्यक सुधार गर्दै संक्रमणकालीन न्याय प्रणालीका माध्यमवाट समाजलाई दण्डहीनताको अवस्थावाट जोगाउन सक्तछ। यदि सरकार विभिन्न राजनीतिक विवादमा अल्भन्छ भने कानूनको परिवर्तनतर्फ मुखरित हुँदैन र परिणामस्वरूप न्यायमा गम्भीर समस्या देखा पर्न थाल्छन्। जसको कारणबाट तुलनात्मक रूपमा समाजका कमजोर वर्ग अपराध र अराजकताको पीडावाट प्रभावित हुन्छन्। नेपाली समाजको अहिलेको यथार्थता भण्डैभण्डै यस्तै छ भन्न सकिन्छ।

हाल नेपाली समाजले भोगी रहेका चुनौतीलाई निम्न बमोजिम सुत्रवद्ध गर्न सकिन्छ :-

१. वर्तमान कानूनी व्यवस्था संगठित अपराधको सम्बोधन गर्न कमजोर भएको,

२. दण्डहीनता बढ्दै गएको,

३. आपराधिक गतिविधिले देशको अर्थतन्त्रका विभिन्न क्षेत्रसँग सम्बन्ध कायम गरेको,

४. भ्रष्टाचार बढ्दै गएको, र

५. सजाय व्यवस्था अत्यन्त कमजोर भएको।

अपराधको राजनीतिकरण र राजनीतिको अपराधीकरण संस्थागत हुनसक्ने खतरा नेपाली फौजदारी न्याय प्रणालीको यथार्थता हो। नेपालको अनुसन्धान प्रणाली नै त्रुटिपूर्ण रहेको भएपनि यस अवस्थाप्रति राज्य संवेदनशील र सचेत बन्न सकिरहेको छैन।

यी समस्याहरूलाई निराकण गर्नको लागि प्रस्तावित विधेयकहरू माथि राष्ट्रिय बहसको आवश्यकता रहेको छ। यी विधेयकहरू संसदको पुंजी बनिसकेको कारण यस्तो कार्यको लागि व्यवस्थापिका-संसदको भूमिका सबैभन्दा महत्वपूर्ण हुन्छ। यद्यपि विधेयकहरूको परिमार्जन र सुधारमा फौजदारी न्याय प्रणालीका सबै अवयवहरूको भूमिका रहन्छ र त्यसका लागि सम्बन्धित सबैको सक्रियता आवश्यकता पर्दछ। निम्न सिद्धान्तहरूलाई रणनीतिका रूपमा ग्रहण गरी यी विधेयकहरूलाई छलफलमा लैजान पर्ने आवश्यकता रहेको छ :-

१. लोकतन्त्रको स्थायित्व, कानूनी राज्यको स्थापना र मानव अधिकार संरक्षणको संस्कृति निर्माणका लागि आधुनिक, प्रमाणको वैज्ञानिक पद्धति र प्रणालीमा आधारित फौजदारी न्याय प्रणालीको अपरिहार्यता,

२. समृद्ध फौजदारी न्याय प्रणालीले ज्यान र सम्पत्तिको संरक्षण गर्छ। अतः आर्थिक विकास एवं आर्थिक अनुशासन आधुनिक फौजदारी न्याय प्रणालीमा आधारित रहेको हुन्छ,

३. फौजदारी न्याय प्रणालीको सुधार गर्ने कार्य कार्यपालिका र न्यायपालिकाको मात्र होइन, व्यवस्थापिकाको पनि उत्तिकै सरोकारको विषय हुनुपर्छ,

४. अपराधको राजनीतिकरणलाई उन्मूलन गर्दै दण्डहीनता अन्त्य गर्न प्रस्तावित विधेयकहरूले आधारस्तम्भको कार्य गर्न सक्नुपर्छ ।

## ४.२ कार्यपत्र प्रस्तुत गर्नु हुँदै – पूर्व कानून सचिव श्री माधवप्रसाद पौडेल

कानून तथा न्याय प्रणालीको सुधार राज्यको नियमित कार्य हो तर नेपालको फौजदारी न्याय प्रणाली अझसम्म पनि परम्परागत प्रणालीबाटै चलिरहेको छ। कानूनको आधुनीकिकरण गर्नु पर्ने अपरिहार्यतालाई राजनीतिक प्राथमिकता भित्र पार्ने कोसिस नै भएको छैन ।

फौजदारी न्याय प्रणालीलाई सुधार गर्ने सन्दर्भमा एक कार्यदल गठन गरिएको र सो कार्यदलवाट देहायका उद्देश्य पूरा गर्ने उद्देश्यले कार्य सम्पादन गरिएको थियो :-

१. छरिएर रहेका फौजदारी कानूनलाई एकीकरण गरी संहिताकरण गर्ने,

२. नेपाली कानूनमा स्थान नपाएका केही आपराधिक कार्यलाई अपराधीकरण गरी कसूर कायम गर्ने,

३. फौजदारी न्याय प्रणालीको समयसापेक्ष सुधार गरी आधुनिकीकरण गर्ने,

४. फौजदारी न्याय प्रणालीलाई प्रभावकारी र सक्षम बनाई दण्डहीनताको अन्त्य गर्ने,

५. फौजदारी न्याय प्रणालीलाई मानव अधिकारमैत्री वनाउने र स्वच्छ सनुवाइको अधिकार सुनिश्चित गर्ने,

६. फौजदारी न्याय प्रणालीको प्रक्रियामा संलग्न सरोकारवालाको भूमिका स्पष्ट गर्ने,

७. फौजदारी न्याय प्रणालीलाई सरल, पहुँच योग्य, वस्तुनिष्ठ र पूर्वानुमानयोग्य बनाउने ।

नागरिकले भय र त्रास विना स्वतन्त्रपूर्वक र सुरक्षायुक्त जीवन यापन गर्न पाउने वातावरण सिर्जना गर्नु राज्यको प्राथमिक कर्तव्य हो। सुरक्षायुक्त वातावरणले नागरिकलाई राज्यप्रति वफादारिताको भावना जागृत गराउँछ। नेपालमा समय समयमा लागू भएका मुलुकी ऐनहरू कानूनको एकीकरण भएतापनि संहिताकरण भने होइन। मुलुकी ऐनमा प्रयुक्त शव्दावली मात्र पुराना होइनन् कि अवधारणगत रूपमा पनि आजको परिवेश अनुकूल छैनन्। यसै कुरालाई मध्यनजर गरी कार्यदल गठन गर्दा अपराध संहिता र फौजदारी कार्यविधि संहिताको

मस्यौदा गर्ने कार्यक्षेत्रगत शर्त तोकिएकोले फौजदारी कानूनलाई संहिताकरण गर्ने नीति नेपाल सरकारवाट अख्तियार भएको मान्नु पर्ने हुँदा सोही बमोजिम कार्यदलबाट अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण र कार्यान्वयन) ऐनको मस्यौदा तयार गरी नेपाल सरकार समक्ष पेश गरिएको थियो ।

फौजदारी कानून सुधारका विधेयकहरू तयार गर्दा कार्यदलले मनोगत रूपमा आफ्नो प्राज्ञिक ज्ञानलाई जबरजस्ती कानून प्रणालीमा लाद्ने धृष्टता नगरी तथ्य, आवश्यकता, अनुभव र अध्ययनजस्ता थुप्रै कुराहरूलाई आधार लिएको थियो । मस्यौदा तयार गर्नु अघि नेपालको फौजदारी कानूनको समग्र अध्ययन, सर्वेक्षण र समीक्षा गरिएको थियो । तत्कालीन परिवेशमा लागू भएका भारतीय अपराध संहिता (१८६०), जापानी अपराध संहिता, अष्ट्रेलिएन Model Criminal Code, भारतीय फौजदारी कार्यविधी संहिताका व्यवस्थाहरूलाई अध्ययन गरिएको थियो ।

प्रस्तावित विधेयकहरू नेपालको समग्र फौजदारी न्याय प्रणालीलाई गुणात्मक रूपमा सुधार गर्ने उद्देश्यले लामो प्रयास र व्यापक परामर्श पछि तर्जुमा गरिएको हुनाले यी विधेयकहरूले नेपालको सन्दर्भमा नयाँ कानूनी व्यवस्थाहरू प्रस्ताव गरेको छ । यी विधेयकहरू मुलुकी ऐन वा अन्य केही नेपाल ऐन संशोधन वा खारेज गर्ने उद्देश्यले मात्र तर्जुमा गरिएका नभई नेपालको फौजदारी कानून प्रणालीलाई मानव अधिकारमैत्री, प्रभावकारी, चुस्त र एकाइसौं शताब्दीको चुनौतीलाई सामना गर्न सक्ने गरी नविनतम् व्यवस्था प्रस्ताव गरी तयार गरिएको छ ।

कानूनको आधुनिकीकरण र सुधार नियमित रूपमा हुन प्रक्रिया भएकोले यसलाई शासकीय सुधारको एक अभिन्न अंग मान्नु पर्दछ। नेपालको फौजदारी न्याय प्रणालीलाई आधुनिकीकरण गर्नका लागि उपयुक्त सुधारका विधेयकका अतिरिक्त देहायका विषयमा आवश्यकतानुसार अविलम्ब कानून तर्जुमा वा परिमार्जन गरिनु पर्दछ ।

१. साक्षी संरक्षण ऐन,

२. संगठित अपराध निवारण ऐन,

३. Whistler Blower (सुराकी) संरक्षण ऐन,

४. सपुर्दगी ऐन,

५. पारस्परिक कानूनी सहायता ऐन,

६. अन्य आवश्यक ऐन,

फौजदारी कानून प्रणालीको सुधारका लागि निम्नानुसारको कार्यहरू गरिनु पर्ने आवश्यकता रहेको छः-

- कानून प्रणालीमा संलग्न मानवस्रोत र कानून कार्यान्वयन गर्ने अधिकारीको लागि नियमित प्रशिक्षण,
- कानून कार्यान्वयन गर्ने निकायहरूको सुदृढीकरण,

- कारागारको भौतिक तथा संस्थागत सुधार,
- कानून कार्यान्वयन गर्ने निकायको प्रभावकारिताका लागि नियमित रूपमा पर्याप्त बजेट विनियोजन,
- अपराध अनुसन्धान निकायको स्थापना,
- क्षेत्रीयस्तरमा र प्रमुख सहरहरूमा विधिविज्ञान प्रयोगशालाको स्थापना,
- कसूरदातालाई सपुर्दगी गर्न सकिने वा फौजदारी विषयमा न्यायिक कारबाहीमा सहायता आदनप्रदान गर्न सकिने संयन्त्र ।

## ५. कार्यपत्रहरू र विधेयकहरूमाथि टिप्पणी गर्नु हुँदै - प्राध्यापक श्री माधवप्रसाद आचार्य

हामी अझसम्म पनि परम्परागत कानूनी प्रणली अँगाली रहेका छौ । कानून व्यवसायीहरूले न्यायको लागि काम नगरेर कालोलाई सेतो र सेतोलाई कालो बनाउने तर्फ लागिरहने हो भने अब हामीहरूलाई Officer of Court भन्न सुहाउँदैन । कानून व्यवसायी आफैले अन्य व्यक्तिहरूलाई न्याय दिलाउन सकेका छैनौं भन्ने महसुस गरिरहेका छौं भने हामीहरू देशको अर्को भष्ट्रचारी हौं, जसले कानूनलाई तुहाउने कार्य गरिरहेका छौं । नेपालमा कसूरको सौदावाजी (Plea Bargaining) को अवधारणा नभएकोले कानूनले नै वकीललाई झूठो बोल्न प्रोत्साहन गरिरहेको छ । कुनै अभियुक्त अदालत तथा प्रहरीमा साविती हुन्छ र अदालतको अनुसन्धानमा सहयोग पुऱ्याउँछ भने उसलाई कुनै प्रकारको सुविधा वा सजायमा छुट हुने व्यवस्था नेपालको कानूनमा रहेको छैन । त्यसैकारण वकीलले आफ्नो पक्षलाई साँचो कुरा भन्न प्रोत्साहन गर्दैनन् । यस्तो व्यवस्थाले वकीललाई समाजको सामु भूठा कुरा सिकाउने फटाहाको दर्जा दिएको कुरा थाहा हुँदाहुँदै पनि यसलाई परिवर्तन गर्नु पर्छ भन्ने कुरा अगाडि आउन सकेको देखिदैन ।

प्रहरीले अनुसन्धान गरेर ल्याएको सम्पूर्ण कागजातलाई सरकारी वकीलहरू हुवहु सार्न बाध्य भएका छन् । त्यसमा रहेको प्रमाणलाई केलाउने तथा विश्लेषण गर्ने काम चुस्तरूपमा हुन सकेको छैन । अभियोजनमा भएका कुराहरू अदालतले फैसला लेख्दा समेत सार्ने काम गरिरहेका छन् । सबै मुद्दाहरूमा अभियोजन गर्दा सरकारी वकीलले प्रष्टरूपमा लागेको अभियोग, प्रयुक्त हुने कानून र माग गरिएको सजाय खुलाउन सकेको खण्डमा मात्र पनि परम्परागत न्याय प्रणालीमा ठूलो परिवर्तन आउँन सक्छ ।

न्यायालयको फैसला लेख्ने पद्धति एकदमै पराम्परागत रहेको छ, संसारको कुनै पनि मुलुकमा हाम्रो जस्तो फैसला लेख्ने गरिदैन । विदेशमा फैसला लेख्दा मुद्दाको तथ्य र आपराधिक विधिशास्त्रलाई विश्लेशण गर्ने गरिन्छ भने नेपालमा अभियोजनमा राखिएको सबै कुरालाई हुबहु सार्ने काम मात्र गरिन्छ । अभियोगपत्र लेखनमा परिवर्तन आउने हो भने त्यसको प्रभाव फैसला लेखनमा पनि पर्ने भएकोले यसतर्फ बिशेष ध्यान दिनु पर्दछ ।

प्रस्तावित विधेयकमा सजाय माफी गर्दा प्यारोल समितिको सिफारिसमा गर्ने व्यवस्था राखिएको कुरा हास्यास्पद छ। सजाय निर्धारण गर्दा वादी र प्रतिवादी दुवै पक्षले आफ्नो कुरा राख्ने व्यवस्था रहेको अवस्थामा सामाजिक कार्यकर्ताको आवश्यकता देखिँदैन।

**प्रस्तावित विधेयकहरूमा गर्नुपर्ने सुधारहरू**

- प्रस्तावित अपराध संहितामा हेलचेक्राई र लापरवाहीलाई एउटै परिभाषा गरिएको छ। फौजदारी कानूनमा यी दुई कार्यहरू फरकफरक भएकाले भिन्दाभिन्दै परिभाषा गरिनुपर्छ।
- भवितव्यलाई ज्यान सम्बन्धी मुद्दाबाट हटाउनु पर्दछ किनभने यो प्रावधान फौजदारी कानूनको Universal Principle को विरूद्ध रहेको छ।
- मुलुकी ऐनमा षडयन्त्र हुनलाई चाहिने आवश्यक तत्वको सम्बन्धमा ठिकै छ, प्रस्तावित व्यवस्थाले प्रतिरक्षी कानून व्यवसायीले प्रश्न उठाउन सक्ने वातावरण सिर्जना गर्ने खतरा देखिन्छ,
- साक्षीले झूठो बोलेमा न्यायाधीशले पर्चा खडा गरी सजाय गर्न सक्ने व्यवस्था हुनु पर्छ, साक्षी इन्कारी रहेको अवस्थामा भने यस्तो कार्यको लागि छुट्टै कार्यविधि अपनाउनु पर्छ,
- अभियोग लगाउँदा सजायको न्यूनतम हद नराखी अधिकतम हद मात्र तोकिएको व्यवस्था ठिक छ। तल्लो हद नराखिएकोमा न्यायाधीशले अनियमितता गर्छन् कि भन्ने प्रश्न उठ्न सक्छ तर पद दिएपछि यस सम्बन्धमा हामीले न्यायाधीशलाई विश्वास गर्नुपर्दछ। अनियमितता हुन नदिन सशक्त कानूनी व्यवस्था हुनु पर्छ।
- आवेशप्रेरित हत्यामा सजायको मात्रालाई बढाएको छ (१० देखि १५)। एकातर्फ यो मानवीय कमजोरीको आधारमा हुने अपराध भएकोले कमजोर अपराध मानिएको छ भने अर्को तर्फ यसको सजायलाई बढाउनु पर्ने कारण देखिँदैन। त्यसकारण कुनै पनि प्रावधानलाई अरूको देशबाट नक्कल गर्नुभन्दा आफ्नो देशको सामाजिक अवस्था र परिवेशलाई हेरेर कानून निर्माण गर्नुपर्दछ ।
- विवाहको खुल्ला प्रावधालने समाजमा कस्तो खालको प्रभाव पार्दछ भन्ने कुरा समेतलाई हेनुपर्ने देखिन्छ। त्यसैले बहुविवाह, बालबालिकाको विवाहलाई बदर गर्ने मुलुकी ऐनको प्रावधान नै समय सुहाउँदो भएकोले प्रस्तावित व्यवस्था भन्दा भैरहेको प्रावधान नै उपयुक्त देखिन्छ।
- नेपाली समाजमा अझै पनि जारीको समस्या रहेको र यो व्यवस्था महिलामुखी समेत छ। त्यसकारण यो प्रावधानलाई नयाँ अपराध संहितामा समेट्नु एकदमै जरूरी छ।
- वहुविवाहको सम्बन्धमा पुरूषलाई मात्र सजाय गर्ने व्यवस्था गरिएको छ। लोग्ने हुँदाहुँदै महिलाले समेत अर्को विवाह गर्न सक्ने भएकोले यसलाई पनि मस्यौदामा समेट्नु पर्दछ। कतिपय जातजातिहरूमा नातामा विवाह गर्ने प्रचलन रहेको र धेरै भाइहरूले एउटै श्रीमती बनाउने प्रचलन रहेको र त्यसलाई कानूनी मान्यता नदिँदा समस्या सिर्जना हुने हुनाले भावी कानूनमा यस कुरालाई उचित स्थान दिनु पर्छ।

- प्रहरीले अभियुक्तलाई जमानतमा छाड्न सक्ने प्रावधान राखिएको छ, यस्तो खालको प्रावधानले प्रहरीले अनुचित कार्य गरी अभियुक्तलाई छाड्न सक्ने धेरै संभावना हुन्छ। त्यसकारण यस्तो क्रियाकलाप रोक्नको लागि अदालतको अनुमति लिएर मात्र अभियुक्तलाई छाड्न सक्ने प्रावधान राखिनु उचित हुन्छ।
- कुनै व्यक्ति अदालतबाट सफाइ पाई निर्दोष सावित हुन्छ भने उसलाई पर्न गएको क्षतिको आधारमा क्षतिपूर्ति भराइदिने व्यवस्था गर्नुपर्दछ।
- सजाय निर्धारण गर्दा छुट्टै सुनुवाइ गर्ने प्रस्तावित व्यवस्था राम्रो छ। दोषी ठहर गर्नु एउटा कुरा हो भने सजाय दिनु अर्को कुरा हो। त्यसकारण दोषी ठहराउँदा सो व्यक्तिको चालचलन तथा व्यवहार के कस्तो थियो भन्ने हेरिदैन भने सो अपराधीलाई सजाय तोक्दा उसको व्यवहार र आचरणलाई समेत ध्यान दिनुपर्ने हुन्छ।
- कसूर ठहर गर्दाका अवस्थामा अभियुक्तको पहिलेको आचरणका कुराहरू हेर्न सकिने आशयको व्यवस्था स्वच्छ पुर्पक्षको विरूद्ध भएकोले यस्तो खालको प्रावधानलाई राख्न नहुने।
- प्रस्तावित सजाय निर्धारण ऐनले कैदको विकल्पको रूपमा विभिन्न प्रावधानहरूको व्यवस्था गरेको छ। जस्तोः खुला कारागार, सजाय निलम्बन, सुधार गृह, प्यारोल जस्ता विकल्पहरूले अपराधीलाई सुधार गरी त्यही समाजमा फर्काउन सकिने र उनीहरूले आफ्नो जीवनको महत्वपूर्ण उमेरमा काम गर्न सक्ने व्यवस्था एकदमै राम्रो छ। तर दुई तिहाई कैद भोगेका कैदीहरूले यस्तो सुविधा पाउने र केही अपराधहरूमा यस्तो सुविधा पाउँदै नपाउने व्यवस्था गर्नु उपयुक्त हुँदैन। कैद दण्डको विकल्प उपभोग गर्न कैद सजाय व्यतीत गरेको समयको आधारमा नभएर कैदीहरूको अवस्था, व्यवहार र आचरणलाई ध्यान दिनुपर्दछ।
- आवेशप्रेरित हत्याको आरोपमा सजाय पाएको व्यक्तिलाई खुल्ला कारागारमा राखिनु पर्छ।
- निःशुल्क रूपमा सामाजिक कार्य गर्ने व्यवस्थाले भोकै बसेर काम गर भन्ने जस्तो देखिन्छ। यस्तो व्यवस्थाले सामाजिक कार्य गर्नमा प्रोत्साहन गर्दैन।
- प्यारोल बोर्डमा जिल्ला सरकारी वकीलको प्रतिनिधित्व नरहेकोले राजनीतिक हस्तक्षेप हुने धेरै सम्भावना रहन्छ। जिल्ला स्थित प्यारोल बोर्ड न्यायाधीशको अध्यक्षतामा गठन गरिनुपर्ने र केन्द्रको प्यारोल बोर्ड प्रधान न्यायाधीशको अध्यक्षतामा खडा गरिनुपर्ने, जसले गर्दा प्यारोल बोर्डमा राजनीतिक हस्तक्षेप हुँदैन।
- विधेयकमा प्यारोल तथा प्रोवेशन बोर्ड रहने व्यवस्था गरिएको छ। प्यारोल बोर्ड हुन्छ तर प्रोवेशनको लागि बोर्ड हुँदैन।
- प्रस्तावित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनको दफा १ को उपदफा (३) मा केही दफाहरू नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरिसकेपछि मात्र लागू हुन्छ भन्ने प्रावधानले गर्दा यी दफाहरू लागू नै नहुने शंका देखिन्छ। यसले सुधारात्मक व्यवस्थाहरू कार्यान्वयनमा आउन नसक्ने खतरा देखिएको छ। त्यसकारण यस विधेयकको कार्यान्वयन नै कमजोर देखिएको छ।

# ६. समूह छलफल र प्रस्तुति

तीनवटा विधेकयहरूको सम्बन्धमा छुट्टाछुट्टै छलफल गर्न तीनवटा समूहहरू विभाजन गरिएको थियो। हरेक समूहले विधेयकहरू माथि छलफल गरी सुझावहरू प्रस्तुति गर्नुपर्ने गरी कार्य विभाजन गरिएको थियो। छलफलको कार्य पहिलो दिन र प्रस्तुतिको कार्य भोलिपल्टलाई राखिएको थियो।

## ६.१. फौजदारी कानून (सजाय निर्धारण तथा कार्यान्वयन)

| दफा | सुझाव तथा प्रतिकृया |
|---|---|
| १(३) | दफा १(३) मा उपदफा १ लेखिएको तर त्यसमा उपदफा (२) हुनुपर्ने। |
| २(झ) र ४९ | दफा २(झ) मा सामाजिक कार्यकरता को परिभाषा दफा ४९ मा उल्लेख भए बमोजिम भनिएतापनि सो दफामा प्रोवेशन अधिकृत र सामाजिक कार्यकर्ता तोक्ने कुरा उल्लेख गरिएको भएपनि प्रोवेशन र सामाजिक कार्यकर्ताको परिभाषा स्पष्ट छैन, स्पष्ट रूपमा परिभाषा गरिनुपर्छ साथै प्यारोलको समेत स्पष्ट रूपमा व्याख्या गरिनुपर्दछ। |
| दफा ८(२) | सजाय निर्धारण गर्दा कसूरदार ठहरिएको तीस दिनभित्र निर्धारण गरिसक्नु पर्नेछ भन्ने लेखिएको तर त्यसमा तीस दिन समय बढी भएकोले घटाउनुपर्ने। |
| दफा १०(४) | भिडियो कन्फरेन्स मार्फत कसूरदारलाई अदालतमा उपस्थित गराइने छ भन्ने प्रावधान कतिसम्मको प्रभावकारी र कतिसम्म व्यावहारिक हुने भन्ने कुरा छलफल आवश्यक रहेको |
| दफा ११ | सजाय निर्धारणको विधेयकको दफा ११ अपराध संहिताको दफा ४२ सँग बाझिएको। |
| दफा १२ | सजाय पूर्व प्रतिवेदन तयार गर्ने भन्ने प्रावधानमा कति दिन भित्र सो प्रतिवेदन तयार गर्ने भन्ने कुरा खुलाउनुपर्ने। |
| दफा १२(६) | सामाजिक कार्यकर्ता नियुक्त नभएको अवस्थामा अदालतले वादी तथा प्रतिवादीको कानून व्यवसायीलाई प्रतिवेदन तयार गर्ने आदेश दिने भन्ने प्रावधान रहेतापनि यदि वादी वा प्रतिवादीको कानून व्यवसायी नभएको स्थितिमा के हुने भन्ने कुरा स्पष्ट रूपमा खुलाउनु पर्ने। |

**प्रतिक्रियाहरू**

- **शोभा कार्की**

  विधेयकको दफा २७ को व्यवस्था सुधारात्मक सिद्धान्तमा आधारित रहेकोले यसको कार्यान्वयनमा विशेष जोड दिनुपर्ने देखिन्छ ।

- **थानेश्वर काफ्ले**

  दफा १२ को व्यवस्था जटिल रहेको छ। कानूनले नै प्रस्ट रूपमा सजाय निर्धारण गरिएको अवस्थामा त्यसको लागि फेरी अदालतले प्रतिवेदन तयार गनुपर्ने भएकोले यसले मुद्दालाई लम्ब्याउँछ ।

- **आस्था दाहाल**

  सजाय निर्धारण विधेयकमा उल्लेखित धेरैजसो प्रावधानहरू अपराधीलाई केन्द्रित गरी बनाइएको देखिन्छ। अन्य मुलुकमा अपराधीलाई सजाय गर्दा पीडितको समेत राय लिने प्रचलन रहेको हुँदा हामीहरूले पनि यस कुरालाई ध्यान दिनुपर्छ ।

## ६.२. फौजदारी कार्यविधि संहिता

| दफा | सुझावहरू |
|---|---|
| २(घ) | प्रतिवेदनलाई पनि उजुरीको परिभाषामा पारिएको छ। प्रतिवेदन धेरै नै साधारण कुरा हो । |
| ४(१) | कुनै कसूर हुन लागेकोमा पनि जाहेरी दिन पाउने व्यवस्था थपिनुपर्ने । |
| ५(३) | माथिल्लो निकायले पुन पठाउँदा “दर्ता गर्न वा दरपिठ गर्न वा तामेलीमा राख्न” पाउने गरी पठाउनु पर्ने । |
| ६(६) | घटनास्थल प्रकृति मुचुल्काका व्यक्तिको नाम, थर, वतन, टेलिफोन सत्य साँचो नै लेखिने कुराको प्रत्याभूत हुनुपर्ने |
| ४ (१०) | कसूरको सूचना, दरखास्त प्राप्त भएको “३ दिन भित्र” सम्बन्धित कार्यालयमा पठाउने भन्नु को सट्टा “तल्काल पठाउने व्यवस्था हुनुपर्ने (नजिकको कार्यालयमा दर्ता गरिएको अवस्थामा) |
| ९(११) | महिलालाई पक्राउ गर्नुपर्दा अनिवार्य रूपमा महिला कर्मचारी रहनु पर्ने । |

| | |
|---|---|
| १४ (६) | म्याद थपको क्रममा कानून व्यवसायी राख्ने पक्षको अधिकार कै रूपमा रहनुपर्ने । |
| १५ | कानून व्यवसायीको जिम्मामा हाजिर जमानीमा छाड्न सक्ने व्यवस्था हुनुपर्ने |
| ५० | उजुरी दर्ता नगरी दरपिठ गर्दा उक्त उजुरी कहाँ दर्ता हुने हो त्यो पनि बताई दिनुपर्ने (यदि अधिकारक्षेत्र नभएको कारण) |
| ६७ | सावितीलाई स्वतन्त्र प्रमाणले corroborate नगरेमा थुनछेकको लागि प्रमाण मान्न नहुने । |
| ६७(१)(ग) | १ (ख) अनुरूप कै दण्ड (कैद) को हदलाई मापदण्ड मान्नुपर्ने । |
| ६७(३) | पचहत्तर वर्षको सट्टा ज्येष्ठ नागरिक भन्ने हुनुपर्ने । |
| १८४ | अनुसन्धान अधिकारीका अगाडि सबै व्यक्ति, नागरिक समान हुने प्रत्याभूति गर्नुपर्ने । |

**थप सुझाव**

- Miscarriage of Justie भएको अवस्थामा "निर्दोष प्रमाणित भएको व्यक्तिलाई उचित क्षतिपूर्ति दिने व्यवस्था" हुनुपर्ने ।
- यस कानून (विधेयक) को नाम वा पहिचान "मुलुकी ऐन" को रूपमा हुनुपर्ने ।

● **रामलोचन झा**

कार्यविधि सम्बन्धी विधयेकको दफा ५९ मा अभियुक्तको नाममा समाह्वान जारी गनुपर्ने भन्ने शब्दको सट्टामा "मुद्दाको पक्ष" लेख्न उपयुक्त हुन्छ । यदि प्रहरीले जाहेरी दर्ता गर्न नमानेमा रिटको क्षेत्रलाई अपनाउनुपर्ने व्यवस्था अझै पनि रहेको छ । जसले व्यक्तिलाई दुःख तथा हैरानी दिन्छ । तसर्थ यसको विकल्प पनि खोजिनु पर्छ । अझै पनि दोहोरो जाहेरीले गर्दा व्यक्तिलाई दुःख हैरानी दिनेमात्र होइन, प्रहरी तथा न्यायिक निकायको समय समेत बर्बादी भइरहेको छ । खासगरी सवारी ज्यानमा पहिले चालक र प्रहरी मिलेर खलासीको नाममा मुद्दा दायर गर्ने र पछि फेरि दोस्रो जाहेरी चालकको नाममा गर्ने खालको अभ्यासलाई समेत समेट्ने गरी कानून निर्माण गर्नु पर्छ ।

- **गुरूभक्त निरौला**

  यदि नयाँ कार्यविधि कानूनको नाम मुलुकी ऐन नै राख्नुपर्ने हो भने ‘मुलुकी ऐन’ भन्ने शव्दलाई कोष्ट भित्र राख्नुपर्छ ।

- **दमन चन्द**

  विधेयकको दफा ६५ मा यदि घरको मुली नै फरार रहेको खण्डमा के हुने भन्ने कुरा नखुलाएको कारणले गर्दा समस्या आउने हुनाले सो समेत राखिनुपर्ने ।

- **धिरेन्द्र सिंह**

  अपराध संहिताको दफा २४ र फौजदारी कार्यविधि संहिताको दफा १५५ बाझिएकोले यस्तो खालको प्रावधानहरू राख्न नहुने ।

- **नायब महान्यायाधिवक्ता पुष्पराज कोइराला**

  दोस्रो जाहेरी पर्नुको कारण अनुसन्धान प्रक्रिया फितलो भएकोले हो । यसलाई रोक्न कानूनको निर्माण भन्दा पनि अनुसन्धान प्रणालीलाई प्रभावशाली बनाउनुपर्दछ । जाहेरी दरखास्त भनेको अपराधको जानकारी मात्र हो, सो जानकारी ठिक हो या होइन भन्ने कुरा अनुसन्धानबाट मात्र थाहा हुन्छ । त्यसकारण पनि जति वटा जाहेरी आएतापनि दर्ता गर्नुपर्छ ।

  कसैले प्रहरीमा जाहेरी दिन्छ भने प्रहरीले अनिवार्य रूपमा दर्ता गर्नुपर्नेछ । जाहेरी दर्ता गर्न नसक्ने कुनै कारण भएमा दरपिठ गर्नु पर्ने र यसरी दरपिठ गर्दा सो जाहेरी कुन ठाँउमा लाग्ने भन्ने कुरा पनि स्पष्ट रूपमा खुलाउने प्रावधान समेत राखिनु उचित हुन्छ । साक्षीले गलत नाम, थर लेख्ने गरेकोले सो कुरालाई रोक्नको लागि सर्वोच्च अदालतले साक्षीको परिचय लेख्दा उसको नागरिकता नम्बर, फोन नम्बर समेत लेख्ने गरेको पाइन्छ । त्यसरी नै रोहवरका व्यक्ति राख्दा स्वतन्त्र व्यक्तिलाई राख्ने प्रावधान रहेकोले सो व्यक्तिको नाम, थर, वतन समेत स्पष्ट रूपमा लेखिनुपर्ने कानूनी व्यवस्था हुनु उपयुक्त हुन्छ ।

## ६.३. अपराध संहिता

| शिर्षक | दफा | सुझाव तथा प्रतिकृया |
|---|---|---|
| कसूरको गम्भीरता वढाउन तथा घटाउने अवस्थाहरू | ३८(क) | ७५ वर्ष भनेको ज्यष्ठ नागरिक ऐनसँग वाझिएको । |
| सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्था | ४७(२)(१) | दफा ४७(२)(१) मा थप गर्नुपर्ने<br>✓ जन्म कैदमा सजाय पाएकोमा |

| | | |
|---|---|---|
| | | ✓ (घ) को व्यवस्था विचारणीय |
| कसूर गरी प्राप्त गरेको सम्पति र कसूर गर्न प्रयोग भएका साधन सम्बन्धी व्यवस्था | ४९, ५०, ५१ | विगो जरिवाना वापत रकम पीडितले पाउनु पर्ने । |
| राज्य विरुद्ध कसूर | ५२, (१), ५२ (२), ५३, ५८ | ५२ (१) संगठन र समूह हुनु पर्ने<br>५२ (२) वा कार्य थप्नु पर्ने<br>५३, राजद्रोह मा १५ वर्ष कैद हटाउने<br>५८ राष्ट प्रमुख पनि थप्ने । |
| सार्वजनिक शान्ति विरुद्धको कसूर | ६८ देखि ७४ | ६८ देखि ७४ सम्म कैद सजाय वढाएर ५ वर्षसम्म र २ लाख रूपैयाँसम्म गर्ने । |
| सार्वजनिक न्याय विरुद्धको कसूर | ९४,९४ (२), १०१ | ९४, लोप वा हराइएको अवस्थामा थप्नु पर्ने ।<br>९४(२), विगो वमोजिम सजाय<br>१०१, वा कानून व्यवसायीलाई दुर्व्यवहार गर्न हुँदैन भन्ने थप्ने । |
| सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा र नैतिकता | १०९ देखि ११७, | १०९ देखि ११७ सजाय र जरिवानामा पुनर्विचार गर्नु पर्ने । |
| विस्फोटक पदार्थ | १४३,(२) | १४३, (२) १० वर्ष कैद र २ लाख रूपैयाँ । |
| विवाह सम्बन्धी कसूर | १७८, १७५, १७६, ४ | १७५ (१) महिला र पुरुष दुवैको वर्ष १८ हुनु पर्ने<br>१७६, ४ मा वा को ठाउँमा र<br>१७८, थाहा पाएको सट्टामा प्रकाशमा आएको मिति राख्नु पर्ने । |
| अपहरण वा शरीर वन्धक सम्बन्धी कसूर | २१२ (क), | २१२ (क), अन्य सम्पर्कबाट वञ्चित रहने गरी एकान्त ठाउँमा, गर्नुपर्ने । |
| ठगीको, आपराधिक विश्वासघात तथा आपराधिक | २४९ (३) (क), २५३ | २४९(३) (क), ३ देखि १० हुनुपर्ने<br>२५३ (२) डर पछाडि अपहरण गर्ने गराउने |

## ७. समापन

कार्यक्रमको अन्त्यमा मन्तव्य राख्दै अधिवक्ता शान्ति मिश्र र कलमबहादुर थापाले कार्यक्रम अन्यन्त उपलव्धिमूलक भएको विचार व्यक्त गर्नुभयो भने सेलर्डको तर्फबाट सुकदेव सापकोटाले कार्यक्रमको उद्देश्य र यस कार्यक्रममा सेलर्डको भूमिकाको सम्बन्धमा चर्चा गर्नुभएको थियो ।

- **नायाब महान्याधिवक्ता पुष्पराज कोइराला**

  यस कार्यक्रममा धेरै कुराहरू राखेको र धेरै कुरा सुन्ने मौका पाएकोमा धेरै नै खुशी लागेको छ। फौजदारी न्याय सम्बन्धी तीनवटा नयाँ विधेयकहरूको सवै व्यवस्थाहरूमा सबैको सहमति नहुन पनि सक्छ तथापि बहुमतले स्वीकार गरेको कुरालाई मान्नु पर्दछ। तपाईहरूले दिएको सुझावलाई संसदमा पेश गरिने छ। जसबाट हाम्रो कानूनी प्रणालीलाई सुधार गर्न सहयोग मिल्नेछ। नेपालले अन्य देशको कानूनी प्रणालीलाई हुबहु नक्कल गरेको नभै आफ्नो परम्परा र अनुभवको आधारमा नेपाली कानूनी प्रणालीको विकास भएको हो। त्यसैले अहिले पनि गीतामा लेखिएको कुरालाई हामीले कानूनमा व्यवस्था गरेका कैयौ उदाहरणहरू पाउन सक्छौं। यस अर्थमा हामीले अन्य देशको कानून प्रणालीलाई हुबहु सार्ने आवश्यक पर्दैन र गर्नु पनि हुँदैन। कानूनी व्यवस्था आफ्नै देशको सामाजिक बनोट, परम्परा र जनचाहना सुहाउने खालको विधिशास्त्र निर्माण गर्नुपर्छ।

  युरोपियन कानूनी प्रणालीलाई हेरेर सजाय निर्धारणको कानून बनाउँछौ भने सोही प्रकारको कारागार समेत बनाउनु जरुरी हुन्छ। नेपालीको आयु बढेको कारणले २० वर्षको जन्मकैदलाई बढाएर ३० वर्ष र जीवनको अन्तिम श्वास फेर्दासम्म कैद गर्ने प्रस्तावित व्यवस्था तर्कहीन र अत्यन्त हाँस्यास्पद रहेको छ। अपराधीहरूलाई दण्डको मकसद पूरा गरी सुधारात्मक अवधारणा एवं कैदको विकल्प सोच्नु पर्नेमा यसरी लामो कैद व्यवस्थाले अपराधी पालेर राज्यको खर्च बढाउनुको सट्टा बरु त्यस्ता अपराधीहरूलाई मृत्युदण्ड दिइनुपर्ने तर्कहरू उठिरहेका छन्।

  यस्तो हामीले सन् १९६६ को नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय अनुबन्धको दोस्रो प्रोटोकललाई अनुमोदन गरी मृत्युदण्डको खारेज गऱ्यौं। प्रस्तावित विधेयकको यस्तो कैद बढाउने व्यवस्थाले दोस्रो प्रोटोकललाई अनुमोदन गर्ने हाम्रो कार्य ठूलो गल्ति त थिएन भन्ने प्रश्नहरू उठिरहेका छन्। पटके अपराधीप्रति भने कठोर हुन उपयुक्त हुन्छ। धेरै कानून र कठोर कानून बनाउनु भन्दा पनि कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिनु बढी बुद्धिमानी हुन्छ।

## ८. लिखितरूपमा प्राप्त हुन आएका सुझावहरू

### ८.१ फौजदारी कसूर सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको सम्बन्धमा प्राप्त भएका सुझावहरू

| | |
|---|---|
| १. | **दफा:** ३३(३), ५२(५)(क), ५३(२), ५४(४), ५७(२)(क), ५७(२)(ख), ७४(२), १६५(२), १६६(२), १८१(१), १८३(२), १८४(३), १९०(८)(क), १९४(४), २१४, २१५(१), २१५(३), २२०(३)(क), २२०(३)(ख), २२०(३)(ग), २२०(३) (घ), २२०(३)(ङ), २३०(४), २४२(१), २४३(३), २४४(३)(क), २४४(३)(ख), २४९(४), २५६, २८७(३)(क), २८७(३)(ख), २८७(३)(घ), २८७(३)(ङ)<br>**भएको:** कैदको तल्लो हद राखिएको<br>**हुनुपर्ने:** सवैमा तल्लो हद हटाउने |
| २. | **दफा:** घ<br>**भएको:** (छ) पछि थप गर्ने<br>**हुनुपर्ने:** "थाहा पाएको मिति" भन्नाले मुद्दामा सरोकार भएको व्यक्तिले थाहा पाएको मिति सम्झनु पर्छ । |
| ३. | **दफा:** ३३ (३)<br>**भएको:** आधा सजाय<br>**हुनुपर्ने:** आधासम्म सजाय |
| ४. | **दफा:** ३७ (ब)<br>भएको: सवारी साधन<br>हुनुपर्ने: सवारी दुर्घटना |
| ५. | **दफा:** ३८<br>भएको: (ज) पछि थप गर्ने<br>हुनुपर्ने: (झ) पीडितले शर्त सहित वा निशर्तरूपमा स्वेच्छाले कसूरदारलाई क्षमा दिन चाहेको । |
| ६. | **दफा:** ४०<br>भएको: देहायको कुनै कसूर गर्ने कसूरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसूरदार जीवित रहेसम्म कैद गर्नु पर्नेछ<br>हुनुपर्ने: देहायको कुनै कसूर गर्ने पटके वा पेशेवर कसूरदारलाई जन्मकैदको सजाय गर्दा त्यस्तो कसूरदार जीवित रहेसम्म कैद गर्नु पर्नेछ |
| ७. | **दफा:** ४१<br>भएको: तीस वर्ष<br>हुनुपर्ने: बीस बर्ष |

| | |
|---|---|
| ८. | **दफाः ४८ पछि**<br>हुनुपर्नेः कुनै कसूरमा कसूरदार सावित भएको र अन्य प्रमाणहरूले कसूर गरेको देखिएको अवस्था भएपनि कसूर गरेको अवस्था र पकृतिलाई बिचार गर्दा ऐनले तोकेको सजाय चर्को पर्ने देखेमा फैसला गर्ने अधिकारीले कसूरदारलाई ऐन बमोजिमको सजाय ठहराई आफ्ना चित्तले देखेको सजाय र सोको कारण सहितको राय लेखि पुनरावेदन सुन्ने अड्डामा जाहेर गर्नु पर्छ। अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ। |
| ९. | **दफाः ५८(३)**<br>भएकोः उपदफा (१) बमोजिमको कसूर गर्ने व्यक्तिलाई जन्मकैद र<br>हुनुपर्नेः उपदफा (१) बमोजिम ज्यान लिएमा जन्मकैद र ज्यान लिने उद्योग गरेमा वा |
| १०. | **दफाः १०७ (३)**<br>भएकोः "वा त्यस्तो जिवाणु भएकी महिलासँ यौनसम्पर्क गर्न गएको रहेछ" भन्ने वाक्यांशको सट्टा<br>हुनुपर्नेः रहेछ र त्यस्तो जिवाणु रहेको व्यक्तिले आफ्नो रोगको सम्बन्धमा पीडितलाई जानकारी गराएको वा पीडितले त्यस्तो जानकारी पाउने मनासिव आधार देखिएको अवस्थामा |
| ११. | **दफाः ११६ (१)**<br>भएकोः कसैको जान सक्ने<br>हुनुपर्नेः कसैको ज्यान जान सक्ने |
| १२. | **दफाः १२०**<br>भएकोः महिला, बालबालिका वा शारीरिक रूपमा अशक्त व्यक्तिलाई<br>हुनुपर्नेः हटाउने |
| १३. | **दफाः १२१**<br>भएकोः वेश्यागमनको प्रचार गर्न नहुनेः १) कसैले कसैलाई वेश्यागमनको लागि आग्रह वा प्रचार गर्न हुँदैन।<br>हुनुपर्नेः यौन व्यवसायको प्रचार गर्न नहुनेः १) कसैले यौनकर्मी व्यक्ति बाहेक अन्य कसैलाई यौन व्यवसायको लागि आग्रह वा प्रचार गर्न हुँदैन<br>दफाः १२२<br>भएकोः "वेश्याबृत्ति वा बेश्यागमनका लागि घर, जग्गा प्रयोग गर्न दिन नहुनेः (१) कसैले वेश्यावृत्ति वा बेश्यागमको" भन्ने वाक्यांशको सट्टा<br>हुनुपर्नेः "यौन व्यवसायका लागि घर, जग्गा प्रयोग गर्न दिन नहुनेः (१) कसैले नेपाल सरकारले तोकिदिएको स्थान बाहेक अन्य स्थानमा यौन व्यवसायको |

| | |
|---|---|
| १४. | **दफा: १७७ (१)**<br>भएको: (१) विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को विवाह गर्न वा कुनै पुरुष विवाहित हो भन्ने जानी जानी त्यस्तो पुरुषसँग कुनै महिलाले विवाह गर्न हुँदैन ।<br>हुनुपर्नेः (१) बिवाहित पुरुष वा महिलाले आफ्नो बैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा अर्को बिवाह गर्न हुंदैन ।<br>(२) कुनै महिला वा पुरुष बिवाहित हो भन्ने जानीजानी त्यस्तो महिला वा पुरुषसँग कसैले बिवाह गर्न हुँदैन |
| १५. | **दफा: १७७ (४)**<br>भएको: उपदफा (१)<br>हुनुपर्नेः (५) उपदफा (१) र (२) |
| १६. | **दफा: १८० (२)**<br>भएको: जन्मकैदको<br>हुनुपर्नेः पन्ध्र वर्षसम्म |
| १७. | **दफा: १८१ (१)**<br>भएको: दश देखि पन्ध्र वर्षसम्म कैद र एक लाख रूपैयाँ देखि एकलाख पचास हजार रूपैयाँसम्म<br>हुनुपर्नेः दश वर्षसम्म कैद र एकलाख पचास हजार रूपैयाँसम्म |
| १८. | **दफा: १८४ (३)**<br>भएको: भवितव्यको व्यवस्था<br>हुनुपर्नेः हटाउने |
| १९. | **दफा: १८५**<br>हुनुपर्नेः उद्योगको परिभाषा हुनु जरुरी |
| २०. | **दफा: १९० (५)**<br>भएको: यस संहिता वा अन्य कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ ।<br>हुनुपर्नेः बीस वर्षसम्म कैद हुनेछ । |
| २१. | **दफा: १९१ (१) (क)**<br>भएको: गर्भवती महिलाको मञ्जुरीले<br>हुनुपर्नेः आफ्नो लोग्नेको गर्भधारण गरेकी महिलाले लोग्नेको मञ्जुरी लिन सक्ने अवस्थामा लोग्नेको मञ्जुरी लिई र अन्य गर्भवती महिलाको हकमा त्यस्तो महिलाको मञ्जुरीले |

| | |
|---|---|
| २२. | **दफा:** २२० (२)<br>भएको: अठार वर्ष<br>हुनुपर्ने: तेह्र वर्ष |
| २३. | **दफा:** २२० (४)<br>भएको: देहायको अवस्थामा बाहेक बैवाहिक सम्बन्ध कायम रहेको<br>हुनुपर्ने: बैवाहिक सम्बन्ध कायम रहेको देहायको अवस्थामा |
| २४. | **दफा:** २२९ (२)<br>भएको: एक वर्षभित्र<br>हुनुपर्ने: तीन/छ महिना भित्र |
| २५. | **दफा:** २३० (४)<br>भएको: जन्म कैद<br>हुनुपर्ने: जन्म कैदसम्म |
| २६. | **दफा:** ३०२<br>भएको: हैरान पार्ने बदनियतले चिठ्ठी पत्र लेखन नहुने<br>हुनुपर्ने: हैरान पार्ने कार्य गर्न नहुने |

**८.२ फौजदारी मुद्दाको कार्यविधि समबन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको सम्बन्धमा प्राप्त भएका सुझावहरू**

| | |
|---|---|
| १. | **दफा:** ११६<br>भएको: मुद्दा फिर्ता लिन नहुने:<br>हुनुपर्ने: मुद्दा फिर्ता लिने कार्यविधि: उपदफा (१) र (२) हटाई सोही अनुसार अन्य दफाहरूमा मिलाउने |
| २. | **दफा:** १४५ (१)<br>भएको: बीस वर्ष<br>हुनुपर्ने: दश वर्ष |
| ३. | **दफा:** १५५ (३)<br>भएको: एक दिन कैदको तीन सय रूपैंयाँका<br>हुनुपर्ने: कसूरदारको आर्थिक अवस्था हेरि एक दिन कैदको तीन सय रूपैंयाँसम्मका |

८.३ **फौज्दारी कसूरमा सजाय निर्धारण तथा कार्यान्वयन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा प्राप्त भएका सुझावहरू**

| | |
|---|---|
| १. | **दफा:** ९(२)<br>भएको: उपदफा (१) बमोजिम सुनुवाई गर्दा कसूर ठहर गर्ने न्यायाधीशको मुत्यु भएको, अवकास भएको वा निजलाई कडा रोग लागि कार्यसमपादन गर्न नसक्ने भएकोमा बाहेक अन्य जुनसुकै अवस्थामा निजले नै सुनुवाइ गरी सजाय निर्धारण गर्नु पर्नेछ।<br>हुनुपर्ने: उपदफा (१) बमोजिम सुनुवाइ गर्दा समाजशास्त्री वा अपराधशास्त्री वा दण्डशास्त्री मध्ये कुनै एक दुई वा सवैले सुनुवाई गरी सजाय निर्धारण गर्नु पर्नेछ। |
| २. | **दफा:** १७<br>भएको: (च) पछि थप गर्ने<br>हुनुपर्ने: कम वा बढी सजाय गर्नुको कारण |
| ३. | **दफा:** २४(१)<br>भएको: एक वर्षभन्दा कम कैद निर्धारण भएको<br>हुनुपर्ने: कुनै |
| ४. | **दफा:** २४(३)<br>हुनुपर्ने: हटाउने |
| ५. | **दफा:** २५(१)<br>भएको: दुई वर्ष वा सो भन्दा कम कैदको सजाय भएको<br>हुनुपर्ने: कुनै<br>**कारण:** माथि भनिए झैं |
| ६. | **दफा:** २६<br>भएको: लागू औषधको सेवनको कसूरदार<br>हुनुपर्ने: लागु औषधको सेवनको कसूरदार वा यौनजन्य कसूरदार |
| ७. | **दफा:** २७<br>भएको: एक वर्षसम्म कैद निर्धारण भएको<br>हुनुपर्ने: कुनै |

| | |
|---|---|
| ८. | **दफा:** २८<br>भएको: दुई तिहाई<br>हुनुपर्ने: एक चौथाई |
| ९. | **दफा:** २९<br>भएको: पाई कैद साजायको दुई तिहाई<br>हुनुपर्ने: पाएको पेशेवर वा पटके कसूरदार बाहेक अन्य कसूरदारले एक चौथाई |
| १०. | **दफा:** २९<br>हुनुपर्ने: प्रतिवन्धात्मक वाक्यांश हटाउने |
| ११. | **दफा:** ३१<br>भएको: बढी सजाय<br>हुनुपर्ने: बढी कैदको सजाय |
| १२. | **दफा:** ३१(२)<br>भएको: तीन दिन<br>हुनुपर्ने: एक दिन |
| १३. | **दफा:** ३५<br>भएको: तीस वर्ष<br>हुनुपर्ने: बीस वर्ष |
| १४. | **दफा:** ३७<br>भएको: देहायको कसूरदार बाहेकका कसूरदरको कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले तीन चौथाई<br>हुनुपर्ने: कुनै कसूरदरको कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले आधा<br>हुनुपर्ने: (क) देखि (च) सम्म हटाउने |

## ७. पुनरावेदनपत्रको मस्यौदा

**श्री सर्वोच्च अदालतमा चढाएको**

**पुनरावेदन – पत्र**

**सम्वत् २०६८ सालको स.फौ.पु.नं.**

विष्णुमाया कार्कीको जाहेरीले नेपाल सरकार ........................... **पुनरावेदक**

**वादी**

**विरुद्धः**

जिल्ला भक्तपुर, सिपाडोल गा.वि.स. वडा नं. ९ बस्ने रामबहादुर थापाको छोरा, भुवनेश्वरथापा...........................................१

खोटाङ्ग जिल्ला डुम्रेधारा पानी गा.वि.स. वडा नं. ५ तीनतले बस्ने त्रिलोचन पाण्डेको छोरा, कुलबहादुर पाण्डे..............................१

भोजपुर जिल्ला, चम्पे गा.वि.स. वडा नं. ४ घर बोक्ताम घर भई का.जि.का. म.न.पा. वडा नं. ९ गौशाला बस्ने रत्नबहादुर श्रेष्ठको छोरा इन्द्रबहादुर श्रेष्ठ.....................................................१

धनकुटा जिल्ला मुर्तिढुङ्गा गा.वि.स. वडा नं. १ स्थायी घर भई ऐ.ऐ. धनकुटा नगरपालिका वडा नं. ४ मा बसोबास गर्दै आएको दौलथमणि थापाको छोरा चन्द्रमणि थापा..............................१ **प्रत्यर्थी प्रतिवादी**

काभ्रेपलान्चोक जिल्ला पोखरीचौर गा.वि.स. वडा नं. ३ घर भई काठमाडौं कुमारीगाल डेरा गरी बस्ने कृष्णबहादुर चौलागाईंको छोरा रामहरि भन्ने खड्गबहादुर चौलागाईं............................१

सुनसरी जिल्ला इनरुवा न.पा. वडा नं. ९ बलाह बस्ने जयप्रसाद पोखरेलको छोरा हाल भक्तपुर जिल्ला सिपाडोल गा.वि.स. का सचिव रामप्रसाद पोखरेल................................................१

सिन्धुपाल्चोक जिल्ला गोल्चे गा.वि.स. वडा नं. १ लिदी बस्ने प्रतिलाल दोङको छोरा विकाश भन्ने सन्चवीर दोङ (लामा).........१

ओखलढुङ्गा सिस्नेरी गा.वि.स. वडा नं. ३ घर भै हाल सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं २ बस्ने जयबहादुर मगरको छोरा राजु थापा मगर................................................१

**मुद्दाः- सरकारी छाप दस्तखत किर्ते र ठगी ।**

**फैसला गर्ने अदालत** :- श्री पुनरावेदन अदालत, पाटन ।

**फैसला गर्ने न्यायाधीश** :- माननीय न्यायाधीश डा. श्री हरिवंश त्रिपाठी ।

माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ ।

**फैसला भएको मिति** :- २०६८/१/१३

**सुचना प्रांप्त मिति** :- **२०६८।४।१३**

उल्लेखित प्रत्यर्थी/प्रतिवादीहरू भएको प्रस्तुत मुद्दामा काठमाडौं जिल्ला अदालतको मिति २०६७।१।१७ को फैसला उपर वादी नेपाल सरकार र प्रतिवादीहरूको तर्फबाट पुनरावेदन अदालत, पाटन समक्ष पुनरावेदन परेकोमा उक्त अदालतवाट शुरु फैसलालाई केही उल्टी गर्ने गरी भएको प्रस्तुत फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को अवस्था विद्यमान रहेको हुँदा उक्त फैसला उपर गुज्रेको म्याद थमाई, थामी पाएको म्याद भित्रै सम्मानित अदालत समक्ष निम्न जिकिरहरू लिई यो पुनरावेदन-पत्र प्रस्तुत गरिएको छ ।

१. मुद्दाको सम्पूर्ण तथ्य सक्कल मिसिल झिकाई हेरिँदाको अवस्थामा अवगत हुने नै हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन ।

२. प्रस्तुत मुद्दाका प्रत्यर्थी/प्रतिवादीहरू उपर मुलुकी ऐन, किर्ते कागजको महलको १ नं., ७ नं. र १२ नं. को कसूर र ठगीको १,२ र ४ नं. को कसूरमा ऐ. किर्ते कागजको ७ र १२ नं. तथा ऐ. ठगीको महलको ४ नं. बमोजिम सजाय गरी ठगी गरेको विगो रु. ३३ लाख जाहेरवालालाई दिलाई भराई पाउने मागदाबी लिई काठमाडौं जिल्ला अदालतमा अभियोगपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादी रामप्रसाद पोखरेल, कुलबहादुर पाण्डे र खड्गबहादुर चौलागाईंलाई अभियोग दाबीबाट सफाई दिने तथा अन्य प्रतिवादीहरूलाई ठगी तर्फ मात्र सजाय गर्ने गरी फैसला भएकोमा सो फैसला उपर वादी र प्रतिवादी दुवैको तर्फबाट पुनरावेदन अदालत, पाटन समक्ष पुनरावेदन गरिएकोमा उक्त अदालतबाट शुरु फैसला केही उल्टी गरी शुरुमा सफाई पाएका प्रतिवादीहरूको हकमा शुरु सदर गर्ने र ठगी तर्फ सजाय पाएका प्रतिवादी भुवनेश्वर थापा, विकास भन्ने सन्चवीर दोङ (लामा) र राजु थापा मगरले किर्ते समेत गरेको ठहर गरी किर्ते कागजको महलको ९ र १२ नं. बमोजिम सजाय समेत गर्ने गरी शुरु फैसला उल्टी भएको अवस्था छ ।

३. प्रस्तुत फैसला गर्दा पुनरावेदन अदालत, पाटनले मूलतः निम्न आधारहरू लिएको देखिन्छ ।

(क) प्रतिवादी कुलबहादुर पाण्डे, रामहरि भन्ने खड्गबहादुर चौलागाइँ र रामप्रसाद पोखरेलले कसूरमा इन्कार रही बयान गरेको, किर्ते कागजका आधारमा जग्गा बिक्री गर्न लागेको तथ्यको जानकारी निजहरूलाई भएको विश्वासिलो आधार नदेखिएको तथा प्रतिवादी रामप्रसाद पोखरेलले गा.वि.स. को सिफारिस गरेको भन्ने नदेखिएको ।

(ख) यसरी सफाई पाएका प्रतिवादीहरू कुलबहादुर पाण्डे, खड्ग बहादुर चौलागाइँ र रामप्रसाद पोखरेलको उक्त किर्ते र ठगी कार्यमा संलग्नता रहे भएको नदेखिएको ।

(ग) प्रतिवादी इन्द्रबहादुर श्रेष्ठ, चन्द्रमणि थापा, रामप्रसाद पोखरेल, कुलबहादुर पाण्डे, रामहरि भन्ने खड्गबहादुर चौलागाइँले सरकारी छाप दस्तखत किर्ते गरेको पुष्टी हुन नआएको ।

(घ) प्रतिवादीहरू विकास भन्ने सन्चवीर दोङ (लामा), भुवनेश्वर थापा र राजु थापाले सर्भे नापीको नक्सा, प्रिन्ट, गा.वि.स.को सिफारिस पत्र समेत किर्ते गरेको पुष्टी हुन आएको हुँदा किर्ते कागजको ९ नं. बमोजिम जनही रु. ५०।- जरिवाना र ऐ. महलको १२ नं. बमोजिम १ वर्ष थप कैद समेत हुने ।

४. मूलतः उल्लेखित आधारहरू समेत लिई पुनरावेदन अदालत, पाटनले गरेको उक्त फैसला निम्न आधार कारणबाट त्रुटिपूर्ण भै बदरभागी रहेको छ ।

(क) प्रतिवादीहरू विकास भन्ने सन्चवीर दोङ (लामा), भुवनेश्वर थापा, राजु थापा मगरले सर्भे नापीको नक्सा प्रिन्ट, गा.वि.स.को सिफारिस पत्र समेत किर्ते गरेको ठहर भै तथा सोही किर्ते कागजात समेतको आधारमा बाटो नभएको जग्गालाई बाटो भएको जग्गा भनी जाहेरवालालाई झुक्याई, विश्वास दिलाई, गफलतमा पारी रु. ३३,००,०००।- ठगी गरेकोमा प्रतिवादीहरू भुवनेश्वर थापा, इन्द्रबहादुर श्रेष्ठ, चन्द्रमणि थापा, विकास भन्ने सन्चवीर दोङ (लामा), राजु थापा मगरलाई ठगी तर्फ कैद सजाय र जरिवाना समेत भएको हुँदा किर्ते ठगीको वारदात स्थापित नै हुँदा सो वारदातको सम्बन्धमा विस्तृत विवेचना गरिएको छैन ।

(ख) प्रतिवादीहरू कुलबहादुर पाण्डे, रामहरि भन्ने खड्गबहादुर चौलागाइँ र रामप्रसाद पोखरेलको उक्त किर्ते ठगी वारदातमा के कस्तो संलग्नता थियो भन्ने सम्बन्धमा हेर्दा प्रतिवादी रामप्रसाद पोखरेल सचिव रहेको भक्तपुर जिल्ला सिपाडोल गा.वि.स. को लेटरप्याड र छाप प्रयोग गरी किर्ते कागज तयार गरी जाहेरवालालाई ठगी गर्ने कार्य गरेकोमा विवाद छैन। उक्त कार्यालयको लेटरप्याड र छाप प्रयोग भएको कुरा प्रतिवादीले स्वीकार समेत गरेका छन् । आफ्नो जिम्मामा रहेको उक्त छाप समेत को कसले प्रयोग गरी किर्ते गरे भन्ने कुरा निजले खुलाउनु पर्नेमा सो समेत खुलाउन सकेको पाइँदैन। प्रतिवादी मध्येका कुलबहादुर पाण्डेले जग्गा खरिद गर्ने पक्षलाई झुक्यानमा पार्ने कार्यमा संलग्न भै जग्गा खरिदकर्ता र बिक्रीकर्ताका बीच कुरा गराई दिने व्यक्ति भन्ने निजले नै गरेको अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानबाट देखिन्छ। प्रतिवादी खड्गबहादुर चौलागाइँ समेत प्रतिवादी कुल बहादुर पाण्डे समेतसँग मिली जग्गा देखाउने लगायतका परिपञ्चमा सामेल रहेको भन्ने कुरा प्रतिवादीहरूकै बयान तथा जाहेरी दरखास्त, जाहेरवालाको बकपत्र समेतबाट

देखिन्छ। उल्लेखित प्रतिवादीहरूले जग्गा खरिदकर्तालाई जग्गा लिन मन्जुर गराई सकेपछि अपराधको पूर्णताको लागि किर्ते सिफारिस समेत तयार पारी सोही किर्ते कागजहरूको आधारमा जग्गा बिक्री गरेकोले उल्लेखित प्रतिवादीहरूको मिलेमतोमा किर्ते र ठगी दुवै कार्य भए गरेको देखिन आउँछ। यसरी योजनाबद्ध रूपमा उक्त किर्ते ठगी कार्य सफलतापूर्वक सम्पन्न गर्नका लागि प्रत्यर्थी/प्रतिवादीहरूले आ-आफ्नो ठाउँबाट विभिन्न भूमिका निर्वाह गरेका र जसको एकिकृत रूपमा उक्त किर्ते ठगी कार्य सम्पन्न भएको स्पष्ट रूपमा देखिँदा देखिँदै पनि मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नगरी उल्लेखित प्रतिवादीको संलग्नता सम्बन्धमा अन्यथा तर्क गरी कसूरबाट सफाई दिने गरी भएको फैसला मिसिल संलग्न प्रमाणको रोहबाट त्रुटिपूर्ण हुँदा उक्त फैसला बदरभागी छ।

(ग) प्रतिवादीहरूको सरकारी छाप किर्ते तर्फको संलग्नता सम्बन्धमा हेर्दा प्रतिवादी विकास भन्ने सन्चवीरको नाउँमा दर्ता रहेको बाटो नभएको कि.नं. ८७७ को जग्गाको किर्ते कागज तयार गरी राम्रो जग्गा छ भन्ने विश्वासमा पार्न अर्कै जग्गा देखाई बिक्री गरिएको छ भने प्रतिवादी राजु थापा मगरको डेरा कोठाबाट नापीका नक्सा प्रिन्ट बरामद भएको देखिन्छ। प्रतिवादी भुवनेश्वर थापाले किर्ते गरिएका कागज आफ्नो साथमा राखी खरिदकर्तालाई विश्वास दिलाउने कार्य गरेको देखिन्छ। प्रतिवादी रामप्रसाद पोखरेल कार्यरत रहेको गा.वि.स.को प्याड र छाप किर्ते कागजमा प्रयोग गरिएको तथा प्रतिवादी कुलबहादुर पाण्डे, इन्द्रबहादुर श्रेष्ठ र चन्द्रबहादुर थापा समेतले अर्कै जग्गा देखाई कि.नं. ८७७ को जग्गा किनाई दिएको कुरा निजहरूकै बयान तथा जाहेरवालाको किटानी बकपत्रबाट देखिन्छ। उल्लेखित प्रमाण र परिस्थितिको उचित मूल्याङ्कन पुनरावेदन अदालतको फैसलामा हुन सकेको पाइँदैन। सम्मानित सर्वोच्च अदालतबाट वादी नेपाल सरकार प्रतिवादी कृष्णप्रसाद गुमागाई समेत भएको *(ने.का.प. २०६७, अंक ८, नि.नं. ८४४४, पृष्ठ १३९६)* **सरकारी छाप दस्तखत किर्ते मुद्दामा किर्ते गर्ने मत सल्लाहमा पस्ने, लाभ लिने, सरोकार राख्ने, काम पूरा गर्न कुनै न कुनै संलग्नता देखाउने सबै किर्तेका कसूरदार हुने** भनी सिद्धान्त समेत प्रतिपादन भएकोमा पुनरावेदन अदालत, पाटनबाट भएको उल्लेखित फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित उक्त सिद्धान्त समेतको प्रतिकूल हुँदा उक्त फैसला बदरभागी छ।

(घ) यसरी मिसिल संलग्न रहेका कागजातहरूबाट किर्ते ठगी वारदातमा सजाय पाएका ठगीमा मात्र सजाय भएका तथा सफाई पाएका सबै प्रत्यर्थी/प्रतिवादीहरूले सामूहिक रूपमा संगठित तवरले बदनियतपूर्वक सरकारी छाप दस्तखत लागेका किर्ते कागजातहरू तयार गरी बाटो नभएको जग्गालाई बाटो भएको जग्गा हो भनी गा.वि.स. को सिफारिस, नक्सा प्रिन्ट तयार गरी जाहेरवालालाई अर्कै जग्गा देखाई झुक्यानमा पारी, विश्वास दिलाई सबै प्रतिवादीहरूले फरक फरक किसिमको भूमिका निर्वाह गर्ने कार्य गरेका र जसबाट एकीकृत रूपमा किर्ते कागज तयार गरिएको र जाहेरवालालाई रु. ३३,००,०००।- ठगी गर्ने कार्य सम्पन्न गरेको स्पष्ट रूपमा पुष्टी भै रहेको अवस्थामा केही प्रतिवादीहरूलाई दुवै वारदातबाट सफाई दिने, केहीलाई

ठगी तर्फ मात्र सजाय गर्ने र केहीलाई किर्तेको ९ नं. र ठगी तर्फ सजाय गर्ने गरी समानस्तरका प्रतिवादीहरूलाई फरक फरक किसिमका सजाय गर्ने गरी भएको उक्त फैसला प्रमाणको रोहबाट प्रथम दृष्टिमा नै त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

(ङ) प्रस्तुत मुद्दामा प्रतिवादीहरूले सिपाडोल गा.वि.स.को सिफारिस पत्र र सर्भे नापीको नक्सा प्रिन्ट किर्ते गरेको पुष्टी भएको अवस्था छ। सोही किर्ते कागजातहरूको आधारमा जाहेरवालाको रु.३३,००,०००।- ठगी गर्ने कार्य भएको मिसिल संलग्न रहेका आधार प्रमाणबाट पुष्टी भएको अवस्था छ। यस्तो अवस्थामा मुलुकी ऐन, किर्ते कागजको ७ नं. बमोजिम प्रतिवादीहरूलाई जरिवाना गरी ऐ. १२ नं. बमोजिम थप सजाय गर्नु पर्नेमा आकर्षित नै हुन नसक्ने सोही महलको ९ नं. अनुसार रु. ५०।- जरिवाना गरी ऐ. १२ नं. बमोजिम थप सजाय गरिएको उक्त फैसलामा मुलुकी ऐन, किर्ते कागजको ७ र ९ नं. तथा ठगीको १ र २ नं. का प्रयोग र व्याख्यामा गंभिर त्रुटि भएको हुँदा उक्त फैसला बदरभागी छ ।

अतः उल्लेखित आधार, कारणहरू समेतबाट पुनरावेदन अदालत, पाटनबाट भएको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्मको उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई शुरु अभियोग मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ ।

५. न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१) (ग) बमोजिम प्रस्तुत पुनरावेदन हेर्ने क्षेत्राधिकार सम्मानित अदालतलाई छ ।

६. सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १७ बमोजिम कुनै दस्तुर लाग्दैन ।

**पुनरावेदक**

वादी नेपाल सरकारका तर्फवाट

(..............................)

नायब महान्यायाधिवक्ता

इति सम्वत् २०६८ साल कार्त्तिक गते रोज शुभम् ..............................................।

# ८. दोहोऱ्याइ पाउँको निवेदनको मस्यौदा

**श्री सर्वोच्च अदालतमा चढाएको**

**निवेदन–पत्र**

विषयः- मुद्दा दोहोऱ्याई हेरी पाउँ ।

पाण्डव थपलियाको जाहेरीले नेपाल सरकार ............................ निवेदक

वादी

बिरुद्ध

जिल्ला काभ्रेपलाञ्चोक, भुल्लु गा.वि.स.वडा नं. ७ बस्ने कोमलप्रसाद थपलिया.......................................................................................१

ऐ.ऐ. बस्ने रामेश्वर थपलिया..........................................................१ विपक्षी

ऐ.ऐ. बस्ने वासुदेव थपलिया..........................................................१ प्रतिवादी

ऐ.ऐ. बस्ने नारायण भन्ने निजानन्द थपलिया.......................................१

ऐ.ऐ. बस्ने टेकनारायण थपलिया...................................................१

मुद्दा :- बोक्सीको आरोप ।

**फैसला गर्ने अदालत :-** पुनरावेदन अदालत, पाटन ।

**फैसला गर्ने न्यायाधीश :-** माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ ।

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी. ।

**फैसला भएको मिति :-** २०६८/३/१७

**सूचना प्राप्त मिति :-** २०६८/६/६

उल्लेखित विपक्षी/प्रतिवादीहरू समेत भएको प्रस्तुत मुद्दामा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०६७/६/७ मा भएको फैसला उपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत,

पाटनमा पुनरावेदन परेकोमा सो अदालतबाट शुरु फैसलालाई नै सदर गर्ने गरी गरिएको प्रस्तुत फैसलामा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) को अवस्था विद्यमान रहेको हुँदा सो फैसला उपर मुद्दा दोहोऱ्याई हेरी पाउन गुज्रेको म्याद थमाई थामी पाएका म्याद भित्रै निम्न जिकिरहरू लिई यो निवेदन-पत्र प्रस्तुत गरिएको छ ।

१. मुद्दाको सम्पूर्ण तथ्य सक्कल मिसिल झिकाई हेरिदाका अवस्थामा अवगत हुने नै हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन ।

२. प्रस्तुत मुद्दामा प्रतिवादीहरू कोमलप्रसाद थपलिया, रामेश्वर थपलिया, वासुदेव थपलिया, नारायण भन्ने निजानन्द थपलिया, टंकनारायण थपलियालाई मुलुकी ऐन, अदलको महलको १० को (ख) अनुसारको कसूर अपराधमा सोही महलको १०(ख) अनुसार सजाय हुन मागदाबी लिई काभ्रेपलाञ्चोक जिल्ला अदालत समक्ष अभियोग पत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसला उपर वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन अदालत, पाटन समक्ष पुनरावेदन गरिएकोमा उक्त अदालतबाट समेत शुरु फैसला सदर हुने ठहऱ्याई फैसला भएको अवस्था छ ।

३. प्रस्तुत फैसला गर्दा पुनरावेदन अदालत, पाटनबाट मूलतः निम्न आधारहरू ग्रहण गरेको पाइन्छ ।

(क) प्रतिवादीहरू मौकामा फरार रही अदालतमा हाजिर भै कसूरमा इन्कार रहेका ।

(ख) अनुसन्धानको क्रममा बुझिएका नवराज उप्रेती समेतले अदालतमा उपस्थित भई बकपत्र गर्दा जाहेरी र कसूरलाई पुष्टी गराउन नसकेको ।

(ग) प्रत्यक्षदर्शी भनिएका दुईजना मध्ये एकजना पूर्णबहादुर नेपाली उपस्थित नभएको, उपस्थित भएका चश्मदित बकुल्का रेशम भन्ने कान्छा परियारले आफु प्रत्यक्षदर्शी नभएको भनि वकपत्र गरेको ।

(घ) पीडित टंकदेवी थपलियाले स्वयं अदालतमा उपस्थित भई आफू उपर प्रतिवादीले गरेको अन्याय र दुर्व्यवहारका साथै प्रतिवादीहरू विरुद्धको जाहेरी र अभियोग दाबीलाई पुष्टी गराउन नसकेको ।

(ङ) वस्तुगत र प्रत्यक्ष प्रमाणहरूद्वारा वादी पक्षले अभियोग दाबी स-पुष्टी गराउन नसकेको

४. मुलतः उल्लेखित आधार लिई पुनरावेदन अदालत, पाटनबाट भएको उक्त फैसला निम्न आधार कारणहरूबाट त्रुटिपूर्ण भई बदरभागी छ ।

(क) महिलाले रुढीवादी र अन्धविस्वासको उपजको रूपमा बोक्सीको आरोपका नाममा विभिन्न शारीरिक , मानसिक र सामाजिक वहिष्कार जस्ता यातना भोगिरहेका छन् । महिला विरुद्ध हुने यस्ता जघन्य प्रकारका अपराध मानव चेतनाको स्तरको विकाससँगै केही रूपमा भए पनि बाहिर आउने अवस्था सिर्जना भएको छ । यसै क्रममा नेपाल कानूनमा पनि यस्तो कसूरलाई फौजदारी अपराधको रूपमा राखी सजायको व्यवस्था गरिएको छ । तथापि यस्ता मुद्दाहरू कानूनी रूपमा मुद्दाको रूपमा कमै मात्र अदालत

सम्म आइपुगेको अवस्था छ। यसै परिवेशमा विविध अवरोधका साथ पीडकलाई सजाय गराउने उद्देश्यले कानूनी रूपमा अदालत समक्ष दर्ता भएको प्रस्तुत वारदातमा किटानी जाहेरी परेको, जाहेरवालाले अदालतमा बकपत्र गर्दा जाहेरी व्यहोरा र सहीछाप आफ्नो भएको (स.ज.४) मा लेखाएको र को कसले कसरी बोक्सीको आरोप लगाएका हुन् भन्ने प्रश्नमा प्रतिवादीहरूको अगाडि सबैको नाम भन्न नसकि सो सम्वन्धमा जाहेरीमा नै व्यहोरा स्पष्ट पारेको छु (स.ज. ५) भनि लेखाई दिएबाट मौकाको जाहेरी अदालतको बकपत्रद्वारा पुष्टी भएको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा १८ अनुसार जाहेरवालाको बकपत्रलाई प्रमाणको रूपमा ग्रहण गरी फैसला गर्नु पर्नेमा प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसला कानूनी दृष्टिमा त्रुटिपूर्ण हुँदा उक्त फैसला बदरभागी छ।

(ख) प्रतिवादीहरू मौकामा फरार रहेबाट आरोपित कसूरमा पक्राउ गर्ने सम्भावनाबाट भागेको भन्ने प्रष्ट छ। पीडित टंकदेवी थपलियाको छोरा मजदुरीको सिलसिलामा बाहिर गएको अवस्थामा निज बृद्धा एकल महिला घरमा रहेकी र निजलाई बोक्सीको आरोप लगाएको र नाङ्गै पारी घुमाउने प्रतिवादीहरूले बनाएको योजना थाहा पाई पीडित आफ्नो घरमा ताला लगाई लुक्न आफन्तकोमा गएको मिसिल संलग्न कागजात, जाहेरी दरखास्त, बुझिएका व्यक्तिहरूको कागज र पत्रिकामा प्रकाशित खवरबाट देखिन्छ। दशैंमा छोरा घर फर्कदा आमाले घरमा ताला लगाएको देखी आमालाई खोजी गर्दै जाँदा भेटेपछि पीडितले आफू माथी भएको अन्याय छोरालाई बताएपछि छोराले जाहेरी दिएको अवस्था छ। यसरी किटानी जाहेरी परेको अवस्थामा सोतर्फ कुनै ध्यान नै नदिई मौकामा फरार रही अदालतमा आई कोरा इन्कारी बयान गरेकै आधारमा मात्र प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसला प्रमाणको रोहबाट त्रुटिपूर्ण छ।

(ग) मौकामा बुझिएका मानिसहरू नवराज उप्रेती समेतले अदालतमा बकपत्र गर्दा Hostile भएर बकपत्र गरेतापनि अनुसन्धानमा भएको उक्त कागजमा डर त्रास र दवावमा पारी लेखाएको भन्न नसकेको अवस्थामा उक्त मौकाको कागजको व्यहोरालाई प्रमाणमा नलिई बोक्सीको आरोप जस्तो सामाजिक अपराधलाई हल्का रूपमा लिई विविध कारणले गर्दा भएको Hostile बकपत्रलाई आधार मानी प्रतिवादीहरूलाई सफाई दिने गरी भएको फैसलामा मिसिल संलग्न रहेका आधार प्रमाणको समूचित मूल्याङ्कन हुन सकेको छैन। साथै मौकामा कागज गर्ने कृष्ण उप्रेतीले हजुरआमा घर छाडी आफ्नो घरमा आई बसेको भनी वकपत्र समेत गरेको र प्रतिवादीहरू मौकामा फरार रहेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार वादीले प्रमाण पुऱ्याउन नसकेको भनी सफाई दिने गरी भएको प्रस्तुत फैसलामा प्रमाणको मूल्याङ्कन र मुलुकी ऐन अदलको महलको १०(ख) को गम्भीर त्रुटि हुँदा उक्त फैसला बदरभागी छ।

अतः माथि उल्लेखित आधार एवं कारणहरूबाट पुनरावेदन अदालत, पाटनको फैसलामा गम्भीर कानूनी त्रुटिपूर्ण भएकोले उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई शुरु अभियोग मागदाबी बमोजिम सजाय गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध छ।

५. न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क) बमोजिम प्रस्तुत निवेदन हेर्ने क्षेत्राधिकार सम्मानित अदालतलाई छ ।

६. सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १७ बमोजिम यसमा कुनै दस्तुर लाग्दैन ।

निवेदक

वादी नेपाल सरकारका तर्फबाट

(..........................)

नायब महान्यायाधिवक्ता

ईति सम्वत् २०६८ साल मंसिर गते रोज शुभम्....................................................... ।

# ९. अभियोगपत्रको मस्यौदा

**श्री काठमाडौं जिल्ला अदालतमा पेश गरेको**

**स.मु.स. ऐन, २०४९ को दफा १८ बमोजिम प्रस्तुत गरिएको**

## अभियोगपत्र

आ.व. ०६८/६९ को निर्णय नं......

सरिता कार्कीको जाहेरीले नेपाल सरकार ........................................................ वादी

विरुद्ध

रामेछाप जिल्ला गोठगाउँ गा.वि.स. वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ७ स्थित घर नं. ४५ मा डेरागरी वस्ने बर्ष ४५ को रामबहादुर कार्की ........................................................................ प्रतिवादी

मुद्दाः- हाडनातामा जवरजस्ती करणी ।

**केशको व्यहोरा**

१. **प्रहरीको प्रतिवेदन**

मिति २०६८/०५/०८ गते बिहान अं. ०६:३० बजेको समयमा जिल्ला रामेछाप गोठगाउँ गा.वि.स. वडा नं. ७ घर भई का.जि. महादेवस्थान गा.वि.स. वडा नं. ७ चेकपोष्ट स्थित राधा के.सी.को घरमा डेरा गरी वस्ने रामबहादुर कार्कीले आफ्नै छोरी “सीत्तलपाटी क” लाई दिन प्रतिदिन कोठाको झ्याल ढोका र पर्दा समेत बन्द गरी बसिरहेको अवस्थामा बाहिरबाट साँचो लगाई दिएको भनी घर धनी राधा के.सी.ले मौखिक निवेदन गरेकोले तत्काल प्रहरी टोली खटी गई निजको श्रीमती र घर धनी समेत भई उक्त ढोका खोली भित्र प्रवेश गर्दा निज रामबहादुर कार्की र छोरी मात्र भेटिएकोले निजको छोरी “सीत्तलपाटी क” लाई सोधपुछ गर्दा मेरो बुबा रामबहादुर कार्कीले विगत एक हप्तादेखि सुतेको खाटमा आई चल्ने र पटकपटक यौन सम्पर्क गरेको भनी मौखिक बयान गरेकोले निज रामबहादुर कार्की समेतलाई सोध्दा विगत १५ दिन अगाडि र १ हप्ता अगाडि यौन सम्पर्क गरेको भनी बताएको हुँदा दुबै जनालाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि दाखिला गरिएको भन्ने समेत व्यहोराको मिति २०६८/०५/०८ गतेको पक्राउ प्रतिवेदन ।

## २. घटनास्थल प्रकृति मुचुल्का

का.जि.महादेवस्थान गा.वि.स.वडा नं. ७ स्थित घरधनी राधा के.सी. को एक तले पक्की घर दक्षिण पश्चिम मोहडा भई उत्तरपट्टि ढोका भएको कोठामा रामबहादुर कार्कीले आफ्नै छोरी वर्ष १३ की "सीत्तलपाटी क" लाई दिन प्रतिदिन बन्धक बनाई राखी यौन सम्बन्ध गरेको भनिएको कोठामा प्रवेश गरी हेर्दा छोरी उक्त कोठाभित्र दक्षिण तर्फ उभिई रहेको र बुबा रामबहादुर कार्की भित्र उभिएको अवस्थामा सोधपुछ गर्दा दुबै जनाले यौन सम्पर्क भएको भनी मौखिक बयान दिएको घटनास्थल मुचुल्का ठिक छ भन्ने समेत व्यहोराको मिति २०६८/०५/०८ गतेको चारकिल्ला सहितको घटनास्थल मुचुल्का ।

## ३. महानगरीय प्रहरी प्रभागको पत्र

प्रतिवादी रामबहादुर कार्कीले आफ्नै छोरी "सीत्तलपाटी क" लाई पटकपटक यौन सम्बन्ध राखेको भन्ने घटना सम्बन्धमा घटनास्थल सहित यस कार्यालयमा दाखिला हुन आएका निज रामबहादुर कार्की र "सीत्तलपाटी क" लाई आवश्यक अनुसन्धान एवम् कारबाहीको लागि यसै पत्रसाथ संकलित कागजातहरू सहित पठाइएको भन्ने समेत व्यहोराको महानगरीय प्रहरी प्रभाग, थानकोटको मिति २०८६/०५/०८ गतेको पत्र ।

## ४. जाहेरी दरखास्त

मेरी छोरी वर्ष १३ की "सीत्तलपाटी क" लाई श्रीमान रामबहादुर कार्कीले अनैतिक कार्य गरेको भनी मिति २०६८/०५/०५ गते तिर बताएकोले मैले डरले गर्दा भन्न नसकेको तर आज मिति २०६८/०५/०८ गते म होटलमा भएको अवस्थामा निज श्रीमानले नाबालिका छोरीलाई कोठामा राखी झ्याल, कोठा बन्द गरी पर्दा समेत लगाई अनैतिक कार्य गर्न लागेको अवस्थामा घरधनी राधा के.सी.ले बाहिरबाट ढोकामा ताला लगाई दिएको भनी जानकारी गराएकोले तत्काल प्रहरीलाई जानकारी गराई प्रहरी समेत भई कोठामा जाँदा छोरी तथा श्रीमानसँगै रहेको र छोरीलाई सोधपुछ गर्दा मिति २०६८/०५/०५ गते बुबाले यौन सम्पर्क गरेको र सो भन्दा पहिला पनि पटकपटक यौन सम्पर्क राखेका भनी बताएकोले यो जाहेरी दिन आएको छु, निज श्रीमान् प्रतिवादी रामबहादुर कार्कीले नाबालिका छोरी "सीत्तलपाटी क" लाई म नभएको मौका पारी जबरजस्ती करणी गरेको हुँदा कानून बमोजिम हदैसम्मको कारबाही गरी पाउँ भन्ने समेत व्यहोराको जाहेरवाला सरिता कार्कीको मिति २०६८/०५/०८ को जाहेरी दरखास्त ।

## ५. प्रसुति तथा स्त्रीरोग अस्पताललाई लेखेको पत्र

जबरजस्ती करणी गरेको भन्ने सम्बन्धमा यस कार्यालयमा दाखिला हुन आएकी पीडित "सीत्तलपाटी क" को स्वास्थ्य परीक्षण गरी, शरीरमा लागेको चोटपटक एवम् जबरजस्ती करणी गरेको लक्षण देखिन्छ देखिदैन र पीडितको स्वाब निकाली पठाइदिन हुन भन्ने समेत

व्यहोराको मिति २०६८/०५/०८ मा परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल, थापाथली, काठमाडौंलाई लेखेको पत्र ।

## ६. वीर अस्पताललाई लेखेको पत्र व्यहोरा

जबरजस्ती करणी मुद्दामा पक्राउ परी दाखिला हुन आएका प्रतिवादी रामबहादुर कार्कीको शारीरिक अवस्था समेत चेकजाँच गरी शरीरमा लागेको घाउ चोटपटक तथा जबरजस्ती करणी गरेको कुनै लक्षण देखिन्छ, देखिदैन परीक्षण पठाइदिन हुन भन्ने समेत व्यहोराको चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल काठमाडौंलाई मिति २०६८/०५/०८ गते लेखेको पत्र ।

## ७. पीडितको कागज

साविक झैं कोठामा सुतिरहेको अवस्थामा श्रावणको अन्तिम हप्तातिर बुबा प्रतिवादी रामबहादुर कार्की बेडमा आई ओढ्ने फाली दिएकोले उठ्न लाग्दा समाई मेरो संवेदनशील अंगमा चलाउन थालेकोले छटपटाउन लाग्दा उल्टै थप्पड हानी गई सुतेको र पुनः राती १२ बजे निदाउन लागेको अवस्थामा आई समाउन लागेको पछि उठ्न खोज्दा बोल्न नदिई कुटपिट गरी बोले मारी दिने धम्की दिई मेरो एकापट्टिको सुरूवाल पूरै खोली अर्को पट्टिको घुँडासम्म पुऱ्याई मेरो संवेदनशील अंगहरूमा खेलाई औंलाले चलाई सकेपछि म माथि घोप्टो परी चढी मेरो इच्छा विपरीत योनीमा निजको लिंग प्रवेश गराई केही क्षणपछि पीडाले रून कराउन थालेपछि छाडी गएको र ममीले रोएको थाहा पाई गाली गर्नु हुँदा ममीलाई नै कुट्न खोज्नु भएको र यसै गरी मिति २०६८/०५/०५ गते पनि कपडा पूरै खोली सोही प्रकारले उक्त कार्य गरेकोले सो समयमा पनि ममीले गाली गर्दा ममीलाई कुट्न खोज्नु भयो । त्यसपछि मलाई अन्य व्यक्तिहरूलाई भन्छ भनी पढ्न जान समेत नदिएकोमा यसै क्रममा मिति २०६८/०५/०७ गते राती पनि म सुतेको ठाउँमा आएकोमा हातगोडा चलाएपछि फर्की गएको थियो, यसै गरी ऐ.८ पनि मलाई ढोका थुनेर तलाई राम्रो हुन्छ झगडा हुँदैन कसैलाई नभन्नु भनी सम्झाई बुझाई गरेको अवस्थामा बाहिरबाट घरबेटीले चुकुल लगाई ममी तथा प्रहरी समेत आई ढोका खोली पक्राउ गरी ल्याएको हो, निज प्रतिवादीले मलाई जबरजस्ती करणी गर्दाको बखत लगाएको कुर्ता सुरूवाल धोई सकेको छु, यसरी निज प्रतिवादीले मेरो इच्छा विपरीत पटक पटक उक्त जघन्य अपराध गरेको हुँदा हदैसम्मको कारबाही सजाय हुनुपर्छ भन्ने समेत व्यहोराको पीडित "सीत्तलपाटी क" ले मिति २०६८/०५/१३ मा गरिदिएको घट्ना विवरण कागज ।

## ८. पीडितले गरिदिएको सनाखत कागज

पीडित "सीत्तलपाटी क" ले प्रतिवादी रामबहादुर कार्की उपर मिति २०६८/०५/१३ गते गरिदिएको सनाखत कागज ।

## ९. राधा के.सी.को घटना विवरण कागज

मेरो घरमा डेरा गरी बस्ने प्रतिवादी रामबहादुर कार्कीले छोरी पीडित "सीत्तलपाटी क" लाई सधैं कोठाभित्र थुनी राखी बाहिरबाट चुकुल लगाई राख्ने गरेको र घरमा रोए कराएको सुनी घरको झगडा होला भन्ने सोची खासै मतलब गर्ने नगरेको र तर मिति २०६८ साल भदौ ५ गते र ऐ. ६ गते पनि बिहान अन्य कोही नभएको समयमा पारी निज पीडितलाई ढोका थुनी राखी प्रतिवादी रामबहादुर कार्की आई ढोका खोली भित्रबाट चुकुल, पर्दा लगाई बसी धेरै बेरपछि पीडित न्याउरो मुख लगाई बाहिर आउने गरेको देखेको र ऐ. ८ गते पनि भित्र राखी भित्रबाट पर्दा समेत लगाई बसेकोले नराम्रो काम भइरहेको भन्ने शंका लागि बाहिरबाट मैले चुकुल लगाई दिई प्रहरीलाई खबर गरी बुझ्दा निज पीडितलाई स्कूल समेत जान नदिएको भन्ने कुरा गरेपछि प्रहरी आई ढोका खोली निज प्रतिवादी तथा पीडित समेतलाई सोधपुछ गर्दा निज प्रतिवादीले पीडित उपर पटक पटक नराम्रो काम गरेको र अन्य व्यक्तिलाई भन्छ भनी स्कूल समेत जान नदिएको भन्ने कुरा बताएकीले निज प्रतिवादीले उक्त जघन्य अपराध गरेको बुझिएको हुँदा निज प्रतिवादीलाई कानून बमोजिम कारबाही गरिनुपर्छ भन्ने समेत व्यहोराको बुझिएका मानिस राधा के.सी.को मिति २०६८/०५/१३ को घट्ना विवरण कागज ।

## १०. जाहेरवालीको निवेदन

रामबहादुर कार्की भन्ने नाम भएका श्रीमान्को वास्तविक ना नागरिकता अनुसार कृष्णबहादुर कार्की भएकोले निजको नामको नेपाली नागरिकता यसै निवेदनसाथ पेश गरेको छु भन्ने समेत व्यहोराको जाहेरावली सरिता कार्कीले निवेदनसाथ पेश गरेको नागरिकताको प्रतिलिपि ।

## ११. प्रतिवादीको बयान

प्रायः सधैं रक्सी खाने, के गर्ने के नगर्ने भन्ने पनि याद नहुने साथै छोरी पीडित "सीत्तलपाटी क" मसँग सधैं टाढा हुने हुँदा सम्झाउँदा समेत नमान्ने गर्दथिन्, यसै क्रममा गत श्रावण महिनाको अन्तिमतिर पीडित सुतेको ठाउँमा गई समाई बोल्न कराउन नदिई जाहेरी दरखास्तमा उल्लेखित पहिलो पटक यौन कार्य गरेको थिएँ र पीडितलाई यस्तो कुरा बाहिर नगर्नु, लाज हुन्छ भनी फकाएको र तत्काल स्कूल पठाएमा कसैलाई भन्ला भने सोची स्कूल समेत जान नदिई कोठामा थुनेर राखेको हुँ, अन्तिम पटक मिति २०६८/०५/०५ गते राती पीडित सुतेको बेडमा गई दोस्रो पटक यौन सम्पर्क गरेकोमा मिति २०६८/०५/०८ गते समेत कोठामा नै थुनी राखी पसलमा गई कोठामा आई भित्रबाट सबै पर्दा, झ्याल, ढोका थुनी सम्झाई गर्दै गर्दा घरबेटी दिदीले थाहा पाई कोठाको ढोका बाहिर बाट चुकुल लगाई थुनेर प्रहरीलाई खबर गरेकोले प्रहरी आई पक्राउ गरेको हो, यौन सम्पर्क राख्दा विर्य बाहिर स्खलन गराएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी रामबहादुर कार्की भन्ने कृष्णबहादुर कार्कीको मिति २०६८/०५/१८ बयान ।

### १२. मालपोत कार्यालय, रामेछापलाई लेखेको पत्र

जबरजस्ती करणी मुद्दाको अनुसन्धानको क्रममा यस कार्यालयमा दाखिला हुन आएका रामबहादुर भन्ने प्रतिवादी कृष्णबहादुर कार्कीको नाममा रहेको घर, जग्गाको लागत खुलाई पठाइदिन हुन भन्ने समेत व्यहोराको मालपोल कार्यालय, रामेछापलाई मिति २०६८/०५/२३ मा लेखेको पत्र ।

### १३. मालपोत कार्यालय कलंकी र काभ्रेपलाञ्चोकलाई लेखेको पत्र

जबरजस्ती करणी मुद्दाको अनुसन्धानको क्रममा यस कार्यालयमा दाखिला हुन आएका प्रतिवादी हरिबहादुर भन्ने कृष्णबहादुर कार्कीको नाममा रहेको घर, जग्गाको लागत खुलाई पठाइदिन हुन भन्ने समेत व्यहोराको मालपोल कार्यालय, कलंकी र काभ्रेपलाञ्चोक धुलिखेललाई मिति २०६८/०५/२३ मा लेखेको पत्र ।

### १४. पीडितको स्वास्थ परीक्षण रिपोर्ट

पीडित "सीत्तलपाटी क" को स्वास्थ्य साधारण, कन्या जाली च्यातिएको छैन, स्वाबमा कुनै प्रमाण नभेटिएको भन्ने समेत व्यहोरा मिति २०६८/०५/१७ गतेको परोपकार प्रसुती तथा स्त्रीरोग अस्पताल थापाथली काठमाण्डौंको परीक्षण रिपोर्ट ।

### १५. जाहेरवालीले गरेको कागज

घटनाका दिन राती पीडित रोएको थाहा पाई उठी किन रोएको भनी गाली गर्दा उल्टै श्रीमान् कृष्णबहादुर कार्कीले मलाई कुटपीट गर्न लागी ज्यानमार्नेसम्मको धम्की दिएका र पीडितले समेत मलाई डरले गर्दा सबै कुरा नगरेकी, श्रीमान् कृष्णबहादुर कार्कीलाई छोरीलाई थुनेर राखेको विषयमा सम्झाउँदा समेत मलाई नै गाली गर्ने गर्दथे, मिति २०६८/०५/०८ गते पनि छोरीलाई थुनी राखी छोराहरू मात्र लिएर पसलमा गएको र केही समयपछि कोठामा आई चुकुल भित्रबाट लगाई पर्दा समेत लगाई बसेको अवस्थामा घरबेटी दिदीले थाहा पाउनु भई बाहिरबाट चुकुल लगाई प्रहरी समेतलाई खबर गरी प्रहरीसमेत गई कोठा खोली हेर्दा निज श्रीमान् र छोरी मात्र कोठामा भएकोले सोधपुछ गर्दा घटनाको रहस्य खुलेको र पीडितले बलाएको अनुसार प्रतिवादीले समेत घटना स्वीकार गरेकोले विहान म लगायत कोठामा नभएको अवस्थामा थुनी राखेकी निज पीडित छोरीलाई निज प्रतिवादीले विभिन्न डर, त्रास देखाई जबरजस्ती करणी गर्ने गरेको र बाहिर कुरा आउँछ भनी छोरी पीडित "सीत्तलपाटी क" लाई बाहिर समेत जान नदिई थुनेर राखेको समेत एकीन भएको हुँदा कानून बमोजिम कारबाही गरिनुपर्छ भन्ने समेत व्यहोरा बुझिएका मानिस पीडितको आमा सरिता कार्कीले मिति २०६८/०५/२४ मा गरिदिएको घटना विवरण कागज ।

## १६. बुझिएका राजकुमार कार्कीको कागज

मेरो सानीआमा सरिता कार्कीको कोठामा कहिले काँही जाने गरेको र यसै क्रममा मिति २०६८/०५/०८ गते बिहान सानो बुबालाई प्रहरीले पक्राउ गरी लगेको भन्ने थाहा पाई जाहेरवाला सानी आमा र पीडित समेतसँग सोध्दा सानो बुबा प्रतिवादी रामबहादुर कार्की भन्ने कृष्णबहादुर कार्कीले पटक पटक पीडितलाई डर, त्रास देखाई कुटपिट गरेको, धम्काई सुतेको समयमा यौन शोषण गरेको र सो कुरा थाहा हुन्छ भनी पीडितलाई पढ्न जान समेत नदिई बिहान सबै पसलमा गएको अवस्थामा एक्लै पारी ढोका समेत लगाई कोठामा बसिरहेको अवस्थामा बाहिरबाट घरबेटी दिदीले जाहेरवाला तथा प्रहरी समेत ल्याई कोठाभित्र रहेको अवस्थामा फेला पारी सोधपुछ गर्दा जाहेरीमा उल्लेखित कार्य गरेको भनी प्रतिवादी समेतले जाहेरवालाले भनेको कुरालाई स्वीकार गरेको हुँदा निज प्रतिवादीलाई कडा भन्दा कडा कारबाही हुनुपर्छ भन्ने समेत व्यहोराको बुझिएका मानिस राजकुमार कार्की समेतले मिति २०६८/०५/२४ गते गरिदिएको घटना विवरण कागज ।

## १७. अभियोग

मिसिल संलग्न प्रहरी प्रतिवेदन, जाहेरी दरखास्त, परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल थापाथलीको परीक्षण प्रतिवेदन, घटनास्थल मुचुल्का पीडितले गरेको घटना विवरण कागज, प्रतिवादी रामबहादुर कार्की भन्ने कृष्णबहादुर कार्कीको बयान तथा घटना विवरण कागजका मानिसहरूको भनाई समेतका मिसिल संलग्न कागजातहरूबाट रामेछाप जिल्ला गोठगाउँ गा.वि.स. वडा नं. ७ घर भै हाल काठमाडौं जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ७ स्थित राधा के.सी. को घरमा डेरा गरी बस्ने प्रतिवादी रामबहादुर कार्की भन्ने कृष्णबहादुर कार्कीले विभिन्न मिति तथा मिति २०६८/०५/०५ गतेको राती समेत जाहेरवाली घर कोठामा नभएको मौका पारी आफ्नै छोरी पीडित बालिका परिवर्तित नाम "सीत्तलपाटी क" लाई जबरजस्ती करणी गरी मुलुकी ऐन जबरजस्ती करणीको महलको १ नं. र हाडनाता करणीको महलको १ नं विपरीत आफ्नै छोरीलाई जवरजस्ती करणी गरेकोमा जवरजस्ती करणीको महलको २ नं. विपरीतको कसूर गरेको तथ्य स्थापित हुन आयो ।

अब प्रतिवादी उपर कुन सजायको माग दाबी सहित अभियोजन गर्ने भन्ने सम्बन्धमा हेर्दा मिति २०६८/०५/०८ गते विहान अं. ०६:३० बजे का.जि. महादेवस्थान गा.वि.स.वडा. नं. ७ चेकपोष्ट स्थित मेरो कोठामा वस्ने रामबहादुर कार्कीले आफ्नै छोरी "सीत्तलपाटी क" लाई कोठाको झ्याल ढोका र पर्दा समेत बन्द गरी बसिरहेको अवस्थामा बाहिरबाट साँचो लगाई दिएको भन्ने घर धनी राधा के.सी. को मौखिक निवेदन परी तत्काल प्रहरी टोली खटी गई निजको श्रीमती र घर धनी समेत भई उक्त ढोका खोली भित्र प्रवेश गरी हेर्दा निज रामबहादुर कार्की र छोरी मात्र भेटिएको निज "सीत्तलपाटी क" लाई सोधपुछ गर्दा बुबा रामबहादुर कार्कीले विगत १ हप्ता देखि म सुतेको खाटमा आई पटकपटक यौन सम्पर्क गरेको भनी भनेको र निज रामबहादुर कार्कीलाई सोध्दा १५ दिन अगाडि र १ हप्ता अगाडि समेत पीडितसँग यौन सम्पर्क गरेको भनी बताएकोले आवश्यक कारबाहीको लागि दाखिला गरिएको भन्ने प्रहरीको प्रतिवेदनबाट अनुसन्धान कार्य प्रारम्भ भएको प्रस्तुत मुद्दामा मेरो

लोग्ने रामबहादुर कार्कीले नाबालक छोरीलाई अनैतिक कार्य गरेको भनी छोरीले मिति २०६८/०५/०५ गते तिर बताएको आफूले डरले भन्न नसकेको, आज २०६८/०५/०८ गते म होटलमा भएको अवस्थामा निज लोग्नेले नाबालिका छोरीलाई कोठामा झ्याल, ढोका समेत बन्द गरी यौन कार्य गर्न लागेको अवस्थामा घर धनी राधा के.सी. ले थाहा पाई बाहिरबाट ताला लगाई प्रहरीलाई जानकारी गरी प्रहरी समेत गई छोरी तथा मेरो लोग्नेसँगै भेटी छोरीलाई सोधपुछ गर्दा मिति २०६८/०५/०५ गते बुबाले यौन सम्पर्क गरेको र सो भन्दा पहिला पनि पटक पटक यौन सम्पर्क राखेका भनी बताएकोले निज प्रतिवादी रामबहादुर कार्कीले नाबालिका छोरीलाई अरू नभएको मौका पारी जबरजस्ती करणी गरेको भन्ने पीडितकी आमा सरिता कार्कीको जाहेरी दरखास्तबाट देखिन्छ। पीडितको कागजमा आफू कोठामा सुतिरहेको अवस्थामा श्रावणको अन्तिम हप्तातिर बाबु आई ओढ्ने फाली मेरो संवेदनशील अंगमा चलाउन थालेको, छटपटाउन लाग्दा उल्टै थप्पड हानी गई सुतेको र पुनः राती १२ बजे आई बोल्न नदिई बोले मारी दिने धम्की दिई मेरो सुरूवाल एकापट्टिको पूरै खोली अर्को पट्टिको घुँडासम्म पुऱ्याई मेरो संवेदनशील अंगहरूमा खेलाई औंलाले चलाई म माथि घोप्टो परी चढी मेरो इच्छा विपरीत करणी गरेको र म पीडाले रून कराउन थालेपछि छाडी गएको। ममीले रोएको थाहा पाई गाली गर्दा ममीलाई नै कुट्न खोज्नु भएको, मिति २०६८/०५/०५ गते पनि कपडा पूरै खोली सोही प्रकारले उक्त कार्य गरेकोले सो समयमा पनि ममीले गली गर्दा ममीलाई कुट्न खोज्नु भयो। सो कुरा अन्य व्यक्तिहरूलाई भन्छ भनी मलाई पढ्न जान समेत दिनुभएन। मिति २०६८/०५/०७ गते राती पनि म सुतेको ठाउँमा आएकोमा हातगोडा चलाएपछि फर्की जानु भएको र ऐ. ८ गते पनि मलाई ढोका थुनेर राखेको अवस्थामा बाहिरबाट घरबेटीले चुकुल लगाई ममी तथा प्रहरी समेत आई ढोका खोली पक्राउ गरी ल्याएको भन्दै जाहेरीको ब्यहोरालाई पुष्टी हुने गरी लेखाई दिएकी छन्।

घरधनी राधा के.सी. ले आफ्नो घटना विवरण कागजमा मेरो घरमा डेरा गरी बस्ने प्रतिवादी रामबहादुर कार्कीले आफ्नै छोरी पीडितलाई सँधै बाहिरबाट चुकुल लगाई कोठाभित्र थुनी राख्ने गरेकोमा घरको झगडा होला भन्ने सोची मतलब नगरेकोमा मिति २०६८ साल भदौ ५ र ६ गते पनि घरमा अरु नभएको समयमा निज पीडितलाई ढोका थुनी राखी भित्रबाट चुकुल लगाई बसी धेरै बेरपछि पीडित निन्याउरो मुख लगाई बाहिर आएको देखेको। ऐ. ८ गते पनि भित्र थुनी राखी भित्रबाट पर्दा समेत लगाई बसेकोले नराम्रो काम भइरहेको भन्ने शंका लागि बाहिरबाट मैले चुकुल लगाई प्रहरी बोलाई ढोका खोली प्रतिवादी तथा पीडित समेतलाई सोधपुछ गर्दा प्रतिवादीले पटक पटक नराम्रो काम गरेको र अन्य व्यक्तिलाई भन्छ भनी स्कुल समेत जान नदिएको भन्ने कुरा बताएकी थिइन् भनी उल्लेख गरेको पाइन्छ।

प्रतिवादीले आफ्नो बयानमा गत श्रावण महिनाको अन्तिमतिर पीडित सुतेको ठाउँमा गई समाई बोल्न कराउन नदिई जाहेरी दरखास्तमा उल्लेखित पहिलो पटक जवरजस्ती करणी गरेको गरी सो कुरा बाहिर नगर्नु भनी फकाएको र तत्काल स्कुल पठाएमा कसैलाई भन्ला भने सोची स्कुल समेत जान नदिई कोठामा थुनेर राखेको हुँ। मिति २०६८/०५/०५ गते राती पीडित सुतेको बेडमा गई दोस्रो पटक यौन सम्पर्क गरेको र ऐ. ८ गते बिहान समेत

कोठामा नै थुनी राखी पसलमा गई पुनः कोठामा आई भित्रबाट सबै पर्दा, झ्याल, ढोका थुनी सम्झाई बुझाई गर्दा घर धनीले थाहा पाई प्रहरीलाई खबर गरेकोले प्रहरी आई पक्राउ गरेको हो भन्दै कसूरमा सावित रहेको पाइन्छ ।

जाहेरवाली सरिता कार्कीले वारदातको दिन राती पीडित रोएको सुनी उठी किन रोएको सोध्दा सो कुरा थाहा पाई गाली गर्दा लोग्नेले उल्टै ज्यानमार्नेसम्मको धम्की दिएका र पीडितले समेत मलाई डरले गर्दा सबै कुरा नगरेकी, छोरीलाई थुनेर राखेको विषयमा सम्झाउँदा समेत मलाई नै गाली गरेको । मिति २०६८/०५/०८ गते पनि छोरीलाई थुनी राखी छोराहरू मात्र लिएर पसलमा गएको र केही समयपछि कोठामा आई चुकुल र पर्दा समेत लगाई बसेको अवस्थामा घरवेटीले थाहा पाई बाहिरबाट चुकुल लगाई प्रहरीलाई बोलाई कोठा खोली हेर्दा निज मेरो लोग्ने र छोरी मात्र कोठामा भएकाले सोधपुछ गर्दा पीडितले बताए अनुसार प्रतिवादीले समेत घटना स्वीकार गरे । म कोठामा नभएको अवस्थामा थुनी छोरीलाइ विभिन्न डर, त्रास देखाई जबरजस्ती करणी गर्ने गरेको र बाहिर कुरा आउँछ भनी पीडिताई बाहिर समेत जान नदिई थुनेर राखेको भनी जाहेरीको ब्यहोरालाई थप पुष्टी गरी दिएको पाइन्छ । त्यस्तै बुझिएका राजकुमार कार्कीले पीडितसँग सोध्दा प्रतिवादी रामबहादुर कार्की भन्ने कृष्णबहादुर कार्कीले पटक पटम डर, त्रास देखाई यौन कार्य गरेको र थाहा हुन्छ भनी स्कुल जान समेत नदिएको भन्ने उल्लेख गर्दै जाहेरीको ब्यहोरालाई थप पुष्टी गर्दै कागज समेत गरिदिएको पाइन्छ ।

अतः माथि बिवेचित मिसिल संलग्न कागज प्रमाणहरूबाट काठमाडौं जिल्ला महादेवस्थान गा.वि.स. वडा नं. ७ स्थित राधा के.सी.को घरमा डेरा गरी वस्ने प्रतिवादी रामबहादुर कार्की भन्ने कृष्णबहादुर कार्कीले विभिन्न मिति तथा मिति २०६८/०५/०५ गते राती समेत गरी पटक पटक आफ्नै छोरी पीडित बर्ष १३ की नाबालिका "सीत्तलपाटी क" लाई जबरजस्ती करणी गरेको तथ्य स्थापित हुन आयो । प्रतिवादी रामबहादुर भन्ने कृष्णबहादुर कार्कीको उक्त कार्य मुलुकी ऐन जबरजस्ती करणी महलको १ नं., हाडनाताकी आफ्नै छोरीलाई जवरजस्ती करणी गरेकोमा ऐ. २ नं. र ३(२) नं. तथा हाडनाता करणीको १ नं. अन्तर्गतको कसूर भएकोले प्रतिवादीलाई मुलुकी ऐन जवरजस्ती करणीको महलको ३(२) नं. बमोजिम सजाय गरी ऐ. को २ नं. बमोजिम आफ्नै छोरीलाई जबरजस्ती करणी गरेको हुँदा हाडनाता करणीको महलको १ नं. बमोजिम थप सजाय हुन तथा जबरजस्ती करणीको मलहको १० 'ग' नं. बमोजिम प्रतिवादीबाट पीडितलाई उचित क्षतिपूर्ति दिलाई भराई पाउन समेत माग दाबी लिइएको छ । प्रस्तुत मुद्दाको सक्कल मिसिल र प्रतिवादी रामबहादुर कार्की भन्ने कृष्णबहादुर कार्कीलाई यसै अभियोगपत्र साथ प्रस्तुत गरिएको व्यहोरा सादर अनुरोध छ ।

१८. **सबुद प्रमाण :-**

(क) **गवाह** : जाहेरवाला रामेछाप जिल्ला गोठगाउँ वडा नं. ७ घर भई हाल काठमाडौं जिल्ला महादेवस्थान वडा नं. ७ स्थित घर नं. ४५ मा डेरागरी वस्ने बर्ष ४३ को सरिता कार्की.१

पीडितः परिवर्तित नाम "सीत्तलपाटी क" ..........................................१

देख्ने : का.जि. महादेवस्थान गा.वि.स. वडा नं. ७ वस्ने वर्ष ४१ की श्रीमती राधा के.सी. .१

**घटना विवरण कागजका मानिसहरूः**

जिल्ला रामेछाप गोठगाउँ गा.वि.स वडा नं. ७ घर भई हाल क.जि. महादेवस्थान गा.वि.स. वडा नं. ७ बस्ने डिलबहादुरको छोरा बर्ष २३ को राजकुमार कार्की .......................१

घटना व्यहोरा तथा घटनास्थल मुचुल्का मानिसहरूः

का.जि. महादेवस्थान गा.विस. वडा नं. ७ वस्ने बर्ष २५ की दिना के.सी ................१

ऐ. ऐ. वस्ने बर्ष २८ की तृष्णा कुमार के.सी. ....................................................१

ऐ.ऐं बस्ने बर्ष २२.की मनिता के.सी. ...............................................................१

दशीः

१९. **प्रस्तुत कागजातहरू :**

१. मिति २०६८/०५/०८ गतेको जनाउ पुर्जी पाना १,
२. ऐ. मितिको पक्राउ पुर्जी पाना १,
३. ऐ. मितिको प्रहरी प्रतिवेदनको प्रतिलिपी पाना १,
४. ऐ. मितिको घट्नास्थल मुचुल्काका प्रतिलिपी पाना २,
५. ऐ. मितिको म.न.प्र.प्रभाग, थानकोटको पत्रको प्रतिलिपी पाना १,
६. ऐ. मितिको जाहेरी दरखास्तको प्रतिलिपी पाना २,
७. ऐ. ८ गतेको मितिको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना १,
८. ऐ. मितिको प्रसुति गृह थापाथलीलाई लेखेको पत्रको प्रतिलिपी पाना १,
९. ऐ. मितिको वीर अस्पताललाई लेखेको पत्रको प्रतिलिपी पाना १,
१०. ऐ. मितिको प्रतिवादीको नामको वीर अस्पतालको इमरजेन्सी टिकट पाना १,
११. ऐ. मितिको मञ्जुरीनामा कागज पाना १,
१२. ऐ. मितिको प्रतिवादीको नामको थुनुवा पुर्जी पाना १,
१३. पीडित नाम खुलेका कागजात संलग्न गोपिनियता डायरी थान १,
१४. गोपनीयता डायरीमा संलग्न कागजात पञ्जिका पाना १,
१५. ऐ. ९ गतेको स्वास्थ्य जाँचको लागि वीर अस्पताललाई लेखेको पत्र पाना १,
१६. ऐ. मितिको प्रारम्भिक प्रतिवेदन पठाएको पत्र पाना १,
१७. पीडितको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी पाना १,
१८. पीडितको नाम खुलेका जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी बन्दी खाम थान १,
१९. ऐ. मितिको पहिला पटक म्याद थप प्राप्त पत्र पाना १,
२०. ऐ. ११ गतेको प्रतिवादीको नामको वीर अस्पतालको ओ.पि.डि. टिकट थान १,
२१. ऐ. १३ गतेको पीडितको कागज पाना ३, ऐ. मितिको सनाखत कागज पाना १,
२२. ऐ. १३ गतेको दोस्रो पटक म्याद थप प्राप्त पत्र पाना १,

२३. ऐ. मितिको राधा के.सी.को कागज पाना २,
२४. ऐ. १४ गतेको सरिता कार्कीको निवेदनसाथ संलग्न प्रतिवादीको नामको नागरिकताको र जग्गा धनी प्रमाण पत्रको प्रतिलिपी समेत गरी पाना ४,
२५. ऐ. १८ गतेको प्रतिवादीको बयान पाना ५,
२६. ऐ. २३ गतेको तेस्रो पटक म्याद थप प्राप्त पत्र पाना १,
२७. ऐ. २३ गतेको घर जग्गा लगत विवरणको लागि लेखेको पत्र पाना १,
२८. ऐ. २३ गतेको घर जग्गा लगत विवारणको लागि मालपोत कार्यालय कलंकी समेतलाई लेखेको पत्र पाना १,
२९. ऐ. १३ गतेको प्रसुती गृह थापाथली रिपोर्टको प्रतिलिपी पाना २,
३०. पीडितको नामको प्रसुति गृह थापाथलीबाट प्राप्त सक्कल परीक्षण रिपोर्ट बन्दीखाम थान १,
३१. ऐ. २४ गतेको सरिता कार्कीको कागज पाना २,
३२. ऐ. २४ गतेको रामकुमार कार्की समेतको कागज पाना ३ ।

**यसै अभियोग पत्रबाट प्रस्तुत मुद्दाको सुरू कारबाही गरी किनारा हुन अनुरोध गरिन्छ ।**

**कार्यालयको छाप :-**

**सरकारी वकीलको :-**

**दस्तखतः**

**नामः**

**दर्जाः**

**कार्यालयः**

**मितिः**

**इति सम्बत २०६८ साल मंसिर ८ गते रोज ५ शुभम्** ..............................................

नोटः अभियोगपत्रमा उल्लेखित नामहरू परिवर्तन गरिएको छ ।

*(यो अभियोगपत्रको नमुना महान्यायाधिवक्ताको कार्यालय अभियोजन प्रशिक्षण केन्द्रद्वारा मिति २०६८।०८।१८-२३ सम्म संचालित रा.प. द्वितिय र तृतीय श्रेणीका अधिकृतहरूको लागि सञ्चालित आधारभूत तालिम कार्यक्रममा अभ्यास गरिएको विषयवस्तुमा आधारित रहेर उपन्यायाधिवक्ता द्वय श्री धर्मराज पौडेल र रेवतीराज त्रिपाठीद्वारा तयार पारिएको हो ।)*

# १०. नेपालमा अपराध अनुसन्धान, सोमा निर्देशन र अभियुक्तको बयान तथा अभियोजनमा सरकारी वकीलको भूमिका : एक छलफल

**प्रा. डा. रजितभक्त प्रधानाङ्ग**[*]

## १. पृष्ठभूमी

फौजदारी न्याय प्रशासनको सञ्चालन एवं परिचालन गर्ने क्रममा अनिवार्य रूपमा अवलम्बन एवं पूरा गरिनु पर्ने विविध प्रक्रियाहरूलाई निर्धारण एवं नियमित गर्ने फौजदारी कानूनको शाखा कानूनलाई फौजदारी विधिशास्त्रमा फौजदारी कारबाही (Criminal Process) भनिन्छ। अपराधको अनुसन्धान र अपराधमा अभियोजनलाई Criminal Process को आधारस्तम्भ एवं जगको रूपमा लिइन्छ। फौजदारी न्याय प्रशासनको सफलता, निष्पक्ष एवं स्वतन्त्र रूपमा परिचालन हुने नहुने भन्ने कुरा अपराध अनुसन्धान र अपराधमा अभियोजन अनुसन्धान गर्ने अधिकारी एवं सरकारी वकीलले पुऱ्याउने होसियारिता, सर्तकता, इमान्दारिता तथा मेहनतमा भर पर्दछ। यदि यी दुई प्रक्रियाहरू फितलो, हचुवा, तथ्यपरक एवं सबूद प्रमाण विहीन हुन गएमा फौजदारी कारबाहीको अरू बाँकी प्रक्रियाहरूमा जे जस्तो मिहेनत गरे पनि फौजदारी न्यायले सफलता प्राप्त गर्न सक्तैन। त्यसैले प्रत्येक कानूनी प्रणालीले अपराधको अनुसन्धान एवं अभियोजनलाई महत्वपूर्ण स्थान दिइएको हुन्छ।

यी दुई प्रक्रियामा सरकारी वकीलको संलग्नता र निभाउनु पर्ने भूमिकाका सम्बन्धमा प्रत्येक कानूनी प्रणालीले आफ-आफ्नै प्रकारले व्यवस्था गरेको पाइन्छ। हाम्रो आफ्नै कानूनी इतिहासलाई हेर्दा पनि मुलुकी ऐन, १९१० लागू भए पछि विभिन्न किसिमको प्रणालीलाई हामीले अवलम्बन गर्‍यौं। सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ आउनु भन्दा अगाडिसम्म हामी कहाँ अपराध अनुसन्धान एवं अपराधमा अभियोजनलाई पूर्ण रूपमा पीडित व्यक्तिले पूरा गर्नु पर्ने वैयक्तिक अभियोजन (Private Prosecution) को विषयको रूपमा राख्यौं। अपराध अनुसन्धान, अभियोजन एवं नियन्त्रणमा राज्यको प्रत्यक्ष कुनै दायित्व थिएन। सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ आगमनसँगै अपराध अनुसन्धान एवं अभियोजनको कार्यलाई प्रहरी (अनुसन्धान अधिकारी) र सरकारी वकीलको संयुक्ततामा संचालन गर्ने परिपाटी बसाल्यौं। यो परिपाटीमा अनुसन्धान अधिकारी (प्रहरी) र अभियोजनकर्ता (सरकारी वकील) ले एकले अर्कालाई जिम्मेवारी र दोष पन्छाउने गरेको हुँदा २०४७ सालको नेपाल अधिराज्यको संविधान र नेपालको अन्तरिम संविधान, २०६३ समेतले परिकल्पना गरेको नयाँ अभियोजन प्रणाली[१] अर्थात सरकार वादी हुने मुद्दाको अभियोजन गर्ने सम्पूर्ण अधिकार

[*] एलएल.एम., पिएच.डी. (फौजदारी कानून) प्राध्यापक, नेपाल ल क्याम्पस, भृकुटीमण्डप, काठमाडौं, पार्षद, नेपाल कानून व्यवसायी परिषद्।

[१] नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) ले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११०(२) ले परिकल्पना गरेको अभियोजन एवं अनुसन्धान प्रणालीलाई हुबहु अनुशरण एवं निरन्तरता प्रदान गरिएको छ।

महान्यायाधिवक्तालाई सुम्पे अनुरूप निर्माण भएको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले अनुसन्धान गर्ने जिम्मेवारी पूर्ण रूपमा प्रहरी वा अनुसन्धान अधिकारीलाई र अभियोजन गर्ने जिम्मेवारी सम्पूर्ण रूपमा सरकारी वकीललाई तोकिएको भएतापनि सरकारी वकीललाई अपराध अनुसन्धानका विभिन्न चरणहरूमा संलग्नता गर्नुका अलावा कुनै निश्चित भूमिका निभाउनु पर्ने दायित्व निर्धारण गरेको छ ।

हुनत हामीले नयाँ अभियोजन एवं अनुसन्धान प्रणालीलाई अवलम्बन गरेको भ्ण्डै ११ वर्ष व्यतित भइसकेको छ । तर संविधानले परिकल्पना गरेको नयाँ अभियोजन प्रणालीलाई आवश्यक पर्ने कुनै पनि पूर्वाधार, कार्यविधिगत एवं अवधारणागत नियमहरू बनाउन सकेका छैनौ । नयाँ प्रणाली पूर्वाधार एवं सैद्धान्तिक आधार नभएको कारणबाट पुरानै ढर्रा, पारा एवं परिपाटी अनुरूप चलीरहेको छ । अभियोजन जस्तो गम्भीर एवं जटिल विषयमा सरकारी वकीलले के कसरी निर्णय गर्नु पर्ने हो ? मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा पालना वा अनिवार्य रूपमा अवलम्बन गर्नु पर्ने प्रमाण परीक्षण (Evidential Testing) र सार्वजनिक हित परीक्षणका आधार (Criteria for Public Interest Test) के के हुने ? हुनु पर्ने हो ? भन्ने विषयमा आजसम्म पनि हामी बीच प्रारम्भिक रूपमा पनि छलफल भएको छैन ।[२] मुद्दा चलाउने निर्णयलाई सम्पूर्ण रूपमा सरकारी वकीलको स्वविवेकमा छोडिएको छ । जसले गर्दा वर्षेनी सरकार वादी हुने मुद्दाको सफलताको दर घट्दो छ । यी सबै कुरालाई मध्यनजर गरेर अभियोजन प्रणालीलाई बाध्यात्मक (Mandatory) बाट स्वविवेकात्मक (Discretionary) बनाई सोलाई व्यवस्थित गर्ने प्रमाण परीक्षण (Evidential Testing) र सार्वजनिक हित परीक्षणका आधार (Public Interest Test criteria) निर्धारण गर्ने नियम एवं कार्यविधि तत्काल निर्धारण गर्नु पर्ने टड्कारो आवश्यक भई सकेको छ। कुनै नयाँ प्रणाली आफैमा चल्ने र बन्ने कुरा होइन। यसलाई आवश्यक सैद्धान्तिक एवं व्यावहारिक पूर्वाधारहरू निर्माण गरी परिपाटीको रूपमा परिपालना गर्दै लैजानु पर्दछ । यस अनुरूप परिपाटीको सिर्जना र पूर्वाधारहरू निर्माण भएमा मात्र कुनै पनि प्राणालीले संस्थागत हुन पाउँदछ। नयाँ परिपाटीले परिलक्षित गरेको उद्देश्यहरू अनुरूप अपराध अनुन्धान एवं अभियोजन प्रणालीले सफलता प्राप्त गर्न सक्तछ ।

## २. सरकारी वकीलले फौजदारी कारबाहीमा परिपालना गर्नुपर्ने महत्वपूर्ण सिद्धान्तहरू

प्राय सबै जसो प्रतिद्वन्द्वात्मक प्रणाली (Adversory System) अंगालेका मुलुकहरूले सरकारी वकीलहरूले अनिवार्य रूपमा परिपालना गर्नु पर्ने सिद्धान्तहरू भनी बेलायतको Code for Crown Prosecutors (4th Edition) ले निम्न ५ वटा सिद्धान्तहरूलाई निर्धारण गरेको पाइन्छ :

१. **मुद्दाको मौलिकताको सिद्धान्त** (Principle of Uniqueness of the case): प्रत्येक मुद्दा मौलिक हुन्छ र यसलाई यसको तथ्य र प्रकृतिको सन्दर्भमा विचार गरिनु पर्छ ।

---

२ प्रा.डा. रजितभक्त प्रधानाङ्ग (२०६७) "नेपालमा अपराध अनुसन्धान तथा अभियोजनमा सरकारी वकिलको भूमिका", कानून, पूर्णाङ्क ८३, पृ. ३४ ।

२. **निष्पक्षता एवं स्वतन्त्रताको सिद्धान्त** (Principle of Fairness and Independence): सरकारको अभियोक्ता निष्पक्ष, स्वतन्त्र र वस्तुनिष्ठ हुनुपर्छ। उनीहरूले संदिग्ध व्यक्तिको जातीय वा राष्ट्रिय उत्पत्ति, लिङ्ग, धार्मिक विश्वास, राजनीतिक विचारधारा वा लैङ्गिक अवधारणा आदिको प्रभाव आफ्नो निर्णयमा पर्न दिनु हुँदैन।

३. **उपयुक्त व्यक्तिलाई उपयुक्त किसिमको अभियोजनको सिद्धान्त** (Principle of Right Person to be Prosecuted): उपयुक्त मानिसलाई उपयुक्त किसिमको अभियोग लगाइएको छ भन्ने कुराको निश्चितता प्रदान गर्नु राज्यका अभियोक्ताको कर्तव्य हो।

४. **कानूनको उचित प्रयोगको सिद्धान्त** (Principle of Legally Performance of Duty): कानूनको उचित प्रयोग होस, सम्पूर्ण सम्वद्ध प्रमाणहरू अदालत समक्ष पेश होउन, र जानकारी गराउनु पर्ने गरी तोकिएको कर्तव्यको पालना होस भन्ने कुराको निश्चितता हुने गरी मुद्दाको निरीक्षण, सुझाव र अभियोजन गर्नु राज्यका अभियोक्ताको कर्तव्य हो।

५. **मानव अधिकारको उचित प्रयोगको सिद्धान्त** (Principle of Applicability of Human Rights): राज्यको अभियोजन सेवा मानव अधिकार ऐन, १९९८ को प्रयोजनको लागि एक सार्वजनिक अधिकारी हो। राज्यका अभियोक्ताले राज्यको अभियोजन सम्वन्धी ऐन अनुसार युरोपीय मानव अधिकार सन्धिका सिद्धान्तहरू लागू गर्नु पर्छ।[३]

## ३. नेपालमा अपराध अनुसन्धानमा सरकारी वकीलको संलग्नता र निर्वाह गर्नु पर्ने भूमिका

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ भित्रका अपराध बारे थाहा पाउने व्यक्तिले नजिकको प्रहरी कार्यालयलाई सो को जानकारी दिनु पर्ने र प्रहरी कार्यालयले पनि तत्कालै अनुसन्धान अधिकारी तोकी सो वारदात तथा अपराध बारेमा अनुसन्धान प्रारम्भ गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। प्रचलित कानूनी व्यवस्था अनुसार अपराध अनुसन्धानको कार्य सामान्यतया प्रहरी निकायले गर्ने र मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गरी मुद्दाको अभियोजन, बहस पैरवी तथा प्रतिरक्षाको कार्य सरकारी वकीलले गर्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले गरेको व्यवस्था अनुसार कुनै अपराध भएको वा भई रहेको वा हुन लागेको भन्ने जानकारी पाएमा जोसुकैले पनि त्यस्तो वारदातको सूचना वा जानकारी लेखेर वा मौखिक वा अन्य माध्यमद्वारा नजिकको प्रहरी कार्यालयलाई दिनु पर्दछ। वारदातको सूचना प्राप्त गरे पछि सम्बन्धित प्रहरी कार्यालयले पनि अपराधको सूचनालाई तत्कालै रितपूर्वक दर्ता गरी अनुसन्धानको प्रक्रिया प्रारम्भ गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ।

अदालतमा दायर गरेको मुद्दासँग सम्बन्धित कसूर प्रमाणित गर्ने दायित्व अभियोजन पक्षमा रहन्छ। अभियोजन पक्षले पनि अनुसन्धान अधिकारीद्वारा संकलन गरिदिएको सबूद प्रमाणको आधारमा

3 Prof. Dr. Rajit Bhakta Pradhananga (2005) "Need for Creating Rules and Procedures Required for Evidential Testing and Public Interest Criteria in Nepal: An Apprisal", Annual Survey of Nepalese Law - 2005, Nepal Bar Council, p. 101.

मुद्दामा बहस पैरवी एवं प्रतिरक्षा गर्नु पर्ने भएको हुँदा जति अनुसन्धान कार्य प्रभावकारी हुन्छ त्यति नै अभियोजन परिणाममुखी हुन्छ र अदालतमा कसूर ठहर हुन सक्ने सम्भावना बढी रहने हुँदा यस तर्फ अनुसन्धान अधिकारी बढी सचेत र संवेदनशील हुनु जरुरी छ। अपराध अनुसन्धानको कार्यमा प्रभावकारिता ल्याउन अनुसन्धानका निम्न प्रक्रियामा सरकारी वकीलको सक्रिय संलग्नता रहनु पर्ने व्यवस्था हाम्रो कानूनले गरेको छ :-

क) अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीलाई प्रारम्भिक प्रतिवेदन उपर आवश्यक निर्देशन दिने, (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६ को उपदफा (१))

ख) अनुसन्धान अधिकारीलाई अपराध अनुसन्धानको सन्दर्भमा आवश्यक परेको कानूनी राय परामर्श प्रदान गर्ने, (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ७ को उपदफा (५))

ग) अभियुक्तको बयान गराउने, (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ९ को उपदफा (१)) र

घ) अनुसन्धान अधिकारीलाई थप निर्देशन दिने (सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १७ को उपदफा (३))[४]

### ३.१ प्रारम्भिक प्रतिवेदन र सो उपर निर्देशन

कुनै घटना वा वारदातको अनुसन्धान गर्न अधिकार प्राप्त निकाय तथा पदाधिकारीले वारदात सम्बन्धमा तत्काल प्राप्त सूचना वा जाहेरीको आधारमा तत्कालै प्रारम्भिक अनुसन्धान गरी खुल्न आएका कुराहरू समेत खुलाई सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा प्रस्तुत गर्ने प्रतिवेदनलाई सामान्यतयाः प्रारम्भिक प्रतिवेदन भनिन्छ।

प्रारम्भिक प्रतिवेदनले अनुसन्धान अधिकारी र अभियोजन अधिकारीका बीच अपराधको प्रारम्भिक चरणदेखि नै कार्यगत सम्बन्ध र समन्वय कायम राख्न मद्दत एवं सघाउ पुऱ्याउँदछ। तसर्थ, प्रारम्भिक प्रतिवेदनलाई अनुसन्धानकर्ता एवं अभियोजनकर्ता दुबैले महत्वपूर्ण रूपमा लिनु पर्दछ। अनुसन्धानको सुरु चरणबाट नै हातेमालो गरि कार्य गरिनु पर्दछ।

वारदात वा अपराध बारेको सूचना (जाहेरी दर्खास्त) दर्ता भए पछि सम्बन्धित प्रहरी कार्यालयले तत्कालै अनुसन्धान अधिकारी तोक्नु पर्दछ र तोकिएको अनुसन्धान अधिकारीले अनुसन्धान गरी बाँकी अनुसन्धान कार्यलाई प्रभावकारी बनाउन आवश्यक पर्ने निर्देशन माग गरी सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयमा प्रारम्भिक प्रतिवेदन पठाउनु पर्नेछ।

#### ३.१.१ प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले ध्यान पुऱ्याउनु पर्ने कुराहरू

अनुसन्धान अधिकारीले सरकारी वकील कार्यालयमा प्रस्तुत गरेको प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि यो उपर सरकारी वकीलले प्रारम्भिक रूपमा (Prima-facie) निम्न कुरामा ध्यान दिनु पर्दछ :-

- जुन निकाय तथा पदाधिकारीले प्रारम्भिक प्रतिवेदन पठाएको हो त्यो निकाय तथा पदाधिकारीको सो विषयमा अनुसन्धान वा तहकिकात गर्ने अधिकार छ वा छैन,

[४] सरकारी वकील दिग्दर्शन, २०६३, काठमाण्डौ, महान्यायाधिवक्ताको कार्यालय, पृ. ३६।

- अनुसन्धान तहकिकात प्रारम्भ गरिएको विषयमा सो कार्य गर्ने निकाय वा पदाधिकारीको भौगोलिक क्षेत्राधिकार (Territorial Jurisdiction) भित्र पर्छ वा पर्दैन,
- जुन विषयमा अनुसन्धान प्रारम्भ गरिएको छ सो विषय सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ भित्र पर्ने विषय हो वा होइन भन्ने कुरा यकिन गर्ने,
- पक्राउ परेको शंकास्पद व्यक्तिलाई अनुसन्धान प्रयोजनको लागि चौबीस घण्टा भन्दा बढी अवधि हिरासतमा राख्नु पर्ने अवस्था भएमा अदालत समक्ष उपस्थित गराई अनुमति लिए नलिएको यकिन गर्ने,
- प्राप्त प्रारम्भिक प्रतिवेदनको आधारमा अनुसन्धानको दृष्टिकोणबाट वारदातको गम्भिरता पहिल्याउने र के कस्ता विषयमा निर्देशन दिनु आवश्यक छ सो कुरा,
- मुद्दा दायर गर्ने हदम्याद छ वा छैन,

**३.१.२ प्रारम्भिक प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले निर्देशन दिदा विचार पुऱ्याउनु पर्ने कुराहरू**

अनुसन्धानका विविध पक्ष, प्रक्रिया एवं पद्धति यस्तो हुनु पर्दछ भनि निश्चित सीमा निर्धारण गर्न सम्भव छैन नत त्यस्तो विषयमा यसप्रकार निर्देशन दिनु पर्दछ भनि यकिन साथ भन्न सकिन्छ। त्यसैले वारदातको प्रकृति, वारदात भएको स्थान, समय, पीडितहरूको स्थिति, शंकास्पद व्यक्तिहरू पक्राउ पर्न सक्ने संभावना, बरामद भएका दसी प्रमाण जस्ता विविध कुराहरू समेत मनन गरी निर्देशन प्रदान गर्दा निम्न कुराहरू समेत विचार गर्नु पर्दछ :-

- अनुसन्धान अधिकारीले प्रारम्भिक प्रतिवेदन पठाउनु भन्दा पहिले गरेको अनुसन्धान प्रक्रियाको उपयुक्तता बारे,
- बाँकी अनुसन्धान प्रक्रिया तथा पद्धतिबारे अनुसन्धान अधिकारीले उल्लेख गरेको कुराहरूको पर्याप्तता बारे,
- अपराधसँग सम्बन्धित भौतिक एवं दशी प्रमाणको प्रभावकारी ढंगले खोजी गर्ने बारे,
- अपराधसँग सम्बन्धित दशी प्रमाण संकलन गर्दा कानूनको रीत पुऱ्याई मात्र संकलन गर्ने तर्फ अनुसन्धान अधिकारी सजग हुनु पर्ने कुराहरू बारे,
- अपराध अनुसन्धानसँग सम्बन्धित भौतिक प्रमाण संकलन गर्दा विशेषज्ञको संलग्नता, सहयोग र परामर्श जुटाउनु पर्ने बारे,
- प्रारम्भिक प्रतिवेदनको अध्ययन गर्दा कुनै विशेष कुरा बुझ्न आवश्य देखिएको वा कुनै विशेष प्रमाण संकलन गर्न आवश्यक देखिएको भए त्यस्ता विषयहरू,

अनुसन्धान गर्दा कुनै विशेष प्रक्रिया अनुसरण गर्नु पर्ने कुरा भए सो कुरा, जस्तै मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र कालो बजार तथा केही अन्य सामाजिक अपराध र सजाय ऐन, २०३२ अन्तर्गतको मुद्दामा पूर्व अनुमति लिनु पर्ने व्यवस्था रहेको छ ।

- अनुसन्धान प्रक्रिया वा कानूनी व्यवस्था बारे अनुसन्धान अधिकारीलाई द्विविधा परेको कुनै विषय ।

### ३.२ अपराध अनुसन्धानको क्रममा अभियुक्तको बयान

कुनै वारदात वा आपराधिक कार्यमा संलग्न रहेको आशंकामा वा पीडित जाहेरवालाको किटानी जाहेरीको आधारमा कुनै शंकित व्यक्तिलाई रितपूर्वक पक्राउ गरी वारदात घट्नुको कारण, अवस्था, अपराधका तत्वहरू साथै वारदातमा निजको संलग्नता बारेमा निजको भनाई लेखबद्ध गर्ने कार्य “बयान” हो ।

अनुसन्धान अधिकारीले कुनै अपराध वा वारदातमा संलग्न भएको आशंकामा पक्राउ परेका व्यक्तिको तत्कालै बयान गराई पक्राउ भएको मितिले बाटाको म्याद बाहेक चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्ने संबैधानिक एवं कानूनी व्यवस्था रहेको छ ।

अभियुक्तले गरेको बयान व्यहोरा मिसिल संलग्न अन्य प्रमाणद्वारा पुष्टी भएमा ठोस प्रमाणको रूपमा ग्रहण गर्ने प्रचलन रहेको हुँदा फौजदारी मुद्दाहरूमा अभियुक्तको अधिकार प्राप्त अधिकारी समक्षको बयानको महत्वपूर्ण स्थान रहेको छ ।

अभियुक्तको बयानले अपराध अनुसन्धानका अफठ्यारा पक्षहरूलाई सजिलो बनाउन ठूलो सहयोग पुऱ्याउँदछ । अनुसन्धान अधिकारी, अधिकार प्राप्त अधिकारी वा प्रहरी अधिकृत समक्ष गरेको बयान अन्यथा प्रमाणित नभएसम्म अदालतले पनि भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ ।

पक्राउ परेका वा प्रहरी हिरासतमा रहेका व्यक्तिको बयान गराउँदा अनुसरण गर्नु पर्ने संबैधानिक तथा कानूनी व्यवस्था, सर्वोच्च अदालतद्वारा स्थापित सिद्धान्तहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय मान्यताहरू र मानव अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले गरेको व्यवस्थाहरू पालन गर्नु पर्दछ ।

#### ३.२.१ अभियुक्तको बयान गराउनु भन्दा अघि सरकारी वकीलले ध्यान दिनु पर्ने कुराहरू

शंकास्पद रूपमा पक्राउ परेका व्यक्तिहरूको बयानको लागि सरकारी वकील समक्ष उपस्थित गराएको अवस्थामा त्यस्तो व्यक्तिको बयान गराउनु भन्दा पहिले सरकारी वकीलले निम्न कुराहरूमा ध्यान दिनु पर्दछः :-

- अनुसन्धान अधिकारीले शंकास्पद व्यक्ति (Suspect person) पक्राउ गरी बयान गराउन ल्याउँदा सो अवस्थासम्म अनुसन्धानबाट संकलन भएका प्रमाण कागजातहरू समेतको मिसिल साथमै ल्याएको छ वा छैन,

- अभियुक्तको बयान गराउन सरकारी वकील समक्ष तोकिएको अनुसन्धान अधिकारी उपस्थित भएको छ वा छैन,
- बयान गराउन ल्याइएको व्यक्तिले आफू शारीरिक वा मानसिक रूपमा अस्वस्थ भएको कुरा व्यक्त गरेकोमा वा सो व्यक्त नगरेको भए पनि निजको स्वास्थ्य परीक्षण गराई प्रतिवेदन मिसिल सामेल भए नभएको,
- बयान गराउन ल्याइएको व्यक्तिको चिनारी/परिचय गराउने खालका कागजात प्रमाणहरू छ छैन,[५]
- बयान गराउन ल्याइएको व्यक्तिलाई रितपूर्वक पक्राउ गर्नु परेको कारण सहितको पक्राउ पुर्जी दिइएको छ वा छैन,
- बयान गराउन ल्याएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टा भित्रै मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको छ वा छैन,
- मुद्दा दायर गर्ने हदम्याद कायम छ वा छैन,
- जुन कसूरको आरोपमा पक्राउ गरी बयान गर्न ल्याइएको हो सो कसूर प्रचलित नेपाल कानून अनुसार दण्डनीय हो वा होइन,
- जुन कसूरको आरोपमा बयान गर्न ल्याइएको हो सो कसूर ठहर भएमा प्रतिवादीलाई कैदको सजाय हुने अवस्था छ वा छैन (जस्तै जुवा ऐन अन्तर्गतको कसूरमा जरिवाना मात्र हुने भएको हुँदा अभियुक्तलाई २४ घण्टा भन्दा बढी प्रहरी हिरासतमा राखी रहनु आवश्यक छैन) हेरी कैदको सजाय नहुने कसूर गर्ने कसूरदारको हकमा जतीसक्दो चाडो अनुसन्धान कार्य पूरा गर्न प्रेरित गर्ने,
- बयान लिन उपस्थित गराईएको व्यक्तिले सरकारी वकील समक्ष बयान गर्नु भन्दा पहिले परिवारका सदस्यहरू वा आफ्नो कानून व्यवसायीसँग भेटघाट गर्ने इच्छा व्यक्त गरेकोमा कानून सम्मत ढंगबाट भेटघाटको अवसर उपलव्ध गराई दिनु पर्दछ,

तर त्यसरी भेटघाटको अवसर दिदा निज अभियुक्तले गर्ने स्वेच्छाको बयानमा प्रतिकूल असर पर्ने गरी बयान गर्न सिकाउने वा उत्प्रेरित गर्ने कार्य भने गर्न दिनु हुँदैन ।

### ३.२.२ अभियुक्तको बयान गराउँदा सरकारी वकीलले विचार गर्नु पर्ने कुराहरू

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ भित्र पर्ने नेपाल सरकार वादी हुने फौजदारी मुद्दाका अभियुक्तहरूको अनुसन्धानको बयान सरकारी वकील समक्ष गर्नु पर्ने

[५] सम्मानित सर्वोच्च अदालतबाट *राजेन्द्र महर्जन विरुद्ध नेपाल सरकार* भएको कर्तव्य ज्यान मुद्दामा “भविष्यमा वादी नेपाल सरकारको तर्फबाट दायर हुने अभियोगपत्रमा पक्राउ परेका प्रतिवादीको परिचयात्मक लिखत प्रमाण जस्तोः- नागरिकता, परिचयपत्र र शैक्षिक प्रमाणपत्रमा रहेको विवरण खुलाउने, निजको शारीरिक बनोट, अनुहारको आकृति, परिचयात्मक हुने हुलिया निजको फोटो र ल्याप्चे हस्ताक्षर लगायत अन्य पहिचान हुने सक्ने आधारहरू खुलाउनु पर्ने” भनी निर्देशात्मक आदेश जारी भएको छ । (ने.का.प. (२०६३) अंक ११ पृ. १४६४) ।

कानूनी व्यवस्था रहेको सन्दर्भमा अभियुक्तको बयान लिंदा सरकारी वकीलले निम्न कुराहरूमा ध्यान दिनु पर्दछ :

- बयानको लागि उपस्थित गराइएको व्यक्तिलाई निजको इच्छा विरुद्ध बयान दिन कर छैन भन्ने कुरा र आरोपित कसूर स्वीकार गर्न बाध्य छैन भन्ने कुरा स्मरण गराउनु पर्दछ ।
- बयान गर्न ल्याइएको अभियुक्तलाई निजको बयान लिनु भन्दा पहिले निज उपर लागेको अभियोगको सबै कागज सुनाई मतलब सम्झाई दिनु पर्दछ ।
- बयान लिदा बकपत्रको ढाँचामा लिनु पर्दछ (बकपत्रको ढाँचा मुलुकी ऐन, अदालती बन्दोवस्तको १५२ नं. मा उल्लेख गरिएको छ) । तर बयान लिदा भने इमान धर्म सम्झी बकेको र तिम्रो बयान गर्नु पर्ने केही कुरा बाँकी छ कि भनि सोध्नु लेखाउनु आवश्यक छैन ।
- बयान गराउँदा कुरा फोरी मुद्दा छुट्याई छोटकरी सवाल गर्ने र सोधिएको सवाल र सो को जवाफ लेखबद्ध गर्न लगाउनु पर्दछ ।
- अभियुक्तको बयान आफ्नै समक्षमा गराउनु पर्दछ । प्रत्येक अभियुक्तको छुट्टाछुट्टै बयान गराउनु पर्दछ ।
- अनावश्यक सवाल गर्ने वा एकै सवाल पटक पटक गर्ने कार्य गर्न वा गराउनु हुँदैन ।
- बयान लिने सन्दर्भमा उपस्थित गराईएको व्यक्तिलाई कुनै पनि शारीरिक वा मानसिक यातना दिन वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न गराउनु हुँदैन ।
- बयान लिदा तथ्यगत कुराहरूको बारेमा पहिले खुलाउन लगाउनु पर्दछ ।
- एकै व्यक्ति एक भन्दा बढी अपराधको कसूरमा पोलिएको अवस्थामा प्रत्येक मुद्दाको लागि छुट्टा छुट्टै बयान गराउन लगाउनु पर्दछ ।
- बयानको लागि उपस्थित गराईएका अभियुक्तहरू धेरै भएको अवस्थामा निजहरूको बयान क्रमैसँग लिनु पर्दछ । एकैदिन बयान लिन नभ्याएमा चौबीस घण्टा भित्र अदालतमा उपस्थित गराई सोही व्यहोरा खुलाई हिरासतमा राख्ने म्याद लिई सबैको बयान क्रमैसँग लिनु पर्दछ ।
- बयान गराउँदा ठट्टा मस्करी वा अनाबश्यक सवाल गरी अभियुक्तलाई हतोत्साही गराउन दिनु हुँदैन ।

### ३.३ ततिम्बा बयान

ततिम्बा बयान भन्नाले बयान गराउँदा केही कुरा बुझ्न छुटेमा वा थप बयान नगराई नहुने भएमा गराउने थप बयान लाई ततिम्बा बयान भनिन्छ । ततिम्बा बयान अभियुक्त तथा साक्षी दुवैको हुन सक्दछ । ततिम्बा बयान गराउँदा निम्न कुरामा ध्यान दिनु पर्दछ ।

- ततिम्बा बयान गराउँदा बयानको शीर व्यहोरा भै यस अघि बयान भै सकेको तर थप कुरा बुझ्न आवश्यक परेको भन्ने ब्यहोरा उल्लेख गर्नुपर्दछ।
- ततिम्बा बयान गराउँदा पहिले भै सकेको बयानमा अपुग कुराहरू खुलाउने वा स्पष्ट हुन नसकेका कुराहरू प्रस्ट पार्ने योजनाको लागि बयान गराउनु पर्दछ।
- पहिलो बयान गरिसकेको कुरालाई खण्ड गर्ने वा तथ्यमा फरक पार्ने उद्देश्यले बयान गराउन हुँदैन।

## ३.४ राय सहितको प्रतिवेदन र थप निर्देशन

अनुसन्धान अधिकारीले अपराध अनुसन्धान/तहकिकातको कार्य पूरा गरिसके पछि पक्राउ परेका अभियुक्तहरूको बयान र संकलन गरिएका अन्य सबूद प्रमाणहरूको आधारमा अभियुक्तहरू उपर के कस्तो कसूरमा के कस्तो अभियोग लगाई के कति सजायको माग दाबी गर्ने भन्ने आफ्नो राय सहितको अनुसन्धान प्रतिवेदन तयार गरी अभियोजन सम्बन्धी कार्यको लागि संकलन गरेको दसी प्रमाण साथ अनुसन्धान मिसिल सरकारी वकील समक्ष पेश गर्नु पर्दछ।

सरकारी वकीलले आफू समक्ष पेश हुन आएको राय सहितको प्रतिवेदन अध्ययन गर्ने, मिसिलमा भएका प्रमाणहरूको मूल्याङ्कन गर्ने र आवश्यक देखिएमा अनुसन्धान अधिकारीलाई कुनै खास व्यक्ति बुझ्ने वा कुनै खास प्रमाण संकलन गर्न थप निर्देशन दिन सक्नेछ।

### ३.४.१ राय सहितको प्रतिवेदन र सो प्रतिवेदन पेश गर्नु पर्ने समय अवधि

अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकातको कार्य सम्पन्न भए पछि अनुसन्धानको क्रममा तयार भएको मिसिल साथ आफ्नो राय सहितको प्रतिवेदन यथासक्य चाडो सरकारी वकील कार्यालयमा पठाउनु पर्दछ। अनुसन्धान अधिकारीद्वारा प्रस्तुत राय सहितको प्रतिवेदन अध्ययन गरी मुद्दाको तथ्य, घटना विवरण, संकलित सबूद प्रमाण, पक्राउ परेका व्यक्तिहरू र सान्दर्भिक ऐन कानून लगाएत आवश्यक सम्पूर्ण कुराहरूको विश्लेषण गरी सरकारी वकीलद्वारा छुट्टै अभियोग पत्र तयार गरी म्याद भित्रै अदालतमा मुद्दा दायर गर्नु पर्ने हुँदा कम्तिमा तीन दिन अगावै अनुसन्धान अधिकारीले आफ्नो राय सहितको प्रतिवेदन सरकारी वकील समक्ष पठाउनु पर्ने कानूनी व्यवस्था रहेको छ।[६]

### ३.४.२ अनुसन्धान अधिकारीद्वारा प्रस्तुत राय सहितको प्रतिवेदन प्राप्त भए पछि सरकारी वकीलले प्रारम्भिक रूपमा ध्यान दिनु पर्ने कुराहरू

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा उल्लिखित मुद्दाको अनुसन्धान कार्य सम्पन्न भएपछि अनुसन्धान अधिकारीले ऐनको दफा १७ र सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम १३ को ढाँचामा आफ्नो राय सहितको प्रतिवेदन र मिसिलको सक्कल, एक प्रति नक्कल, हिरासतमा रहेका व्यक्ति तथा दशी प्रमाण समेत सरकारी वकील समक्ष पेस गर्नु पर्ने कानूनी व्यवस्था रहेको छ। अनुसन्धान अधिकृतको राय सहितको प्रतिवेदनले अभियोजन अधिकारी (सरकारी वकील) लाई मुद्दाको यथार्थ विवरण अध्ययन गर्न

[६] सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ का दफा १७।

सघाउ पुऱ्याउँदछ। सरकारी वकील मुख्य अभियोजन अधिकारी भएको हुँदा कुनै पनि मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार निजलाई नै भएको हुँदा सरकारी वकीलले त्यस्तो निर्णय गर्नु पूर्व अनुसन्धान अधिकारीको राय सहितको प्रतिवेदनको अध्ययन, मिसिल संलग्न प्रमाणको मूल्याङ्कन एवं विश्लेषण गरी निम्न कुरामा विशेष ध्यान दिनु पर्दछ :-

- जुन निकाय वा पदाधिकारीले अनुसन्धान गरी मिसिल प्रमाण पठाएको छ सो विषयमा अनुसन्धान गर्ने निजको कानूनी अधिकार छ वा छैन,
- अनुसन्धान तहकिकात पूरा गरी म्याद भित्रै राय सहितको प्रतिवेदन प्राप्त भएको छ वा छैन,
- अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात गर्दा अनिवार्य रूपले पूरा गर्नु पर्ने कार्यविधि एवं प्रक्रियाहरू अनुसरण गरेको छ वा छैन,
- जुन कसूरको सम्बन्धमा अनुसन्धान गरेको हो सो अभियोग सम्बन्धी कसूर सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूची -१ भित्र पर्ने हो वा होईन,
- अनुसन्धान अधिकारीद्वारा प्रस्तावित कसूरको सम्बन्धमा प्रचलित ऐन कानूनले दण्ड सजायको व्यवस्था गरेको छ वा छैन,
- प्रस्तावित कसूरको सम्बन्धमा के कस्तो कार्यविधि अपनाउनु पर्ने कानूनी व्यवस्था रहेको छ,
- प्रस्तावित कसूर सम्बन्धी मुद्दा कुन अदालतमा दायर हुने हो सो विषय,
- अनुसन्धान तहकिकातबाट संकलित सबूद प्रमाण एवं साक्षीहरू मुद्दा दायर गर्न पर्याप्त छ वा छैन,
- पर्याप्त सबूद प्रमाणको अभाव भएको वा संकलन गर्नु पर्ने सबूद प्रमाण संकलन गर्न बाँकी रहेको देखिएमा अनुसन्धान अधिकारीलाई थप सबूद प्रमाण बुझ्ने वा संकलन गर्ने सम्बन्धमा कुनै निर्देशन दिनु पर्ने छ वा छैन,
- शंकास्पद व्यक्ति पक्राउ परेको र निजको हकमा थुनामा राख्न कानून बमोजिम म्याद थप गरेको छ वा छैन,
- अनुसन्धान अधिकारीको राय प्रतिवेदनमा उल्लेखित सबूद प्रमाण तथा दसीका सामानहरू खोजेका बखत पेश गर्न सकिने गरी अनुसन्धान अधिकारीको नियन्त्रणमा रहे नरहेको यकिन हुनु पर्ने,
- सरकारी वकीलले पूर्व निर्देशन दिएको छ वा छैन। अनुसन्धानको क्रममा पहिले दिएको निर्देशन पालन भए नभएको।

**३.४.३ राय सहितको प्रतिवेदन निम्न कुराहरू खुलेको छ वा छैन हेर्नु पर्दछ**

- वारदात सम्बन्धी जाहेरी व्यहोरा तथा अन्य तथ्यगत व्यहोरा,

- अभियुक्तको पूरा नाम, थर, वतन, ठ
- पक्राउ परेको तथा फरार रहेका प्रत्येक अभियुक्तको सम्बन्धमा निजहरूले गरेको कसूरजन्य कार्य, सो सँग सम्बन्धित कानून र प्रत्येक अभियुक्तले गरेको कसूरको लागि पृथक-पृथक राय छुट्टाछुट्टै प्रकरणमा व्यक्त गरे वा नगरेको,
- अभियुक्तले गरेको कसूर वापत के कुन कानून बमोजिम के कस्तो अभियोग लगाउने र के कति सजाय मागदाबी गर्ने भन्ने कुरा स्पष्ट खुलाएको छ वा छैन,
- अभियोग लगाउन खोजेको कसूर प्रमाणित गर्ने आधार र आवश्यक सबूद प्रमाणहरू
- अपराध अनुसन्धानको सिलसिलामा प्रचलित कानून बमोजिम बरामद गरी नियन्त्रणमा लिएको नगद, जिन्सी, चिज, वस्तु तथा साधनहरू को विवरण र स्थिति बारे,
- अनुसन्धानको क्रममा संकलन गरेको भौतिक सबूद प्रमाणको विश्लेषण, प्रचलित कानून तथा सान्दर्भिक नजिरहरू समेतको उल्लेख भै सोही आधारमा सजायको मागदाबी गर्नु पर्ने व्यहोरा उल्लेख भए नभएको,
- अपराध अनुसन्धानको दौरानमा सरकारी वकीलसँग आवश्यक सम्पर्क, समन्वय र कानूनी राय परामर्श लिएको नलिएको व्यहोरा,
- पीडितलाई अंश, क्षतिपूर्ति एवं तत्कालै कुनै राहत दिलाउनु पर्ने भए सो समेतको मागदाबी गर्ने विषय,
- प्रत्येक मुद्दाका प्रतिवादी, जाहेरवाला, साक्षी, गवाहहरूलाई अदालतले खोजेका बखत उपस्थित गराउनु पर्ने हुनाले त्यस्ता व्यक्तिको सम्बन्धमा जिल्ला अदालत नियमावली, २०५२ को नियम १९क, ले निर्देश गरे अनुसार निजको बाबुको पूरा नाम, थर, बतन भए घर नम्बर, उमेर पेशा हुलिया अन्य परिचयात्मक विवरण (जस्तो नागरिकता, पासपोर्ट आदि खुल्न सकेसम्मका विवरण) तथा खुल्न आएसम्म ई-मेल, फ्याक्स, टेलिफोन नम्बर जस्ता अभिलेख हुन सक्ने विद्युतीय सञ्चारका माध्यम सम्बन्धी ठेगाना खुलाइएको छ वा छैन ।

---

[७] भरखरै सम्मानित सर्वोच्च अदालतबाट *राजेन्द्र महर्जन विरुद्ध नेपाल सरकार* भएको कर्तव्य ज्यान, ने.का.प. (२०६३) पृ. १४६४ नि.नं. ७७८८ भएको मुद्दामा "भविष्यमा वादी नेपाल सरकारको तर्फबाट दायर हुने अभियोगपत्रमा पक्राउ परेका प्रतिवादीको परिचयात्मक लिखत प्रमाण जस्तोः नागरिकता, परिचयपत्र र शैक्षिक प्रमाणपत्रमा रहेका विवरण खुलाउने, निजको शारीरिक बनौट, अनुहारको आकृति, परिचयात्मक हुने हुलिया निजको फोटो र ल्याप्चे हस्ताक्षर लगायत अन्य पहिचान र हुन सक्ने आधारहरू खुलाउनु पर्ने" र त्यसै अनुरूप सो फैसलामा भनिएको छ : "फरार प्रतिवादीको हकमा निजको बाबु र बाजेको नाम, थर र वतन तिन प्रति, स्थायी र अस्थायी वतन निजको नागरिकता नम्बर, मतदाता नामावलीको नम्बर र अन्य लिखत प्रमाण भए सोमा रहेको नाम उपनाम प्रष्टसँग उल्लेख हुनको लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयका नाममा निर्देशनात्मक आदेश जारी हुने" भनी फैसला भए अनुरूप महान्यायाधिवक्ताको कार्यालयले सो फैसलामा भएको निर्देशात्मक आदेश अनुरूप मातहतका कार्यालयहरूमा परिचयपत्र समेत जारी भई सकेको छ। यस मुद्दाको सो फैसलाबाट लामो समयदेखि हाम्रो अनुसन्धान एवं अभियोजन प्रणालीमा अभाव रहेको अभियुक्तको चिनारी (Identification of the accused) सम्बन्धमा स्पष्ट मार्ग निर्देशन कोरेको छ। अभियुक्तको चिनारी सम्बन्धी अवधारणाका सम्बन्धमा हेर्नुहोस, डा. रजितभक्त प्रधानाङ्ग र गिरिराज गौतम (२०६४) ''अपराधीको चिनारी सन्दर्भमा सर्वोच्च अदालतको नवीनतम् दृष्टिकोण'', *कानून,* पूर्णाङ्क ६३, पृ. ४९ ।

## ४. अपराधमा अभियोजन सम्बन्धी धारणा र तिनको वर्गीकरण

अपराधमा अभियोजन (Prosecution) फौजदारी कारबाहीको एक महत्वपूर्ण प्रक्रिया हो। यो फौजदारी कारबाहीको एक प्रक्रिया भएर पनि अभियोजनकर्ताले गर्ने निर्णय प्रक्रिया पनि हो। सरकारी वकीले अभियोजन अधिकारीको रूपमा गरेको निर्णयको विषय अदालती पुनरावलोकनको विषय बन्न सक्तैन। अभियोजन (Prosecution) लाई मोटामोटी रूपमा अनिवार्य अभियोजन (Mandatory Prosecution) र स्वविवेकात्मक अभियोजन (Discretionary Prosecution) रूपमा विभक्त गरिन्छ।[८]

अनिवार्य अभियोजन (Mandatory prosecution) मा अभियोजनकर्ताले मुद्दा चल्ने वा नचल्ने दुई कुरामा मात्र निर्णय गर्न सक्तछ। तर स्वविवेकात्मक अभियोजनमा अभियोजनकर्तालाई थुपै विकल्पहरू दिइएको हुन्छ। अभियोजनको निर्णयमा पुग्दा सर्वप्रथम अभियोजनकर्ता प्रमाण परीक्षणको चरणबाट गुज्रिन्छ। संकलन भएको प्रमाणबाट अभियोजन ठहर हुन सक्ने संभाव्यता भएमा अभियोजनकर्ताले सार्वजनिक हितको परीक्षणबाट गुज्रिनु पर्दछ। यी दुवै परीक्षणबाट सन्तुष्ट भए पछि मात्र सरकारी वकीलले मुद्दा चलाउने निर्णय गर्दछ। यति ऊ यी दुवै परीक्षणबाट सन्तुष्ट हुन नसकेमा उसले मुद्दा नचलाउने निर्णय (Decision to discontinuation of proceeding) गरी फौजदारी कारबाही टुंगाउन सक्तछ।

## ५. नेपालमा मुद्दा चल्ने नचल्ने निर्णय सम्बन्धी प्रक्रियामा सरकारी वकीलको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १६ ले महान्यायाधिवक्ताको संबैधानिक व्यवस्था गरेको छ। महान्यायाधिवक्ता सरकारको मुख्य कानूनी सल्लाहकार (Chief Legal Advisor) को साथै मुख्य अभियोजनकर्ता (Chief Public Prosecutor) समेत भएको हुँदा नेपाल सरकार वादी हुने फौजदारी मुद्दा चल्ने वा नचल्ने विषयको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्ता तथा निजले अधिकार प्रत्यायोजन गरेको मातहतका सरकारी वकीलहरूलाई मात्र हुने व्यवस्था गरेको छ। महान्यायाधिवक्ताले उल्लेखित अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालन गर्ने गरी मातहतका सरकारी वकीललाई मिति गतेको राजपत्रको सूचनाद्वारा प्रत्यायोजन गरेको छ।

नेपाल सरकार वादी हुने कुनै पनि मुद्दा चल्ने वा नचल्ने विषयमा निर्णय गर्ने अधिकारी सरकारी वकील भएकोले सरकारी वकील केही हदसम्म निर्णयकर्ता पनि हो। त्यसैले मुद्दा चल्ने वा नचल्ने विषयको निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलको महत्वपूर्ण भूमिका रहेको छ। यस्तो महत्वपूर्ण भूमिका निर्वाह गर्ने क्रममा सरकारी वकीलले आफूलाई प्रचलित कानून, सर्वोच्च अदालतका फैसला तथा नजिरहरू, राजपत्रका सूचना तथा आदेशहरू, कानून तथा न्यायका मान्य सिद्धान्तहरूको पर्याप्त जानकारी राख्दै आफूलाई सदैब चुस्त दुरुस्त बनाई राख्नु पर्दछ।

---

८ प्रा.डा. रजितभक्त प्रधानाङ्ग (२०६७) "अभियोगपत्र सम्बन्धी धारणा तथा व्यवहारिक पक्षः एक चिन्तन", कानून, पूर्णाङ्क ८१, पृ. ५३।

मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलले मुख्य रूपले निम्न चार किसिमको निर्णय गर्न सक्दछन् :-

(क) उपलब्ध सबूद प्रमाणको मूल्याङ्कनको आधारमा मुद्दा चलाउने गरी निर्णय गर्ने,

(ख) उपलब्ध सबूद प्रमाणको मूल्याङ्कनको आधारबाट केही प्रतिवादीको हकमा मुद्दा चलाउने र केहीको हकमा नचलाउने निर्णय गर्ने,

(ग) पर्याप्त सबूद प्रमाण नभएको कारण मुद्दा नचलाउने निर्णय गर्ने,

(घ) आत्महत्या, भवितव्य जस्ता प्रकृतिका प्रतिवादी नहुने मुद्दाहरू र वारदातबाट कर्तव्य देखिएका तर प्रतिवादी खुल्न नआएका मुद्दाहरूमा कोही कसै उपर मुद्दा नचलाउने राय भएकोमा निकासाको लागि पुनरावेदन तहको कार्य गर्ने सरकारी वकील कार्यालयमा फायल पठाई निकासा भए बमोजिम गर्ने ।

अभियोजन (Prosecution) सम्बन्धमा सरकारी वकीलमा भएको अधिकारको संबैधानिक दायरा निकै फराकिलो र उच्च रहेको छ । सरकारी वकील मात्र यस्तो पदाधिकारी हो जसले मुलुक भरिका सरकार वादी हुने मुद्दाहरू (भ्रष्टाचार सम्बन्धी मुद्दा बाहेक) को अभियोजन गर्ने वा नगर्ने भन्ने कुराको निर्णय गर्ने गर्दछन । सरकारी वकीलद्वारा मुद्दा चलाउने वा नचलाउने गरी गरेको निर्णयको न्यायिक परीक्षण गर्न सकिदैन किनकि यो आफैमा न्यायिक निर्णय समान छ । त्यसैले मुद्दा चल्ने वा नचल्ने निर्णय गर्दा सरकारी वकीलले निम्न कुराहरूमा विचार पुऱ्याउनु पर्दछ :-

- राय सहितको प्रतिवेदन र मिसिल प्रमाणहरूको प्रारम्भिक अध्ययन, मूल्याङ्कन गरी मुद्दा चलाउने वा नचलाउने विषयमा निर्णय गर्नु पर्ने यकिन भए पछि सो राय प्रतिवेदन सहितको प्रमाण मिसिललाई कार्यालयको दायरी पुस्तकमा दायर गर्ने,
- के कति जना अभियुक्तहरू विरुद्ध अभियोग दायर गर्न सकिने ठोस आधारहरू छन सो कुरा निश्चित गर्ने,
- अनुसन्धान अधिकारीले के कुन कसूर सम्बन्धमा अनुसन्धान/तहकिकात प्रारम्भ गरेको र हाल के कुन कसूर र अभियोग सम्बन्धमा आफ्नो राय प्रतिवेदन पठाएको रहेछ सो हेरी दुवै अवस्थाहरू बीच तादात्म्यता रहेको वा नरहेको,
- अभियोगपत्र कुन निकाय समक्ष दायर गर्ने भन्ने कुरा,
- अभियोग दायर गरिसक्नु पर्ने हदम्याद बाँकी रहे वा नरहेको,
- अभियोग दायर गर्ने निर्णय भएको अवस्थामा के कुन कानून वा कानूनी व्यवस्था अनुसार अभियोग दायर गर्ने हो सो कुरा निश्चित गर्ने,
- अभियोग दायर गर्ने सम्बन्धमा अवलम्बन गर्नु पर्ने कार्यविधि,
- मुद्दा चलाउने वा नचलाउने सम्बन्धी सरकारी वकीलको निर्णय स्वविवेकीय निर्णय भएको हुँदा सरकारी वकीलले कसैको भनसुन, मोलाहिजा, डर, धाक, धम्की एवं कुनै प्रलोभनमा नपरी स्वतन्त्र एवं निर्भिक भएर निर्णय गर्नु पर्दछ ।

- एक भन्दा बढी सरकारी वकील कार्यरत रहेको जिल्ला सरकारी वकील कार्यालयमा जिल्ला न्यायाधिवक्ताले कुनै मुद्दा चल्ने वा नचल्ने गरी निर्णय गर्न आफू वा अन्य सहयोगी सरकारी वकीललाई जिम्मेवारी तोक्न सक्दछन । त्यसरी तोकिएकोमा तोकिएको अधिकारीले नै सो मुद्दामा आवश्य निर्णय गर्नु पर्दछ ।

## ५.१ प्रतिवादी नभएको वा नखुलेको र वारदातको प्रकृतिबाट तत्काल मुद्दा चल्न नसक्ने देखिएका मुद्दाहरूको निर्णय प्रक्रिया

मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने सन्दर्भमा सरकारी वकीलले अनुसन्धान अधिकारीको राय सहितको प्रतिवेदन प्राप्त गरिसके पछि मिसिल संलग्न प्रमाण कागजहरूको अध्ययन/विश्लेषण पश्चात तत्काल कसै विरुद्ध मुद्दा नचलाउने गरी निर्णय गर्न सक्दछन । जस्तैः झुण्डी मरेको, पानीमा डुबेर मरेको, करेन्ट लागी मरेको, पहिरोले पुरी मरेको, भिरबाट लडेर मरेको, जंगली जनावरको आक्रमणबाट मरेको आदि जस्ता घटनाहरूमा सामान्यतया मानिसको आपराधिक संलग्नता हुँदैन । तसर्थ यस्ता वारदातको अनुसन्धान सम्बन्धी राय प्रतिवेदन उपर सरकारी वकीलले तत्काल कोही कसै उपर मुद्दा नचलाउने गरी निर्णय गर्न सक्दछन ।

यस्तो निर्णय गर्दा पछि मुद्दा दायर गर्न सकिने अवस्थालाई समेत ध्यानमा राखी पछि प्रतिवादी खुल्न आएका बखत कानून बमोजिम हुने गरी तत्काल कसै विरुद्ध मुद्दा नचलाउने भन्ने व्यहोरा राखी मुद्दा नचलाउने निर्णय गर्नु पर्दछ । सो निर्णय पश्चात निम्न बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्दछ :-

- मुद्दा नचलाउने गरी निर्णय गरेको अवस्थामा सरकारी वकीलले आफ्नो निर्णयको औचित्य एवं आधारहरू समेत उल्लेख गरी उक्त निर्णय आवश्यक निकासाको लागि पुनरावेदन सरकारी वकील कार्यालयमा मुद्दाको सक्कलै मिसिल साथ पठाउनु पर्दछ ।
- मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउँदा मुद्दा चलाउनु पर्ने भयो भने पनि हदम्याद जाने/नजाने कुरा पहिले नै यकिन गर्नु पर्दछ ।
- जिल्ला सरकारी वकीलले मुद्दा नचलाउने निर्णय गरी निकासाको लागि पुनरावेदन सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयले मिसिल अध्ययन गरी थप अनुसन्धान गर्न पर्ने देखेमा आधार र कारणहरू समेत उल्लेख गरी थप अनुसन्धान गर्न सम्बन्धित कार्यालयमा पठाउने गरी मिसिल जिल्ला सरकारी वकील कार्यालयमा फिर्ता पठाउनु पर्दछ ।
- जिल्ला सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय पुनरावेदन सरकारी वकील कार्यालयबाट पनि मुद्दा नचलाउने निर्णय भएकोमा आफ्नो समेत राय उल्लेख गरी जिल्ला सरकारी वकील कार्यालय मार्फत सो मुद्दाको मिसिल कागजात तथा पेस गरेका चिज वस्तुहरू सम्बन्धित अनुसन्धान गर्ने निकायमा फिर्ता पठाई दिनु पर्दछ ।
- मुद्दा नचलाउने निर्णय निकासा भै पुनरावेदन सरकारी वकील कार्यालयबाट अन्तिम भएको मुद्दाको मिसिल कागजात तथा अन्य चिज वस्तुहरू अनुसन्धान अधिकारी समक्ष फिर्ता

पठाउँदा सरकारी वकीलले अनुसन्धान अधिकारीको राय प्रतिवेदनको एक प्रति आफूसँग सुरक्षित साथ राख्नु पर्दछ ।

- मुद्दा नचलाउने निर्णय भै मिसिल कागजात तथा अन्य चिज वस्तुहरू फिर्ता पठाउँदा पछि खोजी भएका बखत पेश गर्ने गरी सुरक्षित साथ राख्ने निर्देशन सहित अनुसन्धान अधिकारीलाई लेखी फिर्ता पठाउनु पर्दछ ।

### ५.२ प्रतिवादी खुलेको तर पर्याप्त प्रमाण नभएको अवस्थामा मुद्दा नचल्ने निर्णय गर्दा पुऱ्याउनु पर्ने प्रक्रिया

कुनै वारदातको सम्बन्धमा कुनै व्यक्ति विरुद्ध फौजदारी मुद्दा चलाउनु पर्दा पर्याप्त सबूद प्रमाणको आधारमा मात्र मुद्दा दायर गर्नु पर्दछ । बिना सबूद प्रमाण कसै विरुद्ध पनि मुद्दा चलाउन सकिदैन । प्रमाण मानिने सबूद प्रमाण, दशी प्रमाण तथा अन्य कागजातहरू जुटाए पनि जसको विरुद्ध मुद्दा चलाइने हो त्यसको विरुद्ध नलाग्ने प्रमाणहरूले अभियोजनलाई कमजोर बनाउँदछ । त्यसैले प्रमाण भएर मात्र हुँदैन सम्बद्ध, सान्दर्भिक, भरपर्दो एवं बलियो प्रमाण पनि चाहिन्छ । अन्यथा कसै विरुद्ध पनि मुद्दा चलाउने प्रक्रिया अवलम्बन गर्न हुँदैन ।

- अनुसन्धान अधिकारीले प्रस्तुत गरेको राय प्रतिवेदन र संलग्न सबूद प्रमाणको मूल्याङ्कनको आधारमा पर्याप्त प्रमाण नभएको कारण कुनै वारदात सम्बन्धी मुद्दा नचल्ने निर्णय गर्नु पर्ने हुन्छ । यसरी निर्णय गर्दा सरकारी वकीलले मुद्दा चलाउन नसकिने आधार र कारणहरू उल्लेख गरी छुट्टै निर्णय पुस्तिकामा निर्णय गर्नु पर्दछ ।
- मुद्दा नचलाउने निर्णय भएकोमा प्रहरी हिरासतमा कुनै व्यक्ति रहेछ र निजलाई उपस्थित गराइएको रहेछ भने तत्कालै हिरासतबाट मुक्त गर्न लेखी पठाउनु पर्दछ ।
- मुद्दा नचलाउने गरी निर्णय गरेको अवस्थामा सरकारी वकीलले आफ्नो निर्णय जाँच हुन र सो निर्णय उपर निकासा माग गर्दै पुनरावेदन सरकारी वकील कार्यालयमा मुद्दाको सक्कलै मिसिल पठाउनु पर्दछ ।
- जिल्ला सरकारी वकीलले मुद्दा नचलाउने गरी निर्णय गरी निकासाका लागि पुनरावेदन सरकारी वकील कार्यालयमा पठाएकोमा सो कार्यालयले मिसिल अध्ययन गरी मुद्दा चलाउनु पर्ने देखेमा मुद्दा चलाउने आधार र कारणहरू समेत उल्लेख गरी मिसिल जिल्ला सरकारी वकील कार्यालयमा पठाउनु पर्दछ ।
- जिल्ला सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय मनासिब देखेमा पुनरावेदन सरकारी वकीलले आफ्नो समेत राय समावेस गरी अन्तिम निकासाको लागि महान्यायाधिवक्ता समक्ष पठाउनु पर्दछ ।
- मुद्दा नचलाउने अन्तिम निकासा भै आएको मिसिल कागजात तथा अन्य चिज वस्तुहरू फिर्ता पठाउँदा अनुसन्धान अधिकारीको राय प्रतिवेदनको एक प्रति आफूसँग सुरक्षित साथ राख्नु पर्दछ ।

- मुद्दा नचलाउने निर्णय भै मिसिल कागजात तथा अन्य चिज वस्तुहरू फिर्ता पठाउँदा पछि खोजी भएका बखत पेश गर्ने गरी सुरक्षित साथ राख्ने निर्देशन सहित अनुसन्धान अधिकारीलाई लेखी फिर्ता पठाउनु पर्दछ ।

## ५.३ आंशिक रूपमा मुद्दा चलाउने निर्णय भएकोमा पुऱ्याउनु पर्ने प्रक्रिया

अनुसन्धान अधिकारीद्वारा प्रस्तुत राय सहितको प्रतिवेदन र मिसिल प्रमाणहरूको अध्ययन मूल्याङ्कन गरी सरकारी वकीलद्वारा मुद्दा चलाउने वा नचलाउने सम्बन्धी निर्णय गर्दा कतिपय अवस्थामा आंशिक रूपमा अभियोजन गर्ने गरी निर्णय गर्ने गरिन्छ। सो बमोजिम निर्णय गर्दा निम्न बमोजिमको प्रक्रिया पूरा गर्नुपर्दछ :-

- अनुसन्धान अधिकारीले प्रस्तुत गरेको राय सहितको प्रतिवेदन अनुसार मुद्दा चलाउनु पर्ने अभियुक्तहरू मध्ये केही अभियुक्तहरू उपर अभियोजन गर्ने र केही अभियुक्तहरू उपर अभियोजन नगर्ने निर्णय गर्ने गरिन्छ ।

- आंशिक रूपमा मुद्दा चलाउने निर्णय भएको अवस्थामा सरकारी वकीलले के कुन आधारमा आंशिक निर्णय गरेको हो, सो को आधार र कारणहरू निर्णय पुस्तिकामा जनाउनु पर्दछ ।

- आंशिक निर्णय गरी अभियोगपत्र दायर गरे पछि सो मुद्दामा अनुसन्धान अधिकारीको राय सहितको प्रतिवेदन, सरकारी वकीलको निर्णयको प्रतिलिपि तथा अभियोगपत्रको प्रतिलिपि सहितको छुट्टै मिसिल खडा गरी सो को लिखित जानकारी सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयमा अनिवार्य रूपमा पठाउनु पर्दछ ।

- पुनरावेदन सरकारी वकील कार्यालयले पनि सो निर्णय हेरी जाँची, ठिक बेठिक छुट्याई जिल्ला सरकारी वकीलको निर्णयमा कुनै कैफियत देखिएकोमा के कुन कुराहरूमा कैफियत देखिएको खुलाई सो कुराको जानकारी लिखित रूपमा सम्बन्धित जिल्ला सरकारी वकील कार्यालयलाई र महान्यायाधिवक्ताको कार्यालयमा समेत पठाउनु पर्दछ ।

- महान्यायाधिवक्ताको कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयको आंशिक निर्णय अध्ययन वा जाँच गर्दा सो विषयको सम्पूर्ण मिसिल अध्ययन गर्नु पर्ने देखेमा मुद्दाको कारबाहीलाई प्रतिकूल असर नपर्ने गरी मुद्दाको सम्पूर्ण मिसिल झिकाई अध्ययन गर्न सक्दछ ।

- महान्यायाधिवक्ताको कार्यालयले प्राप्त मिसिल कागजातहरू अध्ययन गरी जिल्ला सरकारी वकीलको आंशिक निर्णयमा कुनै कैफियत देखिएमा अवस्था अनुसार आवश्यक कारबाही गर्न र भविष्यमा त्यस्तो गल्ती नदोहऱ्याउने तर्फ सचेत गराउन सक्दछ ।

## ५.४ मुद्दा चल्ने निर्णय गर्दा अवलम्बन गर्नु पर्ने प्रक्रिया

अनुसन्धान अधिकारीले अपराध अनुसन्धान/तहकिकातको कार्य पूरा गरी मिसिल संलग्न सबूद प्रमाणको आधारमा मुद्दा चलाउने वा नचलाउने आधार कारणहरू उल्लेख गरी आफ्नो राय सहितको प्रतिवेदन सम्बन्धित जिल्लाको सरकारी वकील कार्यालयमा प्रस्तुत गर्नु पर्ने कानूनी

व्यवस्था रहेको छ। जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलले पनि कुनै वारदातसँग सम्बन्धित विषयको अनुसन्धान मिसिलमा संलग्न प्रमाणहरूको मूल्याङ्कन र अनुसन्धान अधिकारीको राय सहितको प्रतिवेदनको अध्ययन गरी मुद्दा चलाउने गरी निर्णय गर्दा निम्न प्रक्रियाहरू अवलम्बन गर्नु पर्दछ :-

- एक पटक मुद्दा चलाउने निर्णय गरिसके पछि सो निर्णय अन्तिम हुने हुँदा भरसक मुद्दाको सफलतामा पछिसम्म फरक नपर्ने गरी अत्यन्तै संवेदनशील भएर निर्णय गर्नु पर्दछ।
- मुद्दा चलाउने गरी सरकारी वकीलले गरेको निर्णयको सम्पूर्ण व्यहोरा तत्कालै निर्णय पुस्तिकामा जनाई प्रमाणित गर्नु पर्दछ।
- निर्णय पुस्तिकामा वारदात बारे संक्षिप्त विवेचना गर्नु पर्दछ।
- वारदातमा संलग्न व्यक्तिहरू को को हुन सबैको बाबु वा लोग्ने/ससुरा तथा निजको नाम, थर, स्पष्ट ठेगाना फेला पर्न सक्ने सम्मको विवरण खुलाउनु पर्दछ।
- प्रत्येक अभियुक्तहरूलाई के कस्तो कसूरमा के कुन ऐन-कानून बमोजिम के कुन दफा उपदफा बमोजिम के कस्तो अभियोग लगाई के कस्तो सजायको माग दाबी गर्ने हो सो कुरा अभियुक्त पिच्छे छुट्टाछुट्टै खुलाउने गर्नु पर्दछ।
- अभियुक्तहरू उपर लगाइएको अभियोग दाबी पुष्टी गर्ने भौतिक सबूद प्रमाण एवं साक्षीहरू के के छन सो कुरा खुलाउनु पर्दछ।
- अभियोग दाबी सम्बन्धमा सैद्धान्तिक आधारहरू केही भए सो समेत खुलाउनु पर्दछ।
- आफ्नो राय के हो सो समेत स्पष्ट रूपमा खुल्ने गरी जनाउनु पर्दछ।
- मुद्दा चल्ने निर्णय गरे पछि सम्बन्धित सरकारी वकीलले तत्कालै अभियोगपत्रको मस्यौदाको कार्यलाई प्राथमिकता दिनु पर्दछ।
- अभियोग पत्र दायर गर्ने समय बाँकी भई सरकारी वकीललाई अभियोगपत्र तयार गर्न केही समय लाग्ने रहेछ भने प्रहरी हिरासतमा रहेका व्यक्ति तथा भौतिक सबूद प्रमाणहरू सुरक्षित साथ राखी मुद्दाको अभियोजन गर्ने दिन उपस्थित गराउनु भनी अनुसन्धान अधिकारी मार्फत पत्रसाथ फिर्ता पठाउनु पर्दछ।
- अभियोगपत्रमा मुद्दाको प्रकृति अनुसार क्षतिपूर्ति वा बिगो भराउनु पर्ने देखिएमा सो कुरा समेत उल्लेख गर्नु पर्दछ।
- भरखरै सम्मानित सर्वोच्च अदालतबाट राजेन्द्र शेरचन र इमानबहादुर घर्तिमगर समेतको हकमा अधिवक्ता दिनेश शर्मा विरुद्ध प्रमुख जिल्ला अधिकारी काठमाडौं समेत भएको बन्दीप्रत्यक्षीकरण मुद्दामा एउटै वारदातमा एक भन्दा बढी अपराधहरू गरे भएकोमा त्यस्तो अभियुक्तको हकमा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा १५(४) ले दिएको २५ दिन भित्रकै म्यादमा म्यादमा अपराधको अनुसन्धान र अभियोजन पनि गर्नुपर्ने अनुसन्धान र अभियोजन पटकपटक र सो म्याद नघाएर गर्न नहुने सिद्धान्त मिति २०६४।१२।६।५ मा प्रतिपादन गरेको छ। यसर्थ एउटै वारदातमा धेरै वटा कानून बमोजिम अपराध हुने

एकभन्दा बढी अपराधहरू गरे भएकोमा एकै पटक अनुसन्धान एवं अभियोजन लगाउनु पर्ने हुन्छ। यसतर्फ पनि सरकारी वकीलले मुद्दा चलाउने निर्णय गर्दा विचार पुऱ्याउनु पर्दछ।

## ६. उपसंहार

हामीले नयाँ अभियोजन प्रणालीको परिकल्पना गरेको र लागू गरेको २० औं वर्ष विती सक्दा पनि त्यसलाई व्यावहारिक रूप दिन आवश्यक पर्ने सारवान कानूनी एवं कार्यविधिगत नियम, कार्यविधि र निर्देशिका बनाउन एवं निर्धारण गर्न सकेका छैनौ। अपराध अनुसन्धानमा सरकारी वकीलको सहभागिता र संलग्नताको परिकल्पना गरेको भए पनि उनको स्पष्ट दायित्व र निजले जिम्मेवारी के हुने भन्ने स्पष्ट नभएको हुँदा उसको सहभागिताबाट आशातित रूपमा मुद्दामा सफलता पाउने परिकल्पनाले साकार रूप लिन सकेको छैन। प्रस्तावित फौजदारी कार्यविधि संहिता, २०६७ आउन अझ समय लाग्ने हुँदा वर्तमान कानून र प्रणालीमा भएका कमी कमजोरीहरू हटाउन आवश्यक कानून तर्जुमा गरी पारित गरी लागू गर्ने तर्फ लाग्नू पर्दछ। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लागू भएको झण्डै २० वर्ष वितिसक्दा पनि यसमा भएका थुप्रै कमी कमजोरीहरू, अभाव र तत्काल त्यसमा हुनुपर्ने सुधारका सम्बन्धमा थुप्रै सम्मेलन, गोष्ठी एवं महान्यायाधिवक्ता कार्यालयबाट भएका थुप्रै अध्ययनहरूबाट देखाई सक्दा पनि हामीले सो ऐनलाई समयसापेक्ष रूपमा संशोधन एवं सुधार गर्न सकेका छैनौं। यो आफैमा हाम्रो कानूनी प्रणालीमा रहेको विडम्बना नै हो। कानून समय सापेक्ष सुधार गर्न नसकेमा नेपालको अन्तिम संविधान, २०६३ ले परिकल्पना गरेको प्रणालीले विकसित रूप लिन सक्तैन। समयमा सरकारी मुद्दा सम्बन्धी ऐन जस्तो संवेदनशील एवं महत्वपूर्ण कानूनले परिमार्जन एवं आवश्यक संशोधन गर्न नसकेको अवस्थामा सरकार वादी हुने मुद्दाको सफलता र अनुसन्धान, अभियोजन एवं प्रतिरक्षा कमजोर हुन जान्छ। यसले देशमा दण्डहीनताको संस्कार सिर्जना गर्नमा थप मौका प्रदान गर्दछ र अपराध अनुसन्धान र अभियोजनको क्षेत्रमा काम गर्नेहरूको मनोबल घटाउँछ। त्यसैले लामो समयदेखि सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा सुधार र संशोधन गर्नु पर्ने भनी महान्यायाधिवक्ता कार्यालयबाट भएका सम्मेलन, गोष्ठीबाट पारित सुझाव र प्रस्तावहरूलाई एकीकृत गरी माहान्यायाधिवक्ताको कार्यालयको अगुवाईमा मौजुदा सरकारी मुद्दा सम्बन्धी ऐनमा सामयिक सुधार, परिमार्जन एवं संशोधन गरी सरकारी वकीलहरूलाई विना बाधा अवरोध काम गर्न र अन्तरिम संविधानले परिकल्पना गरेको नयाँ अभियोजन प्रणालीलाई संस्थागत एवं बलियो बनाउँदै लैजादा नै नयाँ नेपाल र अग्रगामी नेपाल निर्माण गर्नमा हामी सफल हुने छौं। अपराध अनुसन्धान एवं अभियोजन जस्तो संवेदनशील क्षेत्रसँग आबद्ध सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा रहेका कमी-कमजोरी एवं बदलिंदो समय अनुरूप समयसापेक्ष सुधार गर्न ढिलो भई सकेको छ। यसमा सबैको समयमा ध्यान जानुपर्ने देखिन्छ। कानूनमा समयसापेक्ष सुधार एवं संसोधन हुँदैमा पनि पर्याप्त हुने होइन। सोही अनुरूप कार्यान्वयन एवं प्रचलनमा ल्याउने निकायहरूलाई साधन, सीप एवं पूर्वाधार समेतबाट समयमा नै सुसम्पन समेत गरिनु पर्दछ। यसो हुनसके मात्र नेपाल अपराधीहरू रमाउने र अपराधीहरू मौजुदा प्रणालीसंग सिगौरा खेल्ने वातावरणलाई समयमा नै नियन्त्रण लिन सक्छौ। यसमा सबैको समयमा नै ध्यान जाओस्। यसैमा हामी सबैको कल्याण हुन्छ। यसले नै हाम्रो व्यवस्थित एवं परिपाटिगत अपराध अनुसन्धान एवं अभियोजन सम्बन्धी व्यवस्थाले मूर्त रूप प्राप्त गर्न सक्छ। अपराध अनुसन्धान एवं अभियोजनको

सफलता बलियो एवं विस्तृत कानून, दरिलो प्रणाली तथा सो प्रणालीलाई चल्न काम गर्न प्रयाप्त दक्ष जनशक्ति र सो दक्ष जनशक्ति परिचालन गर्न पर्याप्त मात्रामा साधन, स्रोत एवं राज्यको लगानी भएमा मात्र संभव हुन्छ । यसतर्फ हामी सबैको उचित एवं प्रयाप्त ध्यान जानु पर्ने आजको टड्कारो आवश्यकता हो ।

●●●

*(यो कार्यपत्र मिति २०६८।०८।१८ अभियोजन प्रशिक्षण केन्द्र, महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथद्वारा रा.प. द्वितिय र तृतीय श्रेणीका अधिकृतहरूको लागि सञ्चालित आधारभूत तालिम कार्यक्रमको लागि तयार पारिएको हो ।)*